सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ असार २०८०, मंगलबार (4 July 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ८२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

३२ वर्षदेखि थपिएन डाक्टरको दरबन्दी

■ ०४८ यता देशमा २८ वटा सरकार बने, तर नागरिकलाई सहज सेवा दिने गरी डाक्टरको संख्या थप्ने विषय कसैको प्राथमिकतामा परेन

एक हजार जनसंख्याबराबर एक डाक्टर हुनुपर्ने डब्लुएचओको मापदण्डअनुसार नेपालमा २९ हजार १६५ डाक्टर आवश्यक, तर सरकारी र निजीमा गरी ३२१२ मात्रै कार्यरत

मञ्जु टेलर/नयाँ पत्रिका

प्रजातन्त्र पुनर्स्थापनापछि ०४८ मा पहिलो निर्वाचित सरकार बन्दा देशमा डाक्टरको दरबन्दी १२ सय १२ थियो। ३२ वर्षपछि अहिले पनि संघीय सरकारअन्तर्गत डाक्टरको दरबन्दी त्यति नै छ। यसबीच देशले २८ वटा सरकार पायो, तर नागरिकलाई सहज सेवा दिने गरी डाक्टरको संख्या थप्ने विषय कसैको प्राथमिकतामा परेन।

जबकि, यही अवधिमा सेना र प्रहरीको संख्या दोब्बर बढेको छ भने निजामती कर्मचारीको दरबन्दी करिब ३३ हजार ३७८ ले थपिएको छ। गाउँका वडासदस्यदेखि सिंहदरबारका प्रधानमन्त्रीसम्म गरी राजकीय सुविधा लिने नेताको संख्या पनि ३६ हजारभन्दा धेरै छ।

संघ र प्रदेशको गरी हाल देशभर एक हजार नौ सय १६ चिकित्सकको दरबन्दी छ। यो संख्या पनि संघीयता लागू भएपछि प्रदेशले दरबन्दी खुलाएसँगै थपिएको हो। विभिन्न प्रदेशहरूले सात सय चार दरबन्दी थपेका हुन्। संघले त ३२ वर्षअघिकै दरबन्दी कायम राखेको छ। जबकि ०४८ मा देशको जनसंख्या एक करोड ८४ लाख ९१ हजार ९७ थियो भने अहिले दुई करोड ९१ लाख ६४ हजार ५७८ पुगिसकेको छ।

■ सम्पूर्ण स्वास्थ्य जनशक्तिको दरबन्दी पनि मापदण्डको २२.९ प्रतिशत मात्रै

■ स्वास्थ्यका ४२ विधामध्ये नौवटामा दरबन्दी नै छैन

स्वास्थ्य मन्त्रालयका अनुसार संघ र प्रदेशको दरबन्दीमा रहेकामध्ये एघारौँ तहका कन्सलट्यान्ट चिकित्सक दुई सय २४, नवौँ र दसौँ तहका विशेषज्ञ चिकित्सक आठ सय आठ र आठौँ तहका मेडिकल अफिसर आठ सय ८४ जना छन्। तर, स्वीकृत दरबन्दीअन्तर्गतका पनि सबै चिकित्सक बिरामीको सेवामा सक्रिय छैनन्। केन्द्रदेखि प्रदेशका स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य प्रतिष्ठान, अस्पताल र विभिन्न निकायमा प्रशासनिक काममा समेत ठूलो संख्यामा चिकित्सक आबद्ध हुँदा उपचारात्मक सेवा प्रभावित भइरहेको छ।

यसबाहेक, सरकारी दरबन्दीमा कार्यरत चिकित्सक अस्पतालमा उपचारात्मक सेवाभन्दा अस्पतालको मेसु र अन्य प्रशासनिक पदमा बस्न हानथाप गर्ने प्रवृत्तिका कारणसमेत स्वास्थ्य सेवा प्रभावित भइरहेको एक अधिकारी बताउँछन्। उपचारात्मक सेवामा चिकित्सकहरू सक्रिय नहुँदा शल्यक्रियालगायत उपचारका लागि सरकारी अस्पतालमा बिरामीहरू महिनौँसम्म लाइन बस्न बाध्य छन्।

» पृष्ठ ११ मा क्रमशः



वीर अस्पतालमा सेवा लिने सर्वसाधारणको भिड। फाइल तस्बिर

■ संघअन्तर्गत डाक्टरको दरबन्दी : १२१२

यीमध्ये ४९२ संघअन्तर्गतका स्वास्थ्य संस्थामा र ३३ स्थानीय तहमा कायम छन्। त्यस्तै, कोसी प्रदेशअन्तर्गत ८१, मधेसमा १०१, बागमतीमा ७४, गण्डकीमा ६८, लुम्बिनीमा १३२, कर्णालीमा ५५ र सुदूरपश्चिममा ६६ जना गरी नवौँ, दसौँ र एघारौँ तहमा ११०२ चिकित्सक छन्। त्यस्तै, आठौँ तहको होमियोपेथिक चिकित्सक ३, युनानी चिकित्सक ३, आयुर्वेदिक चिकित्सक १०३ र अकुपन्चर चिकित्सक १ गरी ११० जना छन्। यसबाहेक संघीयतामा गएपछि प्रदेशले खुलाएको दरबन्दीमा ७०४ चिकित्सक थपिएका छन्।

दरबन्दी खुलाउन स्वास्थ्यबाट बारम्बार सिफारिस भए पनि कारबाही अघि बढेको छैन



● **डा. रोशन पोखरेल**, सचिव, स्वास्थ्य मन्त्रालय

केही वर्षयता धेरै ठाउँमा कर्मचारी व्यवस्थापन सर्वेक्षण (ओएनएम) भएको थिएन। अहिले ओएनएम गरेर नयाँ दरबन्दीका लागि अर्थ र संघीय मामिला मन्त्रालयलाई पठाएका छौं। आवश्यकता पुष्टि गरेर नयाँ दरबन्दी खुलाउन समन्वय र सहमतिका लागि दुईवटै मन्त्रालय पठाएका हौं। तर, बारम्बार सिफारिस गरे पनि यसबारे कुनै कारबाही अघि बढ्न सकेको छैन।

जनशक्ति अभाव हुँदा नागरिकले पाउने सेवामा शतप्रतिशत असर गरिरहेको छ



● **डा. लोचन कार्की**, पूर्वअध्यक्ष, नेपाल चिकित्सक संघ

एक करोड ८५ लाख जनसंख्या हुँदा रहेको स्वास्थ्यकर्मीको दरबन्दीले नै दुई करोड ९२ लाख जनसंख्यालाई सेवा दिइरहेको छ, जसले सेवा प्रवाहमा शतप्रतिशत असर गरिरहेको छ। अझ धेरैजसो चिकित्सक प्रशासनिक काममा आबद्ध रहेको अवस्थामा मेडिकल अफिसरहरूको संख्या बढाउनुपर्ने हो। तर, मेडिकल अफिसर लेभलका स्वास्थ्यकर्मीसमेत नबढ्दा उपचारात्मक सेवामा जनशक्ति अझै न्यून छ। स्थानीय तहमै अहिले ७५३ आधारभूत अस्पताल निर्माणका क्रममा छन्। जसमा सेवा सञ्चालनमा ल्याउन भवनले मात्रै त पक्कै पुग्दैन, तर एउटा अस्पतालमा एउटा चिकित्सक राख्नलाई समेत अहिले चिकित्सकको दरबन्दी छैन।

०४८ यता निजामती कर्मचारीको दरबन्दी ३३ हजार ३७८ ले बढ्यो



पछिल्ला ३२ वर्षमा निजामती कर्मचारीको दरबन्दी करिब ३३ हजार तीन सय ७८ ले बढेको छ। प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन ०७० मा उल्लेख भएअनुसार ०४८ मा निजामतीको संख्या एक लाख दुई हजार ७४४ थियो। हाल त्यो एक लाख ३६ हजार एक सय २२ पुगेको राष्ट्रिय निजामती किताबखानाको पछिल्लो तथ्यांक छ। संघमा ५३ हजार पाँच सय ३१, सातै प्रदेशमा गरेर १७ हजार तीन सय २२ र स्थानीय तहहरूमा ६५ हजार दुई सय ६९ निजामती दरबन्दी छ। तर, सबै दरबन्दी पूर्ति भएको छैन।

नेपाली सेना र प्रहरीको संख्या पनि दोब्बर बढ्यो

०४८ यता सेनाको संख्या दोब्बर भइसकेको छ। ०४८ मा सेनाको दरबन्दी करिब ४५ हजार थियो, अहिले ९५ हजारआसपास छ। माओवादीसँग लड्न भन्दै एक्कासि सेनाको संख्या बढाइएको थियो। गरिब देशमा सेनाको संख्या ठूलो भएकाले कटौतीको बहस वेला-वेलामा उठे पनि सेनाले भने सबै जनशक्ति विभिन्न किसिमको जिम्मेवारीमा रहेकाले अहिलेको संख्या घटाउन नहुने अडान राख्दै आएको छ।



०४८ सालमा नेपाल प्रहरीको दरबन्दी करिब ४० हजार थियो। ०५२ सम्ममा त्यो संख्या करिब ५० हजार पुगेको तत्कालीन प्रहरी महानिरीक्षक मोतिलाल बोहरा बताउँछन्। देशमा सशस्त्र द्वन्द्व बढेसँगै सरकारले प्रहरीको दरबन्दी पनि बढायो। हाल नेपाल प्रहरीको संख्या ८० हजार पुगेको छ। प्रहरी कार्यालय विस्तार भइरहेकाले यो दरबन्दी पनि अपुग रहेको प्रहरी अधिकारी बताउँछन्। अन्तर्राष्ट्रिय मापदण्डअनुसार दुई सय जनताबराबर एक प्रहरीको अवधारण छ। हालको अनुपात एक प्रहरीबराबर तीन सय ६० जनता छन्।

त्यस्तै, ०५७ सालमा गठन भएको सशस्त्र प्रहरी बलमा ३७ हजार दरबन्दी छ। सीमा सुरक्षा र विपत् उद्धारमा सशस्त्रले भूमिका खेल्दै आएको छ।

रैथाने विश्वविद्यालय सञ्चालनको तयारी

रैथाने संस्कृति र सभ्यतालाई सम्बोधन गर्न अघि बढाइयो मौलिक सीप र कलामा आधारित विश्वविद्यालयको योजना

● **डा. मानबहादुर विश्वकर्मा**
अध्यक्ष, रैथाने शिल्पकला तथा सम्पदा प्रतिष्ठान



नेपालमा छरिएर रहेका संस्कृति र मौलिकतालाई यो विश्वविद्यालयले एकीकृत गर्छ। यो बहुसांस्कृतिक विश्वविद्यालयका रूपमा रहनेछ।

(विस्तृत पृष्ठ ३)

अर्थ पत्रिका

असार लागेपछि अत्यधिक बढ्यो खर्च

दैनिक करिब एक अर्ब पुँजीगत खर्च, १७ दिनमा ७५ अर्ब ८० करोड भुक्तानी

असारे भुक्तानीले थुप्रियो निक्षेप



गत शनिबारसम्म निक्षेप संकलन ५६ खर्ब आठ अर्ब पुगेको छ।

(विस्तृत पृष्ठ ९)

निर्वाचन कानुनमा व्यापक परिमार्जनसहित विधेयक तयार

कमलराज भट्ट/नयाँ पत्रिका



निर्वाचन आयोगले निर्वाचन व्यवस्थापन अझ बढी स्वच्छ, निष्पक्ष, सहज र प्रभावकारी बनाउन भन्दै 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' तयार पारेको छ। सोमबार आयोगको बैठकले निर्वाचन व्यवस्थापनसम्बन्धी छरिएका कानुन एकीकरण तथा पछिल्लो समय चुनावका क्रममा उठेका कानुनी अस्पष्टतालाई स्पष्ट गरेर एकीकृत कानुनको विधेयक स्वीकृत गरेको हो।

विधेयक गृह मन्त्रालयमार्फत संसद्मा पेस हुने आयोगले जनाएको छ। दुवै सदनमा छलफल, संशोधन भई विधेयक पारित भएपछि ऐनका रूपमा लागू हुनेछ। १४ पुस ०७८ मै सरकारले विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति प्रदान गरेको थियो।

आयोगले निर्वाचन सरोकारवालाहरूसँग सातवटै प्रदेश तथा केन्द्रमा छलफल एवं अन्तर्क्रिया गरी सुझाव संकलन गरेको थियो। यसका साथै

» पृष्ठ ११ मा क्रमशः

● कुल सदर मतको ५०%भन्दा बढी 'नो भोट' आए निर्वाचन रद्द

● विदेशमा बस्ने नेपालीको मताधिकार सुनिश्चित

● मतदानस्थलमै मतगणना

● प्रत्यक्षतर्फ कम्तीमा ३३% महिला उम्मेदवार बाध्यकारी

● समानुपातिकमा दुई कार्यकाल मात्रै सांसद बन्न पाउने

● निर्वाचन मिति र पदावधिसमेत ऐनमै किटान

● मतदानको दिन मतदाताको सहजताका लागि सार्वजनिक यातायातको व्यवस्थापन



● **दिनेश थपलिया**, प्रमुख निर्वाचन आयुक्त

कमीकमजोरी सच्याउन उठेको विषयलाई सबैको सहमतिमा समावेश गरिएको छ। राम्रा अन्तर्राष्ट्रिय अभ्यास समेटिएका छन्। नेतृत्व आयोगको तथा दायित्व र जिम्मेवारी सबैको भनेर प्रदेश र स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरी विकेन्द्रीकरणलाई जोड दिइएको छ। मतदानबाट कोही वञ्चित नहुन् भन्ने उद्देश्यले कार्यरत ठाउँमै वा विदेश जानुपर्ने भएमा अग्रिम मतदानको व्यवस्था गरेका छौं। समग्रमा निर्वाचनको निष्ठा सुनिश्चित गरिएको छ। यो दलहरूका लागि मार्गदर्शन बन्नेछ।

ललितानिवास जग्गा प्रकरण : थप दुई अभियुक्त पक्राउ

■ घटनामा संलग्नविरुद्ध प्रहरीले सरकारी छाप किर्ते र संगठित अपराधअन्तर्गत मुद्दा लगाउने तयारी गरिरहेको छ

काठमाडौं/ ललितानिवासको जग्गा हिनामिना प्रकरणमा प्रहरीले थप दुई अभियुक्तलाई पक्राउ गरेको छ। नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले नेपाल समरजंग कम्पनीका पूर्वअधिकृत रमेशकुमार पोखरेल र नक्कली मोही देवनारायण महर्जनलाई काठमाडौंबाट पक्राउ गरेको हो। गृह मन्त्रालयमातहतको समरजंग कम्पनीको नाममा ललितानिवासको धेरै जग्गा ल्याइएको थियो र सोही जग्गा पछि व्यक्तिका नाममा सारिएको थियो।

सिआइबीले आइतबार पनि काठमाडौं महानगरपालिका-४

» पृष्ठ ११ मा क्रमशः



२५ सयमा आवाससहित चारवर्षे स्नातक

चन्दा संकलन गरेर स्थापना गरिएको परमानन्द बहुमुखी क्याम्पसमा गुल्मी, अर्घाखाँची र रुपन्देहीका २९९ जना विद्यार्थी अध्ययनरत



धुर्कोट गाउँपालिका- ५ बस्तुमा सञ्चालित परमानन्द बहुमुखी क्याम्पस। २५ सयमा आवाससहित चारवर्षे स्नातक पढाइरहेको क्याम्पसले निःशुल्क पाठ्यपुस्तक, कम्प्युटरसहित शिक्षक सेवा, लोकसेवालगायत कक्षा सञ्चालन गरिरहेको छ। विभिन्न अक्षयकोष, आजीवन तथा विशिष्ट सदस्य शुल्क र सहयोगबाट संकलन भएको दुई करोड सात लाख क्याम्पसको मुद्दती खातामा छ, वार्षिक प्राप्त हुने करिब १५-१७ लाख ब्याजबाट क्याम्पस सञ्चालन भइरहेको क्याम्पस प्रमुख ऋषिराम पाण्डेयले जनाए।

गुल्मीमा **टोपलाल अर्याल**

गुल्मीको मालिका गाउँपालिका- ३ ह्वाङदीका २३ वर्षीय विष्णुप्रसाद घिमिरेले अर्खबाङ माविबाट प्लस टु उत्तीर्ण गरेपछि चिन्ता थपियो- अब स्नातक कसरी पढ्ने ? घरको आर्थिक अवस्था कमजोर भएकाले उनी स्नातक पढ्न सकिँदैन भन्ने सोचमा पुगेका थिए।

तर, दुई हजार पाँच सयमा चारवर्षे स्नातक पढ्न पाउने धुर्कोट गाउँपालिका- ५ बस्तुस्थित परमानन्द बहुमुखी क्याम्पसको विज्ञापन सुने। घर सल्लाह गरेर मानविकी संकाय स्नातक पहिलो वर्षमा भर्ना भए। उनी अहिले तेस्रो वर्षमा अध्ययनरत छन्।

नजिकैका सामुदायिक क्याम्पसमा मासिक शुल्क आठ सयदेखि १२ सयसम्म छ। तर, परमानन्दमा स्नातक पहिलो वर्षमा भर्नाबापत दुई हजार पाँच सय र रजिस्ट्रेसन फर्मको शुल्कबाहेक कुनै शुल्क तिर्न नपरेको उनले सुनाए। 'प्लस टुपछि वैदेशिक रोजगारीमा जान्थें होला। तर, परमानन्दमा निःशुल्कजस्तै पढ्न पाएको छु,' घिमिरेले भने। उनी क्याम्पसको होस्टेलमै बस्छन्। मासिक शुल्क, होस्टेल र लाइब्रेरीको पैसा तिर्नुपर्दैन। क्याम्पसका आफूसहित आठजना होस्टेलमा बस्दै आएको घिमिरेले बताए।

इस्मा गाउँपालिका-५ की २० वर्षीया विष्णु थापा पनि परमानन्द क्याम्पसमा भर्ना भएर होस्टेलमा बस्दै आएकी छिन्। उनले सदरमुकाममा रहेको रेसुंगा बहुमुखी क्याम्पसबाट प्लस टु उत्तीर्ण

» पृष्ठ ११ मा क्रमशः

ललितपुर र काठमाडौं महानगरका सडक गमलाका फूलले ढकमक्क बनाइँदै

शान्ति तामाङ/नयाँ पत्रिका

केही दिनयता काठमाडौं महानगरको बिजुलीबजार, बागबजार, वसन्तपुर दरबार क्षेत्रलगायतका सडक-किनारमा रातो रङ लगाएका सुन्दर गमला यत्रतत्र देख्न थालिएको छ। गमला मात्र होइन, यसमा विभिन्न किसिमका फूल पनि ढकमक्क फुलेका छन्। जसले काठमाडौंका सडक-किनार, फुटपाथ आकर्षक र सुन्दर देखिएका छन्।

काठमाडौं महानगरका अनुसार सहरी सौन्दर्य प्रवर्द्धन गर्नका लागि ती ठाउँहरूमा अघिल्लो शनिबारदेखि गमला राखी फूल फुलाउन थालिएको हो। 'सहरी सौन्दर्य प्रवर्द्धनका लागि फूल रोप्न थालेका हौं,' महानगरका प्रवक्ता नवीन मानन्धरले भने, 'महानगरभित्रका खाली ठाउँ, ठूला ठाउँ र वातावरणलाई टेवा दिनुपर्ने ठाउँ हेरेर फूल रोप्ने र फुलाउने काम गरिरहेका छौं।' उनका अनुसार ती ठाउँको प्रवर्द्धन र हेरचाह महानगरअन्तर्गत उद्यान तथा हरियाली आयोजनाले गर्नेछ।

काठमाडौं महानगरका मेयर साह (बालेन)ले हरियाली प्रवर्द्धनका लागि गत वर्ष उक्त आयोजना खडा गरेका थिए। आयोजनामा करारसहित एक सय ५० कर्मचारी छन्। महानगरका अनुसार आवश्यकता हेरेर फूल रोप्ने र सहरी सौन्दर्यतालाई प्राथमिकतामा दिइनेछ। महानगरको २८ नम्बर वडाअन्तर्गत बागबजार क्षेत्रमा करिब एक सयवटा गमलामा फूल रोपेर अभियान सुरु भएको हो।

■ ललितपुरका सडक एक वर्षअघिदेखि नै ढकमक्क

काठमाडौं महानगरले हालै मात्रै सहरी सौन्दर्य प्रवर्द्धन गर्न थाले पनि ललितपुर महानगरले भने एक वर्षअघि नै यसलाई नियमितता दिइरहेको छ। महानगरको जावलाखेलका दुई ठाउँमा पार्किङ हटाएर गमला राख्ने काम सफल भएपछि अन्य सात ठाउँमा गमलामा फूल रोपेर सहरी सौन्दर्यतालाई बढावा दिइरहेको छ।

हाल महानगरले जावलाखेलमा दुई ठाउँ, लगनखेल (बटुक भैरव), पुल्चोक (दमकल चोक) दायाँबायाँ दुई ठाउँ, मंगलबजार, सेन्ट सेभियर्स स्कुलआसपास गमलामा फूल रोपेर सहरी सौन्दर्यता प्रवर्द्धन गरिरहेको छ। ती ठाउँमा टहलिन र आराम गर्नका लागि बेन्चको समेत व्यवस्था गरेको छ।

ललितपुरको महानगरीय प्रहरी बल प्रमुख सीताराम हाछेथूका अनुसार जावलाखेलमा गमलामा फूल रोपेर राख्ने काम सफल भएपछि अन्य ठाउँमा पनि विस्तार गरिएको हो। 'मेयरसाबको निर्देशनअनुसार विभिन्न व्यक्ति तथा संस्थाले अकुपाई गरेको ठाउँ, निर्माण सामग्री राखिएका ठाउँ, गाडी र मोटरसाइकल पार्क गर्ने गरिएको ठाउँ, घरका विभिन्न सामान राख्ने ठाउँमा यस्तो गरिएको हो। पर्यटक धेरै आउने, मन्दिरमा आउने दर्शनार्थीको सुविधालाई हेरेर गमलामा फूल रोपेर सौन्दर्यकरण गर्ने काम भइरहेको छ।' नगर प्रमुख हाछेथूले भने, 'हामीले गमलामा फूल रोपेर राख्ने मात्र होइन, ती ठाउँमा बेन्च पनि राखेका छौं। केहीबेर आराम गर्न पनि मिल्छ। अहिले धेरै ठाउँमा कसैलाई कुर्नुपरे होटेलभित्रै बस्नुपर्ने अवस्था छ। त्यसैले बेन्चहरू पनि राखेका हौं।'उनका अनुसार ती ठाउँलाई भूकम्पजस्ता प्राकृतिक विपद्का वेला प्रयोग मिल्नेसमेत बनाइएको छ। 'विपद् आएमा बस्न पनि मिल्ने भयो। अस्थायी रूपमा राखिएका गमला, बेन्च सारेमा ती ठाउँ प्रयोग गर्न सकिने भयो। यी ठाउँले सुरक्षा दिने भयो। आँखाका लागि राम्रो भयो। वातावरणीय दृष्टिले राम्रो भयो। पुल्चोक, जावालखेलजस्ता रातो मत्स्येन्द्रनाथको रथयात्रका वेला प्रयोग गरिने ठाउँ सुन्दर हुँदा विदेशमा पनि राम्रो सन्देश जाने भयो,' उनले भने।

■ सात ठाउँमा एक सय २० वटा ठूला गमला

ललितपुर महानगरले गमलाका फूलमा हिउँदमा एक दिन बिराएर पानी हाल्ने गरेको छ। अन्य काम भने महानगरअन्तर्गत वातावरण शाखाले गर्दै आएको छ। महानगरका अनुसार विभिन्न ठाउँमा ७० वटा बेन्चसमेत राखिएको छ। 'सुरुमा गमला राख्दा गाडी, मोटरसाइकल पार्क गर्न बानी परेकाहरू आएका थिए। तर, ती ठाउँ सुन्दर र राम्रो देखिन थालेपछि आउन छाडेका छन्,' नगर प्रहरी प्रमुख हाछेथूले भने, 'हामीले सुरु गरेको यो काम सफल हुँदै गइरहेको छ। अन्य ठाउँमा पनि विस्तार गर्ने तयारीमा छौं। विभिन्न ठाउँबाट माग पनि आइरहेको छ।' काठमाडौं महानगरले सिमेन्टबाट बनेका गमलाहरूमा फूल रोपे पनि ललितपुरले प्लास्टिकको गमला प्रयोग गरेको छ। महानगरका अनुसार टिकाउ सुरक्षाका हिसाबले प्लास्टिकको गमला राखिएको हो। अहिलेसम्म गमला फुट्ने, बिरुवा हराउनेलगायत समस्या छैन।





● **नवीन मानन्धर**, प्रवक्ता, काठमाडौं महानगर

सहरी सौन्दर्य प्रवर्द्धन गर्नका लागि सडकमा गमला र फूल फुलाउन थालिएको हो। यसले महानगरभित्रका खाली ठाउँ सदुपयोग पनि भएको छ। वातावरणलाई टेवा दिनुपर्ने ठाउँ हेरेर फूल रोप्ने र फुलाउने काम गरिरहेका छौं। ती ठाउँको प्रवर्द्धन र हेरचाह महानगरअन्तर्गत उद्यान तथा हरियाली आयोजनाले गर्नेछ।



● **सीताराम हाछेथू**, प्रमुख, महानगरीय प्रहरी बल

एक वर्षअघि जावलाखेलमा गमलामा फूल रोपेर राख्दा सफल भएपछि अन्य ठाउँमा पनि विस्तार गरिएको हो। मेयरसाबको निर्देशनअनुसार विभिन्न व्यक्ति तथा संस्थाले अकुपाई गरेको ठाउँ, निर्माण सामग्री राखिएका ठाउँ, गाडी र मोटरसाइकल पार्क गर्ने गरिएका ठाउँ, घरका विभिन्न सामान राख्ने ठाउँमा यस्तो गरिएको हो। गमलामा फूल मात्रै रोपेका छैनौं, ती ठाउँमा बेन्च पनि राखेका छौं। पदैलयात्रीले आराम पनि गर्न सक्छन्।



काठमाडौं महानगरपालिकाले बिजुलीबजारस्थित आर्काब्रिजको पेटीमा राखेका गमला (माथि) र रामशाहपथमा राखिएका आकर्षक गमला। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

सोमबार उपत्यकामा

काभ्रेस्थली : अपहरण तथा जबर्जस्ती करणी मुद्दाका फरार प्रतिवादी दाङ साबिक उरहरी गाविस-८ घर भई काठमाडौं तारकेश्वर नगरपालिका-५ बस्ने ३१ वर्षीय नवीन बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। नवीन बस्नेतसमेतले एक महिलालाई १५ असार ०६७ राति तुलसीपुर नगरपालिका-५ नयाँ बसपार्कस्थित गेस्टहाउसबाट अपहरण गरेका थिए। अपहरणपछि तुलसीपुर नगरपालिका ५ र ९ को सिमानामा पर्ने पातुखोला बगरमा लगी सामूहिक बलात्कार गरेको भन्दै मुद्दा परेको थियो। सोही मुद्दामा सर्वोच्च अदालतले १० जेठ ०७९ मा ६ वर्ष कैद सजायको फैसला गरेको थियो। सजाय ठहर भएपछि प्रतिवादी बस्नेत फरार थिए। उनलाई केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जबाट खटिएको प्रहरीले काठमाडौं काभ्रेस्थलीबाट पक्राउ गरेको हो। फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा पेस गरिएको छ।

माइतीघर : सेवासुविधा वृद्धिसहित दरबन्दी कायम गर्न माग गर्दै दबाबमूलक कार्यक्रममा रहेका सामुदायिक विद्यालयका कर्मचारीले राजधानीको माइतीघरमा अनशन जारी राखेका छन्। उनीहरू २२ दिनदेखि अनशनमा छन्। विद्यालय कर्मचारीले गत २८ जेठदेखि अनशन थालेका हुन्। अनशनमा करिब ६० विद्यालयका कर्मचारी सहभागी रहेको विद्यालय कर्मचारी परिषद्का महासचिव शान्तिनाथ योगीले जानकारी दिए। अनशनरत कर्मचारीको स्वास्थ्यमा समस्या देखिन थालिसकेको उनले बताए।

ठिमी : राष्ट्रिय परीक्षा बोर्डले शैक्षिक सत्र ०७९ मा सञ्चालित माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा सार्वजनिक गर्ने अन्तिम तयारी सुरु गरेको छ। नतिजा प्रकाशनका लागि उत्तरपुस्तिकका परीक्षण, सम्परीक्षण, रुजु गर्ने काम सकेर नतिजा कम्प्युटरमा प्रविष्ट गर्ने काम भइरहेको बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले जानकारी दिए। 'असारको तेस्रो साताभित्र नतिजा प्रकाशन गर्ने कार्यतालिका छ। प्राविधिक काम मात्रै बाँकी छ,' उनले भने। सकेसम्म त्रुटि नहुने गरी नतिजा प्रकाशन गर्ने उनको भनाइ छ। 'जटिल प्राविधिक समस्या नआए २१ असारभित्र नतिजा सार्वजनिक गर्छौं,' उनले भने। एसइई परीक्षा गत १७ चैतदेखि सुरु भएको थियो। परीक्षामा देशभरका दुई हजार ३७ परीक्षा केन्द्रमा सामुदायिक र निजी विद्यालयका गरी १२ हजार ८३ विद्यालयका चार लाख ८५ हजार तीन सय ९६ विद्यार्थी सहभागी थिए।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०३८५
को

शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०३/१२ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७९/११/१५ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्रि हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना मिति २०८०/०३/०१ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०७/०३ मा दर्ता नं. १०६९५४/०६९/०७० कायम भई दर्ता भएको धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ९, जनकपुर स्थित **होटल सिटी पार्क प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. राम प्रसाद उपाध्यायको नाति, शम्भू प्रसाद ढुङ्गेल उपाध्यायको छोरा, धनुषा जिल्ला, भरतपुर वडा नं. १, स्थित स्थायी ठेगाना भएको **समिर ढुङ्गेल (ना.प्र.प.नं. १२८६५८८, धनुषा)**
२. शम्भू प्रसाद ढुङ्गेल उपाध्यायको बुहारी, समिर ढुङ्गेलको पत्नी, झापा जिल्ला, चन्द्रगढी गा.वि.स./न.पा वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **हेमता सुवेदी (ना.प्र.प.नं. १८६०१९२५, झापा)**
३. राम प्रसाद उपाध्यायको बुहारी, शम्भू प्रसाद ढुङ्गेल उपाध्यायको पत्नी, धनुषा जिल्ला, भरतपुर वडा नं. १, स्थित स्थायी ठेगाना भएको **विमला ढुंगेल (ना.प्र.प.नं. १२८८४५४, धनुषा)**

धितोमा रहेको सम्पतिको विवरण

होटल सिटी पार्क प्रा.लि. को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगातमा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ९ स्थित कित्ता नं. ६१, २१६, २१७, ८०, ११८ र १०६ को क्रमश : क्षेत्रफल ०-०-१५-२, ०-०-२-२, ०-०-१३-०, ०-०-१-१, ०-१-७-२ र ०-०-१-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०३/१२ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय जनकपुर, धनुषाबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०३/२५ गते सोमबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएको वा रीत नपुगेका वा शर्त राखि आएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०३/२६ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बोलपत्रदाता वा निजले लिखित रुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय जनकपुर, धनुषामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका
ऋणी तथा जमानीकर्तालाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना
प्रकाशित मिति : २०८०/०३/१९ (नयाँ पत्रिका)

यस बैंकबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरूले प्राप्त गर्नुभएको व्यक्तिगत, क्रेडिटकार्ड कर्जा तथा बैंकिङ सुविधा बापत यस बैंकसँग गर्नु भएको सम्झौताको शर्त बमोजिम समय समयमा यस बैंकलाई किस्ताबन्दी रूपमा तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नबुझाउनु भएको तथा सो कर्जाको साँवा तथा ब्याज रकम यस बैंकलाई तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रूपमा तरताकेता गर्दा समेत बेवास्ता गरि तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले तपाईँहरूले यस बैंकबाट प्राप्त गर्नु भएको सम्पुर्ण कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तान गर्न आउनु भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत : यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको बानेश्वर, काठमाण्डौ स्थित मुख्य कार्यालयको ऋण असुली विभागमा सम्पर्क राखी सो ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरिवाना, शुल्क आदि समेत चुक्ता फछ्र्यौट गर्न गराउन हुन सुचित गरिन्छ । अन्यथा, प्रचलित कानुन बमोजिम तपाँईहरूबाट कर्जा असुलीको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाउनुका साथै तपाँईहरूको तीन पुस्ते सहितको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौं ।

तपसिल

सि.नं.	ऋणीको नाम,थर र वतन	कर्जाको प्रकार
१.	**ऋणी:** श्री भवनाथ दाहालको नाती, श्री गोविन्द प्रसाद दाहालको छोरा ओखलढुङ्गा जिल्ला, अर्धेरी नारायणस्थान वडा नं. ५, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १ नारायणहिटी बस्ने वर्ष ३३ को **श्री सुवास दाहाल** (ना.प्र.न. १३१०१२/९६ जारी मिति २०६५/०७/०७, जि.प्र.का. ओखलढुङ्गा)	व्यक्तिगत कर्जा
२.	**ऋणी:** श्री तिलक राम घर्तीको नाती, श्री गणेश बहादुर घर्तीको छोरा दाङ जिल्ला, त्रिभुवननगर वडा नं. ७, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ९ गौचरन बस्ने वर्ष ३६ को **श्री प्रेम बहादुर घर्ती** (ना.प्र.न. ८३९५/३०७५, जारी मिति २०६१/१२/२३, जि.प्र.का. दाङ)	व्यक्तिगत कर्जा
३.	**ऋणी:** श्री प्रेम बहादुर घर्तीको नाती, श्री राम बहादुर घर्तीको छोरा तनँहु जिल्ला, क्यामिन वडा नं. २, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १ नारायणहिटी बस्ने वर्ष २७ को **श्री सन्तोष घर्ती** (ना.प्र.न. ४३-०१-७२-००८९५, जारी मिति २०७२/०२/१७, जि.प्र.का. तनँहु)	व्यक्तिगत कर्जा
४.	**ऋणी:** श्री मेवालाल थारूको नाती, श्री नन्द किशोर थारूको छोरा बाँके जिल्ला, वैजनाथ वडा नं. ८, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १ नारायणहिटी बस्ने वर्ष ३९ को **श्री सन्त कुमार थारू** (ना.प्र.न. १४००९ जारी मिति २०६०/०१/१७, जि.प्र.का. बाँके)	व्यक्तिगत कर्जा
५.	**ऋणी:** श्री खम्बु मल्लको नाती, श्री नर बहादुर मल्लको छोरा बर्दिया जिल्ला, गुलरीया वडा नं. १, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ११ गौचरन बस्ने वर्ष ३२ को **श्री भुपेन्द्र मल्ल** (ना.प्र.न. ६५१००१/२२८०, जारी मिति २०६७/०४/०९, जि.प्र.का. बर्दिया)	व्यक्तिगत कर्जा
६.	**ऋणी:** श्री बल बहादुर खत्री पौडेलको नाती, श्री खिम खत्री पौडेलको छोरा प्युठान जिल्ला, चुजा वडा नं. ६, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २ दरबारमार्ग बस्ने वर्ष २८ को **श्री नारायण पौडेल** (ना.प्र.न. ५३-०३-६९-००५१७, जारी मिति २०६९/०६/२५, जि.प्र.का. प्युठान)	व्यक्तिगत कर्जा
७.	**ऋणी:** श्री मान बहादुर थापा मगरको नाती, श्री मोहन बहादुर थापा मगरको छोरा सिराहा जिल्ला, धनगढीमाई वडा नं. २, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.१ लाजिम्पाट बस्ने वर्ष २६ को **श्री मान बहादुर थापा मगर** (ना.प्र.न. १५-०१-७१-०१३४२,जारी मिति २०७१/०२/२३, जि.प्र.का. सिराहा)	व्यक्तिगत कर्जा
८.	**ऋणी:** श्री दल बहादुर मर्साङ्गीको नाती, श्री अमर बहादुर मर्साङ्गीको छोरा सुर्खेत जिल्ला, पोखरीकाँडा वडा नं. ६, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३३ एयरपोर्ट बस्ने वर्ष ३७ को **श्री सन्त बहादुर मर्साङ्गी** (ना.प्र.न. ६१८५३/११३, जारी मिति २०६०/०२/१९, जि.प्र.का. सुर्खेत)	व्यक्तिगत कर्जा
९.	**ऋणी:** : श्री देवी बहादुर अधिकारीको नाती, श्री फणिन्द्र बहादुर अधिकारीको छोरा गोरखा जिल्ला, भिरकोट वडा नं. ७, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १ नारायणहिटी बस्ने वर्ष ४१ को **श्री दिपक अधिकारी** (ना.प्र.न. ७७७०८, जारी मिति २०५७/०४/०६, जि.प्र.का. गोरखा)	व्यक्तिगत कर्जा
१०.	**ऋणी:** श्री सुकराम वि.क.को नाती, श्री विर्ष बहादुर कामीको छोरा दाङ जिल्ला, घोराही वडा नं. ८, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १ लैनचौर बस्ने वर्ष ३१ को **श्री राज बहादुर वि.क.** (ना.प्र.न. ५२१०२०/५५३३, जारी मिति २०६८/०२/२२, जि.प्र.का. दाङ)	व्यक्तिगत कर्जा
११.	**ऋणी:** श्री मधु घलेको छोरा, साबिक काठमाण्डौ जिल्ला, नर्गाजुन न.पा वडा नं ०६ रामकोट, स्थायी ठेगाना भई हाल ऐ ऐ ऐ, बस्ने ना.प्र.न. ९०५० (जारी मिति २०६१।११।०३, काठमाण्डौ) भएका वर्ष ३६ को **श्री रबिन घले**	क्रेडिटकार्ड कर्जा

रैथाने विश्वविद्यालय सञ्चालनको तयारी

रैथाने संस्कृति र सभ्यतालाई सम्बोधन गर्न अघि बढाइयो मौलिक सीप र कलामा आधारित विश्वविद्यालयको योजना



● **डा. मानबहादुर विश्वकर्मा**, अध्यक्ष, रैथाने शिल्पकला तथा सम्पदा प्रतिष्ठान

नेपालमा छरिएर रहेका संस्कृति र मौलिकतालाई यो विश्वविद्यालयले एकीकृत गर्छ। यो बहुसांस्कृतिक विश्वविद्यालयका रूपमा रहनेछ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

रैथाने सीप र प्रविधिको सस्थागत विकासका लागि सरकारले रैथाने विश्वविद्यालय सञ्चालनको तयारी गरेको छ। हाल मुलुकमा स्थापित विश्वविद्यालयले रैथाने सीप, कला र संस्कृतिलाई सम्बोधन गर्न नसकेको भन्दै मौलिक ज्ञान, कला, सीप, संस्कृति र सम्पदा जगेर्ना गर्न यस्तो विश्वविद्यालय सञ्चालनको तयारी गरिएको हो।

विश्वका धेरै देशले आफ्नो देशको मौलिकता र रैथाने संस्कृतिमा आधारित विश्वविद्यालय सञ्चालन गरिरहेका छन्। तर, नेपालमा भने त्यसको अभ्यास सुरु भएको छैन। हाल अमेरिका, युरोपेली मुलुक र छिमेकी देश भारतमा पनि रैथाने सीपसँग सम्बन्धित विश्वविद्यालय सञ्चालनमा छन्। सोही विषयलाई आत्मसात् गर्दै नेपालका रैथाने विषयको प्रवर्द्धन र जगेर्ना गर्न सरकारले रैथाने विश्वविद्यालयको अवधारणा अघि सारेको हो।

नेपाल हाल स्वदेशी ज्ञान, सीप, संस्कृति र समग्र सम्पदामा धनी मानिए पनि यसमा केन्द्रित प्राज्ञिक संस्था स्थापना हुन सकेका छैनन्। अहिले नेपालमा भइरहेको आधारभूत र उच्च शिक्षा आयातीत ज्ञानबाट सुरु भएको पाइन्छ। यी विश्वविद्यालयले रैथाने संस्कृति र सभ्यतालाई सम्बोधन गरेको पाइन्न। सोहीकारण रैथाने सीप र कलामा आधारित विश्वविद्यालयको योजना अघि बढाइएको हो। नेपालमा तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले बालबालिकालाई अंग्रेजी पढाउने उद्देश्यले औपचारिक रूपमा प्राथमिक शिक्षाको सुरुवात गरेका थिए। नेपालमा पहिलो उच्च शैक्षिक संस्था त्रिचन्द्र कलेजमा सन् १९१९ मा कोलकाता र पटना विश्वविश्वविद्यालयका पाठ्यक्रम निर्धारण गरिएका थिए। त्यसपछि त्रिभुवन विश्वविद्यालयको स्थापनापछि आधुनिक शिक्षा दिन थालिएको हो। बाह्य शिक्षाको क्रेज बढ्दै गइरहे पनि नेपालकै आफ्नै मौलिक कला, संस्कृति र सीपलाई शिक्षामा समेट्न सकिएको छैन।

रैथाने विश्वविद्यालय सञ्चालनका सम्बन्धमा गत ९ चैतमा रैथाने शिल्पकला तथा सम्पदा प्रतिष्ठानकै पहलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा मन्त्रीस्तरीय बैठक बसेको थियो। बैठकले रैथाने शिल्पकला तथा संस्कृति विश्वविद्यालय स्थापना सम्भाव्यता अध्ययनका लागि २० चैतमा पाँच सदस्यीय रैथाने शिल्पकला तथा संस्कृति विश्वविद्यालय अध्ययन समिति गठन गरेको थियो। पूर्वसचिव तथा प्रतिष्ठानका अध्यक्ष डा. मानबहादुर विश्वकर्माको संयोजकत्वमा बनेको समितिमा राजन मुकारुङ, भोगीराज गिरी, गीता चौधरी, डा. सुरेश श्रेष्ठ सदस्य छन्। अध्ययन समितिका संयोजक विश्वकर्माका अनुसार यो विश्वविद्यालय सबै जातजाति, समुदायका आफ्नो मौलिकता र रैथाने वस्तु खोज्ने, त्यसमा रोजगार दिने र जगेर्ना गर्ने विश्वविद्यालयका रूपमा रहनेछ। 'नेपालमा छरिएर रहेका संस्कृति र मौलिकतालाई यो विश्वविद्यालयले एकीकृत गर्छ,' विश्वकर्माले भने, 'यो बहुसांस्कृतिक विश्वविद्यालयका रूपमा रहनेछ।' उनले यो विश्वविद्यालयले रोजगार सिर्जना गर्ने भएकाले वैदेशिक रोजगारमा जानेहरूको संख्या पनि घट्न सक्ने दाबी गरे।

समितिले २९ जेठमै त्यसबारे अध्ययन गरेर संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीलाई प्रतिवेदन बुझाइसकेको छ। अध्ययन प्रतिवेदनले 'आफ्नो माटो चिनौं, रैथानेमा गर्व गरौं' भन्ने नारासहित विश्वविद्यालयको आवश्यकता, औचित्यता र महत्त्वबारे अध्ययन गर्दै स्थापना गर्नुको औचित्यसमेत रहेको निष्कर्ष निकालेको छ। 'यस्तो प्रकारको विश्वविद्यालयले मानव विकासको नोक्सानीलाई दिगो रूपमा अन्त्य गर्ने तथा मुलुकको मौलिक सीप, कला, ज्ञान, संस्कृति र सम्पदाको जगेर्ना गर्ने शिक्षा प्रणालीको खाँचो पूरा गर्नेछ,' समितिले तयार पारेको अध्ययन प्रतिवेदनको निष्कर्षमा भनिएको छ,' यसले विभिन्न समुदायगत तथा विधागत रूपमा माग गरिएका विश्वविद्यालयहरूको एकमुस्ट सम्बोधन गर्नेछ।'



पर्यटनमन्त्री सुदन किराँतीलाई रैथाने विश्वविद्यालय सञ्चालनसम्बन्धी अध्ययन प्रतिवेदन बुझाउँदै रैथाने शिल्पकला तथा सम्पदा प्रतिष्ठानका पदाधिकारी।

के हो रैथाने विश्वविद्यालय ?

रैथाने विश्वविद्यालय नेपाली मौलिकता खोज्ने र त्यसमै आत्मनिर्भर गराउने विश्वविद्यालय हो। कुनै पनि ठाउँको पहिलेदेखिको वा पुरानो वस्तु वा बासिन्दालाई रैथाने भनिन्छ। नेपालमा आदिमकालमा विकास भएका मानव समूह, पशुपक्षी तथा वनस्पति र सभ्यता विकासका क्रममा सिर्जित भएका ज्ञान, कला, सीप, संस्कृति र प्रणालीलाई यस्तो विश्वविद्यालयले अध्ययन तथा पठनपाठनको विषय र क्षेत्र बनाउनेछ। साथै, नेपालको विभिन्न क्षेत्रमा बसोवास गर्ने जातजाति, समुदाय र उनीहरूसित सम्बन्धित मौलिक, ज्ञान, कला, सीप, संस्कृति, भाषा, सभ्यता आदि विषयलाई विश्वविद्यालयमा अध्ययन तथा अनुसन्धानको विषय बनाइनेछ। सरकारले यसअघि ०६७ मा राष्ट्रिय संस्कृति नीति, २०७५ मा उच्च शिक्षा आयोगको प्रतिवेदन र राष्ट्रिय शिक्षा नीति ०७६ मा रैथाने शिल्पकला तथा संस्कृति विश्वविद्यालय स्थापना गर्ने व्यवस्था गरिएको छ। त्यसलगत्तै सरकारी निकायले त्यससँग सम्बन्धित विश्वविद्यालय सञ्चालनका लागि जानकार तथा सरोकारवालाहरूसँगको छलफल र बैठकपछि रैथाने शिल्पकला तथा सम्पदा प्रतिष्ठान नाम राखी विश्वविद्यालय स्थापानका लागि दबाब दिँदै आएका थिए।

■ यसरी सञ्चालन हुनेछ विश्वविद्यालय

रैथाने विश्वविद्यालय समुदायमा आधारित गुठियारी ढाँचामा स्थापना हुनेछ। जसमा केन्द्र, प्रदेश र स्थानीय सरकारसँगै विभिन्न सामुदायिक संघसंस्था, व्यक्ति र व्यावसायिक प्रतिष्ठानहरूले यसलाई चलाउन सक्नेछन्। यो विश्वविद्यालयअन्तर्गत हरेक प्रदेशमा एक विभाग वा महाविद्यालय सञ्चालन गरिनेछ। त्यस्तै, स्थानीय तहमा रैथाने शिल्पकला तथा संस्कृति सिकाइ केन्द्रहरू स्थापना हुनेछन्। त्यहाँ सम्बन्धित रैथाने समुदाय सिकाइको मुख्य स्रोत हुनेछन्। ती समुदायका अगुवा वा अभ्यासकर्ता यसको आधारभूत स्रोतव्यक्ति पनि हुनेछन्। यो विश्वविद्यालय स्थापना भएर शिक्षण सिकाइ कार्य सुरु भएपछि 'रमाउँदै सिक्दै, सिक्दै कमाउँदै'को अवधारणा अबलम्वन गरिनेछ। यो विश्वविद्यालयले अन्य विश्वविद्यालयले जसरी सैद्धान्तिक ज्ञानभन्दा पनि नियमित कार्यशाला र मूल्यांकन विधिबाट पढाउनेछ। यसमा सीप तथा सामर्थ्यका आधारमा विद्यार्थीको मूल्यांकन हुनेछ।

■ राष्ट्रिय सभाबाट नेपाल विश्वविद्यालय विधेयक पारित

राष्ट्रिय सभाले 'नेपाल विश्वविद्यालय विधेयक- २०७९' पारित गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले सोमबार सो विधेयक पारित गरियोस् भनी राखेका प्रस्ताव बहुमतले पारित गरेको हो। बैठकमा सांसदहरूले आवश्यकता र औचित्यका आधारमा मात्रै थप विश्वविद्यालय खोल्न सरकारलाई सुझाव दिएका छन्।



त्रिचन्द्रका ४५० प्राध्यापक र कर्मचारीले पाएनन् वृद्धि भएको तलब

नयाँ पत्रिका



● **प्रा.डा. सुनील अधिकारी**, क्याम्पस प्रमुख, त्रिचन्द्र क्याम्पस

हामीले त्रिवि रजिस्ट्रार कार्यालयसँग बजेट माग गरेका थियौं, तर दिइएन। रजिस्ट्रार कार्यालयले पनि सरकारले निकासा नभएपछि छुट्याउन नसकेको जनाएको छ।

त्रिचन्द्र क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारी एक वर्षदेखि सरकारले वृद्धि गरेको तलब सुविधा पाउनबाट वञ्चित छन्। क्याम्पस प्रशासनको लापरबाहीका कारण शिक्षक र कर्मचारी गरी झन्डै ४५० जनाले सरकारले आर्थिक वर्ष ०७९/८० मा वृद्धि गरेको १५ प्रतिशत तलब सुविधा नपाएका हुन्।

सरकारले घोषणा गरेको तलब वृद्धि सबै सरकारी निकायमा अनिवार्य लागू हुनुपर्ने हो। तर, यस क्याम्पसमा भने प्रशासनको गम्भीर लापरबाहीले कर्मचारी र प्राध्यापक तलब सुविधाबाट वञ्चित भएका छन्। त्रिचन्द्र क्याम्पस एकाइ समितिका अनुसार क्याम्पस प्रशासनले केन्द्रबाट बजेट नआएको बहाना बनाउँदै शिक्षक र कर्मचारीलाई टार्दै आइरहेको जनाएको छ।

समितिले सोमबार विज्ञप्ति जारी गर्दै प्राध्यापक तथा कर्मचारीलाई तलब नदिएर शोषण गरेको आरोप लगाएको छ। 'लामो समयसम्म पारिश्रमिक पाउन नसकेकाले प्राध्यापक एवं कर्मचारी वर्ग निराश भएको अवस्था छ,' विज्ञप्तिमा भनिएको छ, 'प्राध्यापक एवं कर्मचारीले श्रम गरेबापत नियामनुसार नियमित रूपमा पाउनुपर्ने पारिश्रमिक नपाउनु उनीहरूको नैसर्गिक अधिकारको बर्खिलाप ठहरिन्छ।'

सरकारले बढाएको १५ प्रतिशत तलब खुवाउन साढे चार सय कर्मचारीका लागि पाँच करोड हाराहारी तलब चाहिन्छ। तर, यो रकम क्याम्पस प्रशासनसँग छैन। क्याम्पस प्रमुख प्रा.डा. सुनील अधिकारीले त्रिवि रजिस्ट्रार कार्यालयले बजेट नदिँदा कर्मचारीलाई बढतलब खुवाउन नसकिएको बताए। 'हामीले रजिस्ट्रारसँग बजेट माग गरेका थियौं,' उनले भने, 'तर दिइएन, रजिस्ट्रार कार्यालयले पनि सरकारले निकासा नभएपछि छुट्याउन नसकेको जनाएको छ।'

क्याम्पसमा कार्यरत तीन सय पूर्णकालीन शिक्षक र डेढ सय कर्मचारीले वृद्धि भएको रकम पाउन सकेका छैनन्। यसबाहेक त्रिचन्द्रमा दुई सयभन्दा बढी आंशिक शिक्षक छन्। तर, आंशिक शिक्षकले पनि नियमित पाउनुपर्ने पारिश्रमिक पाएका छैनन्। उनीहरूको आठ महिनादेखिको तलब सुविधा रोकिएको छ।

■ २१ असारमा पठनपाठन रोक्ने

प्रशासनले तलब नदिएर शोषण गरेको भन्दै त्रिचन्द्रका सबै शिक्षकले २१ असारमा पेन डाउन गरी पठनपाठन रोक्ने तयारी गरेका छन्। क्याम्पस प्रशासन अव्यवस्थित भएकाले दबाबमूलक कार्यक्रम गर्न लागिएको समितिका सभापति टीकाराज जैसीले बताए। वृद्धि भएको तलब पाउन नसक्नु दुःखद रहेको बताउँदै उनले दबाबमूलक कार्यक्रम गर्न लागिएको उनको भनाइ छ। जैसीले २१ असारमा त्रिविको प्रयोगात्मक परीक्षा अवरोध नहुने गरी पेन डाउन गर्ने र पठनपाठन रोक्ने तयारी रहेको बताए। 'नियमित र पाउनुपर्ने सुविधा नपाउनु दुःखको कुरा हो,' उनले भने, 'क्याम्पस प्रशासनले हेपेको हो, प्रशासनले केन्द्रबाट बजेट नआएको भन्दै टार्दै आइरहेको छ, यसमा हाम्रो कर्मचारी र शिक्षकको दोष होइन, प्रशासनकै हो।'

०३० देखि त्रिचन्द्र क्याम्पस त्रिविको आंगिक क्याम्पसको रूपमा रहेको छ। यो क्याम्पस त्रिविभन्दा ४१ वर्ष जेठो क्याम्पस मानिन्छ। तर, सरकारले बेवास्ता गर्दा त्रिचन्द्रको व्यवस्थापन भद्रगोल बनेको छ। त्रिचन्द्रमा हाल मानविकी र विज्ञान संकायका गरी विद्यार्थी नौ हजार पाँच सय विद्यार्थी छन्। विद्यार्थी संख्या धेरै भएपछि दैनिक तीन सिफ्टमा पठनपाठन सञ्चालन हुँदै आइरहेको छ।

भ्रष्टाचारका ठूला फाइल केही दिनमै खोलिनेछन् : प्रधानमन्त्री

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भ्रष्टाचारका ठूला फाइल केही दिनमै खोलिने बताएका छन्। माओवादीको युवा संगठन वाइसिएलको केन्द्रीय कार्यालयका नेता र इन्चार्जसँग सोमबार प्रचण्डले भ्रष्टाचारका अन्य फाइल पनि खोलिने बताएका हुन्।

भ्रष्टाचार निवारण र सुशासनको पक्षमा कोही कसैसँग पनि सम्झौता नगर्ने र विगतका सबै काण्डको छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउने उनले बताए। सुशासनका पक्षमा नयाँ ढंगबाट अघि बढेको उनको दाबी छ। 'प्रतिगामी र पुनरुत्थानवादीविरुद्ध अहिलेको सत्तारूढ गठबन्धन बनेको हो। सुशासन र समृद्धिको यात्रामा सरकार अगाडि बढेको छ। सरकार रहला नरहला चिन्ता छैन। यो त कास्टिङ मात्रै हो। भ्रष्टाचारका अरू फाइल पनि खुल्दै छन्,' प्रधानमन्त्री प्रचण्डको भनाइ उद्धृत गर्दै वाइसिएल अध्यक्ष सुबोध शेर्पालीले भने।

सुशासन र समृद्धिको यात्रामा युवाप्रति आफूले भरोसा गरेको प्रचण्डले बताएका छन्। अहिलेको गतिले नपुग्ने भन्दै उनले वाइसिएललाई युवा जोस र जाँगरका साथ अघि बढ्न निर्देशन दिएका छन्। सरकारको राम्रो कामको प्रचारमा लाग्न पनि उनले आग्रह गरे। माओवादीको युवा संगठन वाइसिएलको केन्द्रीय कार्यालयका नेता र इन्चार्जसँग प्रचण्ड करिब २ घन्टा खुलेर प्रस्तुत भएका थिए। उनले सरकारको काम, पार्टी निर्माण र युवाको भूमिकाबारे विस्तृत रूपमा बताएका थिए।

वाइसिएल इन्चार्ज रामप्रसाद सापकोटाका अनुसार प्रचण्डले पार्टी एजेन्डाको रक्षा गर्नका लागि आफूले यसपटक प्रधानमन्त्रीमा जोड गरेको बताए। 'पार्टी विभाजन हुँदा हाम्रो एजेन्डामा अरूले अपनत्व लिए। भ्रष्टाचारी नै भ्रष्टाचारविरोधीजस्ता देखिन खोजे। नयाँ भनिएकाको पनि अवस्था देखियो। हामी नयाँ ढंगले अगाडि बढ्नुको विकल्प छैन। जनताको अवस्था बदल्न, भ्रष्टाचार निवारण गर्न र सुशासन कायम गर्न सरकारले अहिले क्रान्ति नै सुरु गरेको हो। हामी हाम्रा एजेन्डा स्थापित गरिछाड्छौं।' प्रचण्डको भनाइ उद्धृत गर्दै सापकोटाले भने 'देश र जनताको पक्षमा काम गर्दा संकटमा पुगे पनि ठीकै छ। राजनीतिक परिवर्तनलाई संस्थागत गर्न पनि जनताको अवस्था बदल्दैपर्छ।'



सरकार स्पष्ट दृष्टिकोणका साथ प्रस्तुत भएको भन्दै प्रचण्डले भ्रष्टाचारलाई कुनै पनि रूपमा संरक्षण नगर्ने बताए। सापकोटाले सरकारले चालेका जनपक्षीय कदमलाई जनतासम्म पुऱ्याउने गरी अगाडि बढ्ने बताए। 'सरकारका जनपक्षीय कामको रक्षा, नयाँ विचार, नयाँ संस्कार र संस्कृतिका साथ पार्टी निर्माण सम्भव छ भन्ने गहिरो अनुभूति भयो,' सापकोटाले भने। जनतातिर फर्किने सरकार र पार्टीको रूपमा स्थापित गर्ने उनले बताए। उनले माओवादी पृष्ठभूमिका शक्तिहरूसँग एकता र अन्य वामसमाजवादी शक्तिसँग कार्यगत एकताको नीति लिएको पनि बताए।

प्रचण्डले आफ्नो पृष्ठभूमि बताउँदै युवा विचार, राजनीतिक र संगठनात्मक परिपक्व हुँदै नेतृत्वका लागि तयार हुनुपर्ने बताए। मोहनविक्रम सिंहबाट आफूले नेतृत्व लिएजसरी नै युवालाई नेतृत्व दिन तयार रहेको उनले बताए। 'विचार, राजनीतिक र सांगठनिक रूपमा युवा तयार हुनुपऱ्यो। जसरी मैले युवा अवस्थामा नेतृत्व लिएँ, मलाई देखेर मोहन विक्रमसिंहले नेतृत्व हस्तान्तरण गर्नुभयो। त्यसैगरी म नेतृत्व युवालाई हस्तान्तरण गर्न तयार छु। तर, त्यसका लागि युवा तयार हुनुपर्छ,' प्रचण्डको भनाइ उद्धृत गर्दै सापकोटाले भने।

'एमालेलाई सरकारमा जान नदिने प्रयास भएको छ'

काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले आफ्नो पार्टीलाई सरकारमा जानबाट रोक्न विभिन्न प्रयास भइरहेको बताएका छन्। भक्तपुरमा सोमबार ज्येष्ठ नागरिक आश्रम उद्घाटन गर्दै उनले आफ्नो पार्टीको विकास नीतिबाट डराएर सरकारमा जान रोक्ने काम भइरहेको बताए।

'हामी देश समृद्ध होस्, जनता सुखी रहून् भन्ने उद्देश्यका साथ सधैं काम गरिरहन्छौं, त्यसैले यस्ता कुरा देखेपछि कतिपयलाई हामीलाई सरकारमा पुग्न नदिन केही न केही उपाय गर्नैपर्छ,' ओलीले भने, 'किनभने यी काम गर्नुको अर्थ उनीहरूको कारोबार बन्द हुन्छ। त्यसकारण केही मान्छे सधैं पछि लाग्छन्।'



मुलुकलाई एमालेले नै तीव्र विकासको गतिमा अगाडि बढाएको दाबी गर्दै उनले हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, मध्यपहाडी राजमार्गमार्फत सिंगो देशलाई जोड्ने काम गरेको बताए। ओलीले पूर्वदेखि पश्चिमसम्म जनताको अवस्था बुझ्न आफूले आगामी मंसिर एक महिना मध्यपहाडी राजमार्गमा यात्रा गर्ने कार्यक्रम तय गरेको पनि जानकारी दिए। 'हुलाकी बाटो, मदन भण्डारी राजमार्ग, मध्यपहाडी राजमार्गलाई एमालेले नै दुई लेनको नयाँ राजमार्ग बनाएको हो। जनताको अवस्था बुझ्न मंसिरको अन्तिमतिरबाट पश्चिमबाट सुरु गरेर पहाडैपहाडको बीचमा एक महिने कार्यक्रम तय गरेको छु,' ओलीले भने।

हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झ्यालबास, नवलपरासी (व.सु.पूर्व)
गण्डकी प्रदेश, नेपाल

प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०३/१५)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत यस हुप्सेकोट गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रका लागि आवश्यक प्राविधिक सहायक १ (एक) पद खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि तपशिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

क्र.स.	विज्ञापन नं.	पद	तह	आवश्यक संख्या	कैफीयत
१.	५-२०७९/०८०	प्राविधिक सहायक	स्थानीय सेवाको सहायक पाचौं तह सरह	(१) एक	

१) **आवश्यक न्यूनतम योग्यता र अनुभव:-**
क) सिभिल ईन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको।
ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
ग) कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको ।
घ) पूर्वाधार निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्रयता दिईनेछ।

२) **दरखास्त दिने स्थान :** हुप्सेकोट गाउँ कार्यपालिकाको कार्यालय, भ्यालबास, नवलपरासी (व.सु.पूर्व)
३) **आवेदन दिने अन्तिम मिति :** २०८०/०४/०२ गते कार्यालय समय भित्र।
४) **आवेदन दस्तुर :** रु ५००।- (रु पाँच सय मात्र।)
५) **छनौटको किसिम :** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, लिखित परीक्षा र कम्प्युटर प्रयोगात्मक परीक्षा।
६) **परीक्षा पाठ्यक्रम :** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को अनुसूचि-५ बमोजिम
७) **आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु :** आवेदकले स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपहरु
● नेपाली नागरिकताको प्रमाणपत्र
● न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र (लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र)
● तालिमको प्रमाण पत्र र अनुभव भए सोको कागजात
● आधारभूत कम्प्यूटर तालिमको प्रमाणपत्र
● २ प्रति पासपोर्ट साईजको फोटो
८) **सेवा सुविधा तथा अन्य :** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

■ अदालतका कर्मचारी र बारबीच तिक्तता

सोमबार पनि अदालतमा सुनुवाइ रोकियो

काठमाडौं/ कर्मचारी र कानुन व्यवसायीबीच तिक्तता बढेपछि सोमबार पनि अदालतमा सुनुवाइ रोकिएको छ। जिल्ला अदालत ललितपुरमा शुक्रबार नायब सुब्बा प्रेमिका तामाङमाथि अधिवक्ता अमिर लामिछानेले गरेको कुटपिटका कारण बार र अदालत प्रशासन दुवै आन्दोलित भएका हुन्।

आइतबार नेपाल बार एसोसिएसनले सूचना जारी गर्दै सोमबार देशभरका अदालतमा बन्दीप्रत्यक्षीकरणबाहेकका मुद्दामा सुनुवाइ नगर्ने निर्णय गरेको थियो। जसअनुसार देशभरका अदालतमा सुनुवाइ प्रभावित बनेको हो। विशेष अदालतमा पनि थुनछेक आदेश मात्र भएका छन्। बारको तर्फबाट पत्र आएका कारण पेसी स्थगित भएको विशेष अदालतले जनाएको छ। सर्वोच्च अदालतमा समेत बन्दीप्रत्यक्षीकरणबाहेकका मुद्दा हेर्न नभ्याइनेमा परेका छन्। अन्य सामान्य प्रकृतिका निवेदनउपर भने सर्वोच्चले कारबाही अघि बढाएको छ।

शुक्रबार दिउँसो साढे ४ बजे ललितपुर जिल्ला अदालतकी नायब सुब्बा तामाङमाथि अधिवक्ता लामिछानेले हातपात गरेको उनको दाबी छ। अदालतमा रहेको कागजात हेर्न खोज्दा लामिछानेलाई आफूले नदिएको र सोही निहुँमा कार्यकक्षमै गालीगलौज तथा कुटपिट गरेको तामाडको भनाइ छ। उनले ललितपुर प्रहरीमा लामिछानेविरुद्ध अभद्र व्यवहारमा उजुरी दिएकी थिइन्। जसकारण १३ असारदेखि नै थुनामा रहेका लामिछाने आइतबार मात्र रिहा भएका थिए।

नासु तामाङमाथि भएको घटनामा जिल्ला अदालत ललितपुरमा अदालतको अवहेलनाको निवेदनसमेत दर्ता भएको छ। त्यहाँका कर्मचारीले कार्यालयभित्र सुरक्षित वातावरण नभएको भनी विज्ञप्ति जारी गरेका छन्। ललितपुर बारले आदेश हेर्न खोज्दा तामाङले घुस मागेको र सोही विषयमा बढेको विवाद हातपातसम्म पुगेको विज्ञप्तिमार्फत जनाएको छ।

ललितपुर बारले सोमबार आयोजना गरेको कार्यक्रममा सर्वोच्चका क्याडर जजले कानुन व्यवसायीबाट न्यायाधीश नियुक्तिका लागि नमानेको कानुन व्यवसायीहरूले आरोप लगाएका छन्। पूर्वमहान्यायाधिवक्ता रमण श्रेष्ठले अधिवक्ता लामिछानेउपर भएको घटनाले अदालतका फाँटमा हुने भ्रष्टाचार उदांगो भएको बताए। उनले यो घटना भ्रष्टाचारविरुद्ध आन्दोलन चलाउन उत्प्रेरक हुन सक्ने बताएका थिए।

'यस्तो भ्रष्टाचार जोडिएको घटनालाई क्याडर जज, सर्वोच्च अदालतकै बहालवाला न्यायाधीशहरूले प्रोभोक गर्दै धेरै ठाउँमा बोल्नुभएको छ। एउटा वकिल बदनाम र नालायक भन्ने स्थापित गर्न खोजिएको छ,' श्रेष्ठले भने, 'आज क्याडर जज भन्नेले कानुन व्यवसायीबाट न्यायाधीश नियुक्त गर्नुहुँदैन भनेर हिँडेका छन्। यसमा ट्रेड युनियन हतियार हो। यो सबै बहालवाला क्याडर जजको नेतृत्वमा भइरहेको हो।' बार अध्यक्ष गोपालकृष्ण घिमिरेले क्याडर जजकै संलग्नतामा कानुन व्यवसायीहरूलाई न्यायाधीश बनेर जान रोक्न पर्चा बाँडिएको आरोप लगाए। न्यायाधीश नियुक्तिमा क्याडर जजले नै कर्मचारी युनियन खडा गरेको उनको भनाइ थियो।

बार महासचिव अन्जिता खनालले ललितपुर अदालतको प्रकरण बारविरुद्ध क्याडर जजहरूले चलाएको अभियान रहेको बताइन्। एक न्यायपरिषद् सदस्यले फोन गरेर कानुन व्यवसायीबाट न्यायाधीश नियुक्ति गर्ने प्रतिशत कम हुन सक्ने बताएको उनको भनाइ थियो। 'मैले पनि ठीक छ। बारलाई कानुन व्यवसायीबाट न्यायाधीश चाहिएको छैन। तर, त्यसपछि के हुन्छ, हामी देखाउँछौं,' उनले भनिन्।

कोसीमा कांग्रेस नेतृत्वको सरकार बनाउने सत्तागठबन्धनको निर्णय

तर, निर्णायक राप्रपा भन्छ– हामी अझै अनिर्णीत छौं

अनिल यादव/नयाँ पत्रिका

विश्वासको मत पाउन नसकेर एमाले नेतृत्वको सरकार ढलेसँगै कोसीमा कांग्रेस नेतृत्वको सरकार बनाउन सत्तागठबन्धनमा रहेका दलबीच सहमति जुटेको छ। सोमबार प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको गठबन्धनका शीर्ष नेताहरूको बैठकले कांग्रेस कोसी प्रदेश संसदीय दलका नेता उद्धव थापालाई मुख्यमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको हो।

'अहिले गठबन्धनभित्र कोसी प्रदेशमा सबैभन्दा ठूलो दल भएकाले कांग्रेसले मुख्यमन्त्रीको दाबी गऱ्यो। उसको दाबीअनुसार कांग्रेस कोसीका संसदीय दलका नेता उद्धव थापालाई सत्ता गठबन्धनका तर्फबाट मुख्यमन्त्रीका रूपमा अघि सार्ने निर्णय भएको छ। अपुग सिटसंख्या मिलाएर बहुमत पुऱ्याउने जिम्मा प्रदेशलाई नै सुम्पिएका छौं,' उनले भने।

हाल गठबन्धनमा सभामुखबाहेक ४६ सांसद छन्। बहुमतका लागि ४७ सांसद चाहिन्छन्। नयाँ सरकार गठनका लागि प्रक्रिया सुरु भए पनि सत्ता गठबन्धनमा सहज बहुमत छैन। कांग्रेस २९, माओवादी १३ (सभामुखसहित), एकीकृत समाजवादी ४ र जसपा १ गरी सत्ता गठबन्धनसँग ४७ सांसद छन्। तर, नयाँ सरकार गठनमा सभामुखको भूमिकाबारे स्पष्ट छैन। सरकार गठन सुनिश्चत गर्न गठबन्धनले राप्रपासँग संवाद अगाडि बढाएको छ। गठबन्धन बैठकमा राप्रपासँग संवाद गरेर सरकार बनाउन प्रदेशका नेतालाई जिम्मा दिइएको छ। प्रदेश सभामा राप्रपाका ६ सांसद छन्।

कोसीमा निर्णायक रहेको राप्रपा कांग्रेस संसदीय दलका नेता थापाप्रति सकारात्मक भइसकेको छैन। थापा कांग्रेस नेता सिटौलानजिकका नेता मानिन्छन्। झापामा राप्रपा अध्यक्ष राजेन्द्र लिङदेन कांग्रेस नेता सिटौलाको कट्टर प्रतिस्पर्धी नेता हुन्। गत मंसिरको निर्वाचनमा पनि लिङ्देनले सिटौलालाई पराजित गरेका थिए।

राप्रपाका कोसी प्रदेश संसदीय दलका नेता भक्तिप्रसाद सिटौला स्वयंले आफूलाई मुख्यमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेका छन्। तर, राप्रपाले कोसीमा सरकार गठनबारे निर्णय गर्ने अधिकार अध्यक्ष लिङदेनलाई दिएको छ।

राप्रपा अध्यक्ष लिङदेनले भने आफूहरूले कसैलाई किस्तीमा मुख्यमन्त्री बुझाउन नजाने बताए। गठबन्धनबाट अहिलेसम्म पहल नभएको उनको भनाइ छ। 'हामी अहिलेसम्म अनिर्णीत नै छौं। औपचारिक रूपमा कुनै दलसँग कुरा भएको छैन। अहिलेसम्म सत्ता गठबन्धनलाई समर्थन गर्नुपर्ने कुनै कारण भेटिएको छैन,' उनले भने, 'गठबन्धनका तर्फबाट कुनै पहल पनि भएको छैन। त्यसै किस्तीमा मुख्यमन्त्री पद बुझाउन लाने कुरा पनि भएन।'माओवादी र जसपाले समर्थन फिर्ता लिएपछि कोसीमा एमालेका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको सरकार संकटमा परेको थियो। शुक्रबार विश्वासको मतको प्रस्तावमा भएको मतदानमा र सहभागी ८९ सांसदमध्ये पक्षमा ४६ र विपक्षमा ४३ मत खसेको थियो। प्रतिपक्षमा रहेका तीन सांसद अनुपस्थित रहे। ४० सिट रहेको एमालेलाई ६ सिट रहेको राप्रपाले समर्थन गरेको थियो।

जनमतलाई सरकारमा ल्याउने सहमति

सत्ता गठबन्धनले जनमत पार्टीलाई सरकारमा सहभागी बनाउने निर्णय लिएको छ। आइतबार बिहान जनमतका अध्यक्ष सिके राउतलाई बालुवाटार बोलाएर सरकारमा आउन आग्रह गरेका प्रधानमन्त्री प्रचण्डले सोमबार गठबन्धनको बैठकमा जनमतलाई सरकारमा ल्याउनेबारे परामर्श मागेका थिए। बैठकमा जनमतलाई सरकारमा फर्काउन सबै सहमत भएको बैठकमा सहभागी लोसपाका वरिष्ठ नेता शरदसिंह भण्डारीले बताए। 'जनमतलाई सरकारमा ल्याउन सबै दल सकारात्मक छन्। कुन मन्त्रालय दिएर कसरी मिलाउने, त्यो जिम्मेवारीचाहिँ प्रधानमन्त्रीको हो,' भण्डारीले भने। एकीकृत समाजवादीका कार्यवाहक अध्यक्ष पाण्डेले भने जनमतले दुई मन्त्रालय मागेको अवस्थामा थप एक राज्यमन्त्री दिएर भए पनि सरकारमा ल्याउने सहमति भएको बताए।

कांग्रेसमा नीति र नेतृत्वविरुद्ध असन्तुष्टि सार्वजनिक गर्न रोक

प्रचार विभागको निर्णयमा कांग्रेसभित्रै असन्तुष्टि

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

नीति र नेतृत्वको विषयमा सार्वजनिक अभिव्यक्ति रोक्ने कांग्रेस प्रचार विभागको निर्णय विवादमा परेको छ। सोमबार प्रचार विभागको पहिलो बैठकले नीति र नेतृत्वको विरोधमा सार्वजनिक अभिव्यक्ति नदिन केन्द्रदेखि तल्लो तहसम्म अनुरोध गर्ने भन्दै गरेको निर्णयलाई लिएर कांग्रेसमा असन्तुष्टि देखिएको हो।

प्रचार विभाग प्रमुख मीन विश्वकर्मा संयोजकत्वको समितिको यो निर्णयलाई लिएर इतर समूह र रूपान्तरण अभियानमा जोडिएका युवा नेताहरू रुष्ट बनेका छन्। 'पार्टीको नीति र नेतृत्वको सार्वजनिक स्थलमै विरोध गर्ने अभिव्यक्ति नदिन पार्टी संगठनका सबै तहका पदाधिकारी, सदस्यहरूलाई अनुरोध गर्ने,' बैठकको निर्णयमा भनिएको छ। संयोजक विश्वकर्माले पार्टीका असन्तुष्टिलाई व्यवस्थित रूपमा पार्टीमा छलफल गर्न अनुरोध गरिएको बताए। यसलाई गलत रूपमा बुझ्न नहुने उनको जिकिर छ।

सभापति शेरबहादुर देउवानिकट मानिने विश्वकर्मा संयोजक रहेको विभागको यो निर्णयलाई भने इतर समूहले शंकाको नजरले हेरेको छ। इतर समूहका नेता तथा कांग्रेस केन्द्रीय सदस्य मधु आचार्य पार्टीमा अभिव्यक्ति स्वतन्त्रतालाई बन्देज गर्न खोजिएको भन्दै आपत्ति जनाए। यसले जीवन्त पार्टीमा यस्तो निर्णय कार्यान्वयन हुन नसक्ने बताए।

रूपान्तरण अभियानअन्तर्गत नेताहरूले दोस्रो अभियानको तयारी गरिरहेका छन्। यसै समयमा प्रचार विभागले यस्तो निर्णय लिएपछि नेताहरू असन्तुष्ट देखिएका हुन्। आचार्यका अनुसार अभियानले पहिलो चरणको समीक्षासहित दोस्रो चरणको कार्यक्रमका लागि बौद्धिक समुदायसँग अन्तर्क्रिया गरिरहेको छ। पूर्वकेन्द्रीय सदस्य तथा रूपान्तरण अभियानमा सक्रिय नेता गुरुराज घिमिरेले आफूलाई चित्त नबुझेको विषयमा टिप्पणी गर्न पाउनु कांग्रेसको मौलिक चरित्र नै भएको बताए। विभागले सीमा नाघेर यसबारे निर्णय गरेको उनको टिप्पणी छ। 'प्रचार विभागले पार्टीका नीति सिद्धान्त र कार्यक्रमको प्रचार गर्ने हो, उर्दी जारी गर्ने हो। आफूलाई चित्त नबुझेका विषयमा टिप्पणी गर्न पाउनु लोकतान्त्रिक पार्टीको मौलिक चरित्र हो। पार्टीका सिद्धान्त र आदर्शविपरीत गयो भने त्यो गलत हो। त्यसमा चित्त बुझ्केन भने कोही पनि पार्टीमा बन्धक हुँदैन, विवेकले आफ्नो कुरा राख्न सक्छन्। कसैले अंकुश लगाउन आवश्यक छैन। सबै सीमाभित्र बस्नुपर्छ,' उनले नयाँ पत्रिकासँग भने।

विभागले कांग्रेस नेतृत्वको सरकारले गरेका राम्रा कामको सन्देश तल्लो तहसम्म पुऱ्याउन पहल गर्ने निर्णयसमेत गरेको छ। विभागले दैनिक गतिविधि सञ्चालनका लागि पदाधिकारीसहितको सचिवालय गठन गर्ने र विभागका सदस्यको विशिष्ट क्षमताका आधारमा कार्यविभाजन गर्न विभागका सदस्यहरूको व्यक्तिगत विवरण संकलन गर्ने निर्णयसमेत गरेको छ। यसका लागि दीपकप्रसाद कुइँकेलको संयोजकत्वमा निर्देशिका मस्यौदा समिति र गोपालकुमार झाको संयोजकत्वमा कार्ययोजना तर्जुमा समिति गठन गरिएको छ। समितिलाई १५ दिनभित्र प्रतिवेदन तयार गर्ने समय दिइएको छ। सोमबार केन्द्रीय कार्यालयमा बसेको बैठकमा ३५ सदस्यले धारणा राखेका थिए।

कांग्रेसले आफ्नो नाममा रहेका सामाजिक सञ्जालहरूलाई व्यवस्थित गर्ने भएको छ। बैठकले आधिकारिक एकाउन्टलाई मात्रै सञ्चालनमा ल्याउने र अनधिकृत एकाउन्टलाई कानुनी दायरामा ल्याउने तयारी अगाडि बढाएको हो। विश्वकर्माका अनुसार कांग्रसको नाम, झन्डा र चुनाव चिह्न राखी खोलिएका एकाउन्टलाई सम्पर्क गर्न एक महिनाको समय दिइएको छ। सम्पर्कमा नआउने एकाउन्टका सन्दर्भमा कानुनी बाटो खोजिन लागिएको उनले जानकारी दिए।





व्यवस्थित गर्न मात्र खोजेका हौं

● **मीन विश्वकर्मा**
प्रमुख, प्रचार विभाग

हामीले पार्टीका विषयलाई बैठकमा व्यवस्थित र घनीभूत छलफल होस् भन्न खोजेका हौं। पार्टीको नीति र नेतृत्वको विषयलाई सार्वजनिक स्थलमा विरोध गर्नु उचित होइन। पार्टीभित्रको विषय पार्टीकै प्लेटफर्ममा आउनुपर्छ भन्न खोजेका हौं। व्यवस्थित रूपमा छलफल हुनुपर्छ भन्ने हाम्रो आशय हो। गलत रूपमा बुझ्नु भएन।



प्रतिबन्ध लगाउनु अलोकतान्त्रिक हो

● **मधु आचार्य**
केन्द्रीय सदस्य

अभिव्यक्तिलाई नियोजन गर्ने ढंगबाट निर्णय आयो। लोकतान्त्रिक पद्धतिमा कसैको अभिव्यक्ति स्वतन्त्रतालाई वञ्चित गरिँदैन। जीवन्त पार्टीमा नीति र नेतृत्वको विषयमा बोल्न प्रतिबन्ध लगाइन्छ भने त्यो अलोकतान्त्रिक हो, पार्टी पद्धतिको खिलाफ हो। यस्तो निर्णयलाई लोकतान्त्रिक आदर्श बोकेको पार्टीका कुनै पनि नेता कार्यकर्ताले मान्न सक्दैनन्।

विश्वविद्यालयलाई राजनीतिबाट टाढा राख्नुपर्छ : महामन्त्री थापा

कांग्रेस महामन्त्री गगन थापाले विश्वविद्यालयलाई राजनीतिबाट टाढा राख्नुपर्ने बताएका छन्। गिरिजाप्रसाद कोइरालाको १००औँ जन्मजयन्तीको अवसरमा सोमबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले राजनीतिक दलको भागबन्डाले शैक्षिक क्षेत्र धराशयी बन्दै गएको बताए।

थापाले राजनीतिक आस्था बोकेर विश्वविद्यालय छिर्न नपाइने कुरा स्थापित गर्नुपर्ने जिकिर गरे। 'हामीले यति धेरै भागबन्डा गऱ्यौं कि आजभोलि सहायक क्याम्पस चिफसमेत भागबन्डा गर्छौं। कन्ट्रोलर, उपकुलपति, शिक्षाध्यक्ष विश्वविद्यालयको हुँदैन, राजनीतिक दलको हुन्छ,' उनले भने, 'हाम्रो विश्वविद्यालयलाई अब राजनीतिक दलसँग शतप्रतिशत अलग गर्नुपर्छ। हाम्रा प्राध्यापक, कर्मचारी, विद्यार्थी राजनीतिक रूपमा सचेत छन्, त्यहाँ प्रतिस्पर्धा हुन्छ, त्यहाँ सबै हुन्छ। तर, दलको झोला बोकेर विश्वविद्यालय छिर्न पाइँदैन।'

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भक्तपुर प्रा.फ.र.नं. ३-३३-३७२-२३६/२०७८/७९, स्थानिय व्यापार अन्तर्गत मितिः २०७८/०५/०२ मा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ बमोजिम दर्ता भएको भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल स्थित **मान्सी इन्टरप्राईजेज** **प्रोप्राईटर तथा जमानीकर्ता: साजन खड्का** स्थायी ठेगाना : भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं. ५, हालको ठेगानाः भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बाबु : राज कुमार खड्का बाजे : निल बहादुर खड्का **२) साजन खड्का** स्थायी ठेगाना : भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं. ५, हालको ठेगानाः भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बाबु : राज कुमार खड्का बाजे : निल बहादुर खड्का	१) गणेश बहादुर खड्काको नाति, निल बहादुर खड्काको छोरा भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं. ५ स्थायी ठेगाना भइ हाल भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बस्ने राज कुमार खड्काको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सुडाल गा.वि.स. वडा नं. ५रु४ (हाल चाँगुनारायण न.पा.वडा नं. ८) स्थित कित्ता नं. ११८ को क्षेत्रफल १९०.७८ (व.मी)को घरजग्गा र सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) मान्सी इन्टरप्राईजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) राज कुमार खड्का स्थायी ठेगाना : भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं. ५ हालको ठेगाना : भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बाबु : निल बहादुर खड्का बाजे : गणेश बहादुर खड्का	**२) सावित्री खड्का** स्थायी ठेगानाः भक्तपुर जिल्ला, सुडाल गा.वि.स.वडा नं. ५, हालको ठेगानाः भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बाबु : लाल बहादुर बस्नेत ससुरा : निल बहादुर खड्का पति : राज कुमार खड्का	**३) सन्दिपा श्रेष्ठ** स्थायी ठेगाना : बाकें जिल्ला, कोहलपुर गा.वि.स.वडा नं .८, हालको ठेगाना : भक्तपुर जिल्ला, चाँगुनारायण न.पा.वडा नं. ८, सुडाल बाबु : दिपेन्द्र कुमार श्रेष्ठ ससुरा : राज कुमार खड्का पति : साजन खड्का

ऋणीको विवरण

२)	१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा प्रा.फ.र.नं. २१५५३/०७२/७३, स्थानीय व्यापार अन्तर्गत मिति २०७२/०९/१३ मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन २०७४ बमोजिम दर्ता भएको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ स्थित **विप्लव ट्रेडर्स एण्ड सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : विकाश कुमार प्रसाद बर्णवाल (क्रेडिट कार्डसमेत)**	**२) पुजा बर्णवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, बहुदरमाई गा.वि.स. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बाबु : पप्पु बर्णवाल ससुरा : मदन कुमार पति : विकाश कुमार प्रसाद बर्णवाल

जमानीकर्ताहरुको विवरण

१) पुजा बर्णवाल स्थायी ठेगाना : पर्सा जिल्ला, बहुदरमाई गा.वि.स/न.पा. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बाबु : पप्पु बर्णवाल ससुरा : मदन कुमार पति : विकाश कुमार प्रसाद बर्णवाल	**२) विकाश कुमार प्रसाद बर्णवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ हालको ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ बाबु : मदन कुमार बाजे : जोगिन्दर प्रसाद	**३) राजु प्रसाद** स्थायी ठेगाना : पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ हालको ठेगाना : कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बाबु : मदन कुमार बाजे : जोगिन्दर प्रसाद	**४) मदन कुमार** स्थायी ठेगाना : पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ हालको ठेगाना : कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बाबु : जोगिन्दर प्रसाद बाजे : दुखिसा
५) प्रमिला देवी स्थायी ठेगाना : पर्सा जिल्ला, बहुदरमाई गा.वि.स. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बाबु : हरिलाल बर्णवाल ससुरा : जोगिन्दर प्रसाद पति : मदन कुमार	**६) ज्योति देवी वर्णवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, बहुदरमाई गा.वि.स. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बाबु : रविन्द्र प्रसाद ससुरा : मदन कुमार पति : राजु प्रसाद	**७) राज कुमार प्रसाद बर्णवाल** स्थायी ठेगाना : पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ हालको ठेगाना : कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बाबु : मदन कुमार बाजे : जोगिन्दर प्रसाद	

धितोको विवरण

१) पप्पु बर्णवालकी छोरी, मदन कुमारकी बुहारी, विकाश कुमार प्रसाद बर्णवालकी पत्नि, पर्सा जिल्ला, बहुदरमाई गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बस्ने पुजा बर्णवालको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. २ स्थित कित्ता नं. २२३ को क्षेत्रफल ९२१ (व.मि.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) जोगिन्दर प्रसाद वर्णवालको नाती, मदन कुमार वर्णवालको छोरा, पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७, स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ बस्ने विकाश कुमार प्रसाद बर्णवालको नाममा मालपोत कार्यालय बेलौरी, कंचनपुर को लगतमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालीका गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १४६०, र १७९० को क्षेत्रफल २३७०.४२ र ८९६२.७४ (व.मि.) को जग्गा तथा कञ्चनपुर जिल्ला, कालीका गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ६८७ को क्षेत्रफल ३३८६.३० (व.मि.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) सवारी मोडल : Maruti Suzuki Vitara Brezza | कच्चासिस नं. : MA3NYFJ1SMK841462 | ईन्जिन नं.: K15BN4190662 सवारी दर्ता नं. : बा प्र ०१ ०२६ च ६९४३
४) विप्लव ट्रेडर्स एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

श्री महादेवस्थान माध्यमिक विद्यालय
धुनिवेशी- ०५, कुमाईखोला, धादिङ
बागमती प्रदेश, नेपाल ।

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८०/०३/१५

यस श्री महादेवस्थान माध्यमिक विद्यालयबाट देहायबमोजिमको कामको लागि मिति २०८०।०२।२६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित सूचना अनुसार पेश हून आएका मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको प्रस्ताव न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

S. N.	CONTRACT ID	DESCRIPTION OF WORKS	BIDDER NAME AND ADDRESS	FINAL BID PRICE INCLUDING (VAT & P.S.)
1.	02/SCHOOL/ MMV/SQ/079/80	MAHADEVSTHAN SCHOOL RETAINING WALL AND SEPTIC TANK	Bisan Construction Pvt. Ltd., CHANDRAGIRI- 06	RS. 10,51,564.31

अनिल रुपाखेती
प्रधानाध्यापक

३५(पैंतिस)दिने धितो लिलामीको सूचना

प्रकाशित मिति : २०८०/०३/१९ (नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.का तपसिलमा उल्लेखित तपाईं ऋणीले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको सँस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज आदि भुक्तान गर्न आउन तपाईंलाई पटक पटक लिखित तथा मौखिक रुपमा सार्वजनिक सूचना गरी तरताकेता गर्दा समेत आँशिक ब्याज बाहेक ऋणकर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता गर्न आउन ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र पनि कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा प्रच्चलित नेपाल कानून बमोजिम संस्था आफैले लिलाम बिक्री गर्ने भएकोले उक्त लिलाममा डाक बढाबढ गरिलिन चाहने ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन(उक्त दिन बिदा परेमा सो को भोलिपल्ट) बिहान ११ बजे यस संस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ ।
लिलाम बढाबढमा सबैभन्दा बढि कबोल गर्ने व्यक्तिले कबोल रकमको १० प्रतिशत रकम नगदै धरौटी स्वरुप तुरुन्तै सँस्थामा जम्मा गर्नुपर्नेछ । कबोल रकम मै संस्थाले दिने निर्णय गरेमा त्यसको सूचना दिए ७ दिन भित्र बाँकी कबोल रकम जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी रकम जफत हुनेछ । कबोल मूल्यमा लिलाम बिक्री गर्ने नगर्ने अधिकार यस संस्थामा सुरक्षित रहनेछ । तपसिलमा उल्लेखित सुरक्षणको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राखि लिन सकिनेछ ।

तपशिल

ऋणीको विवरण	ऋणीको फोटो	जमानीको विवरण	जमानीको फोटो
नाम : उर्मिला मानन्धर बुवाको नाम : प्रेम कृष्ण मानन्धर पतिको नाम : गौत्तम मानन्धर ठेगाना : हाल-काठमाडौं जिल्ला, कामपा-१६ ना.प्र.नं. : १६८१/६५१० जारी मिति : २०४४/०८/०८ जारी स्थान : जि.प्र.का.काठमाडौं		**नाम : गौत्तम मानन्धर** बाजेको नाम : लोक ब.मानन्धर बुवाको नाम : अष्ट मानन्धर ठेगाना : हाल-काठमाडौं जिल्ला, कामपा-१६ ना.प्र.नं. : ४५१०/९९६९/४३९४५ जारी मिति : २०४१/१०/०१ जारी स्थान : जि.प्र.का.काठमाडौं	

लिलाम हुने धितोको विवरण
उर्मिला मानन्धरको नाममा रहेको बालुवा गाविस-९(क)को कि.नं.८०८ को ०-३-१-० क्षे.फ.जग्गा ।

श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.
पिंगलास्थान, गौशाला, काठमाडौं
फोन नं. : ०१-४५८३२४५

वेब सिरिज 'प्रीतको रीत' सार्वजनिक



शंकर कोइरालाले निर्देशन गरेको वेब सिरिज 'प्रीतको रीत' सार्वजनिक भएको छ । ओएसआर डिजिटल युट्युब च्यानलमार्फत सिरिजको पहिलो एपिसोड सार्वजनिक गरिएको हो । डिनेस्ट इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको सिरिजमा कलाकार कविता न्यौपाने र अमरप्रताप श्रेष्ठ मुख्य भूमिकामा देखिएका छन् ।

'हात्तीछाप'मा सौगात



सिमोस सुनुवारको निर्देशनमा तयार हुन लागेको फिल्म 'हात्तीछाप'मा सौगात मल्ल, दयाहाङ राई र उपासनासिंह ठकुरी मुख्य भूमिकामा छन् । फिल्ममा विल्सनविक्रम राई, गौरव पहारी, बुद्धि तामाङ, विजय बराल, कमलमणि नेपाललगायत कलाकारको पनि अभिनय रहनेछ । २१ असारदेखि छायांकन हुने यस फिल्मलाई प्रदीप भारद्वाजले लेखेका हुन् ।

निद्रा र पोषण

राम्रो निद्राका लागि खानपानमा ख्याल गर्नुस्



आस्था कार्की
पोषणविद्
मिताहारा न्युट्रिसनल सर्भिस

स्वस्थ खानपानले राम्रो निद्रा लगाउँछ । त्यसैगरी, अस्वस्थ खानपानले निद्रा बिगार्छ । निद्राको कमीले विभिन्न रोग निम्त्याउँछ, तपाईंको खानपान चक्र प्रभावित हुन्छ र जीवनशैली बिग्रन्छ । त्यसैले निद्रा र खानपानबीच गहिरो सम्बन्ध छ । स्वस्थ आहारले निद्राको अवधि र गुणस्तर राम्रो बनाउन भूमिका खेल्छ । स्वस्थ खान, राम्रोसँग सुत्न र स्वस्थ जीवनयापन गर्नका लागि हामीले निद्रा र पोषणबीचको अन्तरसम्बन्ध बुझ्न जरुरी छ ।

अमेरिकाको नेसनल स्लिप फाउन्डेसनका अनुसार औसतमा नवजात शिशुलाई तीन महिनासम्म दैनिक कम्तीमा १४ देखि बढीमा १७ घन्टा, चार महिनादेखि ११ महिनासम्मका शिशुलाई दैनिक कम्तीमा १२ देखि बढीमा १५ घन्टा, एक वर्षदेखि दुई वर्षसम्म दैनिक ११ देखि १४ घन्टा, प्रिस्कुलर अर्थात् दुईदेखि पाँच वर्षसम्मका लागि १० देखि १३ घन्टा, ६ देखि १३ वर्षसम्मका बालबालिकालाई ९ देखि ११ घन्टा, १४ देखि १७ वर्षसम्मका किशोर-किशोरीलाई आठदेखि १० घन्टा, १८ देखि ६४ वर्षसम्मका लागि सातदेखि नौ घन्टा तथा ६५ वर्षमाथिकालाई सातदेखि आठ घन्टा निद्रा आवश्यक पर्छ ।

■ राम्रो निद्राका लागि के खाने ?

निद्राको अवधि र गुणस्तर सन्तुलित राख्नका लागि बेलुकी ८ बजेभित्र खाना खाइसक्नु उत्तम हुन्छ । त्यसपछि तीनदेखि चार घन्टाको ग्याप राखेर सुत्न सकिन्छ । राति ढिलो खाने वा यदि कसैलाई मध्यरातमा खाने बानी छ भने सुधार्नुपर्छ । यदि खाना र निद्राको ग्याप छोटो रह्यो भने हामी सुतिरहेको वेला पनि हाम्रो शरीर खाना पचाउने काममा सक्रिय भइरहेको हुन्छ, जसकारण राम्रो निद्रा पर्दैन । यही कारण धेरैजनाले लामो अवधि निदाउँदा पनि निद्रा नपुगेजस्तो वा थकित भएको महसुस गरिरहेका हुन्छन् ।

राम्रो निद्राका लागि पर्याप्त सन्तुलित पोषण महत्त्वपूर्ण छ । विशेषगरी फाइबर, म्याग्नेसियम र मेलाटोनिन राम्रो निद्राका लागि आवश्यक पर्ने प्रमुख तत्त्व हुन् । अन्डा, माछा, नट (पेस्ता), जामुन, चामल, ओट्स, र दूधमा पर्याप्त मात्रामा मेलाटोनिन हुन्छ । दाल, फलफूल, सम्पूर्ण अन्न, सिमी, फलफूल, हरियो सागसब्जीमा प्रचुर मात्रामा फाइबर पाइन्छ । फर्सीको बिउ, चिया, सिड्स, बदाम, काजु, आल्मन्ड, पालक, ओट्सलगायतमा प्रशस्तै म्याग्नेसियम हुन्छ । निद्रा लगाउन क्यालिसयम र जिन्कको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । दूध र दुग्धजन्य पदार्थ, सोया, तिललगायत क्यालिसयमको राम्रो स्रोत हुन् । सिमी, बदाम, अन्डा तथा दूधजन्य उत्पादनमा जिन्क प्रशस्तै पाइन्छ । दूधमा हुने ट्रिप्टोफोनले पनि मेलाटोनिन र सेरोटोनिन बढाएर निद्रा मिठो लगाउन सहयोग गर्छ । राम्रो निद्राका लागि पेट सफा हुनुपर्छ । सेरोटोनिन र मेलाटोनिनले एकाग्रता बढाएर निद्रा लगाउँछन् । त्यसैले खानामा बारम्बार प्रिबायोटिक्स र प्रोबायोटिक्स समावेश गर्न जरुरी छ । खानाको प्लेटमा प्रिबायोटिक्स (ओट्स, केरा, स्याउ, जौ, शतावरी, सिमी) र प्रोबायोटिक्स (गुन्द्रुक, तामा, कोम्बुचा, दही, अचार, किनेमा) समावेश गर्नुपर्छ ।

कार्बोहाइड्रेटको छनोट निकै महत्त्वपूर्ण छ । किनकि, उच्च ग्लाइसेमिक इन्डेक्स भएका खानाले गहिरो निद्रालाई प्रभावित गरेर रातमा ब्युझाउन सक्छ । त्यसैले डिनरमा कार्बोहाइड्रेटको मात्रा कम हुनुपर्छ । ओट्स, सम्पूर्ण अनाजलगायतमा ठिक्क मात्रामा कार्बोहाइड्रेट हुने भएकाले खानामा यसलाई सन्तुलित रूपमा समावेश गर्न सकिन्छ ।

स्क्रिन टाइम घटाउनुस्

- आफ्नो डिनर अधिकतम बेलुका ८ बजेसम्म लिने प्रयास गर्नुस् । यसको तीन-चार घन्टापछि मात्रै सुत्नु राम्रो हुन्छ । किनकि, शरीरले खाना पचाइसकेपछि निदाउँदा गहिरो निद्रा पर्छ ।
- स्क्रिन टाइम घटाउने प्रयास गर्नुहोस् । राति १० बजेपछि मोबाइल तथा इलेक्ट्रोनिक डिभाइस प्रयोग नगर्नु राम्रो हुन्छ । सामाजिक सञ्जालमा आउने अनेक नकारात्मक खबरले तपाईंको निद्रामा प्रभाव पार्न सक्छ वा तपाईंको एकाग्रता बिथोल्न सक्छ । अवधिले मात्रै निद्राको गुणस्तर निर्धारण गर्दैन । मिठो र गहिरो निद्रा महत्त्वपूर्ण छ ।
- यदि, धूम्रपान, मद्यपानको लत छ भने आजैबाट छाड्नुस् । यसले शरीरलाई राम्रो गर्दैन ।

बच्चाको कपडा छान्दा...



बच्चाहरू फेन्सी कपडा लगाउन रुचाउँछन् । कार्टुन, फूल, पशुपक्षीको चित्र भएको कपडा लगाउन पाउँदा उनीहरूलाई आनन्द आउँछ । त्यस्ता चित्र र रङ देख्दा उनीहरू रमाइलो मान्छन् । बच्चालाई सरल र आरामदायी कपडा लगाइदिनुपर्छ । किनकि, उनीहरू उफ्रने, दौडने र नाच्ने गरिरहन्छन् ।

बजारमा विभिन्न डिजाइनका किड्स वेयर उपलब्ध छन् । छोरीका लागि विभिन्न डिजाइनका फ्रक, लेहेंगा, गाउन, स्कर्ट, फूलकारी बुट्टा भरिएका विभिन्न स्टाइलका पाइन्ट तथा जामा बजारमा पाइन्छन् । त्यस्तै, छोराका लागि जिन्स, टिसर्ट, सर्टहरू पाइन्छन् । चम्किलो रङको कपडा लगाउँदा साना बालबालिका मायालु देखिन्छन् । रातो, हरियो र निलो रङको पहिरनले आकर्षक लुक्स दिन्छ । उनीहरूलाई सक्रिय रहन पनि यस्ता रङले ऊर्जा दिन्छ । साना बालबालिकाले आफ्नो कपडा छिट्टै फोहोर गर्ने भएकाले उज्यालो रङका कपडा कम किनिदिनुस् । गाढा रङका कपडामा फोहोर वा दाग धेरै देखिँदैन ।

स्मार्टफोनलाई चुस्त राख्न...

स्मार्टफोन सुस्त भएर हैरान हुनुभएको छ भने केही उपाय लगाएर यसलाई तेज बनाउन सकिन्छ । फोनमा स्टोरेजलाई ध्यानमा राखेर एप्स इन्स्टल गर्नुपर्ने हुन्छ । धेरै एप्स डाउनलोड गर्दा स्लो भएको हुन सक्छ । त्यसैले पहिले तपाईंले कुन-कुन एप्स प्रयोग गरिरहनुभएको छ भनेर हेर्नुस् । आवश्यक एप्सलाई राखेर अनावश्यक एप्स अनइन्स्टल गर्न सकिन्छ । तर, केही त्यस्ता एप्स पनि हुन्छन्, जो तपाईंले स्मार्टफोन किन्नुअघि नै त्यहाँ लोड हुन्छन् । त्यस्ता एप्स तपाईंले चाहेर पनि हट्दैनन् । ती एप्सलाई डिसेबल भने गर्न सकिन्छ ।



जुन एप्लिकेसनलाई बारम्बार प्रयोगमा ल्याइन्छ, त्यसका क्याचीहरू एकत्रित हुन थाल्छ । स्मार्टफोन स्लो हुनुको एउटा मुख्य कारण यो पनि हुन सक्छ । जुन एप तपाईंले सबैभन्दा धेरै प्रयोग गरिरहनुभएको छ, त्यसको 'क्याची' नियमित रूपमा डिलिट गर्न पनि जरुरी छ । क्याची हटाउनका लागि सबैभन्दा पहिले 'सेटिङ्अएप्स' मा जानुहोस् । त्यहाँ ती एपहरूमा क्लिक गर्नुस्, जसको क्याची क्लियर गर्नुछ । यसपछि 'क्लियर क्याची' विकल्पमा क्लिक गर्नुस् ।

तपाईंको स्मार्टफोन चुस्त हुनका लागि कुल इनबिल्ट स्टोरेजको १० देखि २० प्रतिशत उपलब्ध हुनुपर्छ । जब तपाईंको फोनको स्टोरेज समाप्त हुन थाल्छ, तब फोन सुस्त हुन्छ । त्यसैले इन्टरनल स्टोरेजमा रहेका तस्बिर, गीत तथा भिडियो फाइललाई मेमोरी कार्डमा ट्रान्सफर गर्नुपर्छ ।

क्योकुसिनले गराउँछ समग्र शरीरको वर्कआउट





राजकुमार श्रेष्ठ
मुख्य प्रशिक्षक/ब्रान्च चिफ
नेपाल सो क्योकुसिन कराँते संघ

कराँते उच्च एरोबिक अभ्यास हो । यसले मानिसको स्टामिना बढाउने, मांसपेशी लचक बनाउने, शरीर सन्तुलित र संयोजित राख्ने काम गर्छ । कराँतेका सबै विधाले मानिसलाई फिट, स्मार्ट र आत्मविश्वासी बनाउँछ ।

क्योकुसिन कराँते फुल कन्ट्याक्ट कराँते हो । त्यसैले समग्र शरीरको अभ्यासका लागि यो निकै महत्त्वपूर्ण छ । क्योकुसिन कराँतेको आधारभूत तालिम लिएका खेलाडीले किक-बक्सिङ, के वान, बक्सिङ, मुवाँथाईलगायतका अन्य विधाका मार्सल आर्टस् मा पनि उत्कृष्ट र कलात्मक प्रदर्शन गर्ने गरेका छन् । किनकि, क्योकुसिनको आधारभूत नियम अति नै 'टफ' छ । यसले पीडा सहने शक्ति पनि विकास गर्छ ।

कतिपय मानिसले यो डरलाग्दो कराँते हो पनि भन्ने गरेका छन् । मान्छेको हातखुट्टा नै भाँचिन्छ पनि भन्छन् । तर, टफ भए पनि यो असुरक्षित छैन । निकै अनुशासनमा बसेर प्रशिक्षकको निगरानीमा यो अभ्यास गरिन्छ । उमेरको पनि कुनै हद छैन । साना बालबालिकादेखि वयस्कसम्मले यसको अभ्यास गर्न सक्छन् । क्योकुसिन खेलेपछि अन्य शारीरिक व्यायाम गर्न जरुरी पर्दैन । यस खेलमा कराउने, किक हान्ने र पन्च गर्ने कुराको विशेष महत्त्व छ । यस्तो गर्दा समग्र शरीर ऊर्जाशील भइरहेको हुन्छ । तनाव कम भएर जान्छ ।

होलबडी अभ्यास हुने भएकाले क्यालोरी अत्यधिक बर्न हुन्छ र तौल नियन्त्रणमा रहन्छ । आत्मरक्षाको कला सिकेपछि आत्मविश्वास आफैं बढेर जान्छ । लक्ष्य निर्धारण गर्ने, सकारात्मक कुरामा प्रेरित हुने, गुरु तथा अग्रजलाई सम्मान गर्ने मान्यता क्योकुसिन कराँते कार्यक्रममा समावेश हुन्छन् । दैनिक रूपमा क्योकुसिन खेल्नाले फिटनेस कायम राख्न र रोगबाट टाढा रहन सहयोग मिल्छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडको
तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०३/१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरिकाले गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिकी गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिवाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

राजविराज शाखा, सप्तरी

ऋणीको विवरण

१. प्रदेश सरकार, प्रदेश नं.२, नेपाल, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराजमा प्रा.फ.र.नं. ७८०२/२०७७/७८ अन्तर्गत मिति २०७७/०४/०४ मा दर्ता कायम भएको **अजय एण्ड विजय ट्रेडर्स**
फर्म दर्ता ठेगाना : राजविराज न.पा - ९, सप्तरी
स्थायी लेखा नं. ६१३३५८९०५ मिति २०७७/०४/०६
प्रोप्राईटर : राम चन्द्र यादव
ना.प्र.नं. १६१०५६/५६ जारी मिति २०६४/०६/०२ जि.प्र.का. सप्तरी
बाबुको नाम : दुखीलाल यादव
बाजेको नाम : सोतिलाल यादव
स्थायी ठेगाना : मलेठ - ०४, सप्तरी
कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक, अल्पकालिन तथा डिमाण्ड कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

अनुरागी वती ना.प्र.नं. ५९२७३३८३ जारी मिति २०४६/०२/०३ जि.प्र.का. सप्तरी पतिको नाम : दुखिलाल यादव ससुराको नाम : सोतिलाल यादव स्थायी ठेगाना : मलेठ - ०४, सप्तरी	**पुनम कुमारी यादव** ना.प्र.नं. १६-०१-७०-०६६४४ जारी मिति २०७०/१०/१५ जि.प्र.का. सप्तरी बाबुको नाम : सत्य नारायण यादव पतिको नाम : रामचन्द्र यादव ससुराको नाम : दुखीलाल यादव स्थायी ठेगाना : मलेठ - ०४, सप्तरी

ऋणीको विवरण

२. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सप्तरीमा प्रा.फ.र.नं. १०७३/०६८/०६९ अन्तर्गत मिति २०६८/०४/२६ मा दर्ता कायम भएको **नव दुर्गा ट्रेडर्स**
फर्म दर्ता ठेगाना : राजविराज - १, सप्तरी
स्थायी लेखा नं. ३०५१०८४६१ मिति २०६८/०४/२९
प्रोप्राईटर : सुनिल कुमार श्रेष्ठ
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

सुनिल कुमार श्रेष्ठ ना.प्र.नं. १६४९८७ जारी मिति २०५७/०८/१३ जि.प्र.का. सप्तरी बाबुको नाम : बद्री ना. श्रेष्ठ बाजेको नाम : राजेन्द्र प्रसाद श्रेष्ठ स्थायी ठेगाना : कल्याणपुर - ८, सप्तरी	**सिर्जना श्रेष्ठ** ना.प्र.नं. १६१०१३/६० जारी मिति २०६५/०४/१९ जि.प्र.का. सप्तरी बाबुको नाम : लाल बाहादुर श्रेष्ठ पतिको नाम : सुनिल कुमार श्रेष्ठ ससुराको नाम : बद्री ना. श्रेष्ठ स्थायी ठेगाना : कल्याणपुर - ८, सप्तरी

अनामनगर शाखा, काठमाडौं

ऋणीको विवरण

१. सम्झना आचार्य
ना.प्र.नं. २६१/२२९५४ जारी मिति २०६५/०८/२२ जि.प्र.का. धादिङ्ग
बाबुको नाम : खडानन्द आचार्य
बाजेको नाम : झंकनाथ आचार्य
स्थायी ठेगाना : केवलपुर - ८, धादिङ्ग
हालको ठेगाना : काठमाडौं म.न.पा. - १६, काठमाडौं
कर्जा शिर्षक : सवारीसाधन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

सुमन आचार्य ना.प्र.नं. २६१/४०६६६ जारी मिति २०६७/०९/२५ जि.प्र.का. धादिङ्ग बाबुको नाम : खडानन्द आचार्य बाजेको नाम : झंकनाथ आचार्य स्थायी ठेगाना : केवलपुर - ८, धादिङ्ग हालको ठेगाना : काठमाडौं म.न.पा. - १६, काठमाडौं	**शारदा आचार्य** ना.प्र.नं. ४१७६६ जारी मिति २०५७/११/२९ जि.प्र.का. धादिङ्ग बाबुको नाम : ऋषि प्रसाद अधिकारी पतिको नाम : खडानन्द आचार्य ससुराको नाम : झंकनाथ आचार्य स्थायी ठेगाना : केवलपुर - ८, धादिङ्ग हालको ठेगाना : काठमाडौं म.न.पा. - १६, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
२. सुनिता देवी के.सी. ना.प्र.नं. २२३०१२/०४ जारी मिति २०६३/११/२२ जि.प्र.का. दोलखा बाबुको नाम : लिला ब. के.सी. पतिको नाम : सन्चमान थामी ससुराको नाम : लड्डु थामी स्थायी ठेगाना : लाकुरीडाडा - ०३, दोलखा हालको ठेगाना : महालक्ष्मी - ८, ललितपुर **कर्जा शिर्षक : सवारीसाधन कर्जा**	**सन्चमान थामी** ना.प्र.नं. २३८२२ जारी मिति २०५८/११/२४ जि.प्र.का. दोलखा बाबुको नाम : लड्डु थामी बाजेको नाम : अजिर मान थामी स्थायी ठेगाना : लाकुरीडाडा - ०३, दोलखा हालको ठेगाना : महालक्ष्मी - ८, ललितपुर

संस्थागत जमानत दिनेको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १८७९४६/७४/०७५ अन्तर्गत मिति २०७५/०१/०६ मा दर्ता कायम भएको **हामी सबैको यातायात प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : ललितपुर म.न.पा. वडा नं. २९, ललितपुर
स्थायी लेखा नं. ६०६७२९४१५ मिति २०७५/०१/०७
संचालकहरु : दिल कुमार लिम्बु र मन कुमार सापकोटा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रे

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८०/०३/१९ गते)

पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालयवाट प्रकाशित सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम यस कार्यालयमा तोकिएको अवधिभित्र रितपूर्वक विद्युतीय माध्यमबाट पेश/दर्ता हुन आएका बोलपत्रहरूको नियमानुसार मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेको भनी स्वीकृतीका लागि सिफारिस भएअनुसार तपशिलको बोलपत्रदाताहरूको बोलपत्र स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७(२) बमोजिम छनौट भएको बोलपत्र स्वीकृत गर्ने आसयको यो सात दिने सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपशिल

क्र.सं.	कामको विवरण	ठेक्का संकेत नं.	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रू. (मू.अ.करबाहेक)
१.	भित्री गल्लीमा ढुंगा छाप्ने तथा पुरातात्विक धारा निर्माण कार्य,	Congalli/31/2079/80	फस्ट रेज कन्स्ट्रक्सन एण्ड सप्लायर्स, कोटेश्वर	रू.३३,६८,६९२.००
२.	गुर्दुम डाँडा नागी भ्यू टावर तथा पहुँच मार्ग स्तरोन्नती कार्य	Upsauraha/32/2079/80	वेस्टर्न क्वालिटी आइरन बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. काठमाडौं ।	रू.८४,३०,८६९.७०

आदिवासीको जीविकामा ठूला आयोजनाको प्रभाव

ठूला आयोजना निर्माण हुँदा त्यहाँको भूगोलमा असर पुग्नेछ भने भूमिगत रूपमा निर्माण गरिने संरचनाका कारण जमिनमा हलचल उत्पन्न हुँदा स्थानीय त्यहाँ बस्न नसक्ने अवस्था सिर्जना हुन्छ





● विश्वास नेपाली ● डा. जगत बस्नेत

अग्रलेख

उसै त भिरालो रसुवा हाकुको जमिन । कम उत्पादन हुने । खेती गर्दा पनि अन्न उत्पादन हुन झन्डै वर्षदिन लाग्छ । खेतीयोग्य जग्गा पनि सीमित छ । धेरैजसो पहिरो र भीरपाखा मात्र देखिन्छन् । विकासले छुन सकेको छैन । केही जमिन अहिले पनि काठमाडौंस्थित स्वयम्भू घ्याङ गुठीका नाममा छ । जनता भूमिहीनसरह छन् । त्यसमाथि पनि ०७२ को भूकम्पले थिलथिलो बनाएको छ, गाउँठाउँ । विस्थापितहरू आठ वर्षदेखि पुनर्वासको पर्खाइमा टहरोमै छन् । आमाछोदिङ्मो १ र २ तथा उत्तरगयाको वडा नं. १ मा अहिले माथिल्लो त्रिशूली- १ जलविद्युत् आयोजना बनिरहेको छ । आयोजनाले परम्परादेखि नै बसोवास गर्दै आएका आदिवासी समुदायमध्ये कतिपयलाई विस्थापित गरिसकेको छ भने केहीलाई निकट भविष्यमै विस्थापित गर्नेछ ।

आफ्नो छुट्टै परम्परा, वेशभूषा, संस्कृति र पहिचान भएका आदिवासी तामाङ समुदाय त्यही जमिन र जीवनमा खुसी थिए । तर, अहिले उत्तरगया र आमाछोदिङ्मो गाउँपालिकाका १० गाउँलाई अति प्रभावित र अरू ११ गाउँलाई प्रभावित गर्ने गरी २१६ मेगावाट क्षमताको विद्युत् आयोजनाको निर्माण सुरुवात भएपछि विभिन्न समस्या देखिन थालेका छन् । पुस्तौंदेखि आदिवासी तामाङ समुदायको जीविका आर्फे बस्दै आएका यी ठाउँ त्रिशूली नदीको पानी, हरिया वन र भिरालो जमिनमा निर्भर थियो । तर, ठूलो परियोजना (हाइड्रोपावर) बन्न थालेपछि ती स्रोत अब उनीहरूको नियन्त्रणमा रहेनन्, न त स्वामित्वमै रहने भयो । किनकि, उनीहरूले आयोजनासँग स्वतन्त्र, अग्रिम र जानकारीसहितको मञ्जुरी (एफपिक) गरिसकेका छन् ।

यो आयोजनाले प्रभाव पार्ने २१ मध्ये १० गाउँलाई अति प्रभावित सूचीमा राखिएको छ । यहाँ गोसाइँकुण्डबाट झरेको त्रिशूली नदी, रसुवागढी नाका हुँदै केरुङबाट आएको भोटेकोसी र लाङटाङ हिमालबाट बग्दै आएको लाङटाङ खोलाको पानीले २१६ मेगावाट क्षमताको विद्युत् उत्पादन हुनेछ । आयोजनाका लागि गरिएको भूमिको अधिग्रहणले भूमिहीनता बढाएको छ भने परामपरादेखि चल्दै आएको जीविकोपार्जनमा पनि क्षति पुऱ्याएको छ । आदिकालदेखि नै भूमिसँग निर्भर आदिवासी समुदायलाई ज्यालादारीमा काम गर्ने बाध्य पारेको छ । कतिपय परामपरागत थातथलोबाट विस्थापित भएका छन् । यसले तामाङ समुदायको परामपरादेखि चल्दै आएको सामाजिक सद्भाव र सहकार्यमा असर देखिन थालेको छ । तर, आयोजना सुरु गर्न लाग्दा नै स्थानीय आदिवासी जनजातिसँग उनीहरूले परम्परादेखि नै उपभोग गर्दै आएको जल, जंगल र जमिनको प्रयोगका लागि स्वतन्त्र, अग्रिम र जानकारीसहितको मञ्जुरी (एफपिक) कम्पनीले लिएको थियो । त्यसबापत स्थानीयका लागि गर्ने भनिएका विभिन्न प्रतिबद्धता कम्पनीले पूरा गर्न आनाकानी गरिराखेको छ । त्यही भएर कम्पनी र स्थानीयबीच वेलावेला विवाद हुने गरेको छ ।

आयोजनाले आदिवासी समुदायमा पारेको प्रभाव :

आयोजनाले ०६६ देखि ०७२ सम्म १०७.९९ हेक्टर जमिन अधिग्रहण गऱ्यो । ७८.६४६ हेक्टर जमिन सामुदायिक वनको छ । ५.०५ हेक्टर जमिन निजी र १५.५३ हेक्टर जमिन किसानले खेती गरिरहेका तर गुठीको नाममा कायम भएको जमिन छ । सुरुमा जग्गा अधिग्रहणबाट १५४ परिवार (६१९) व्यक्ति प्रभावित भएका छन् ।

आयोजना निर्माण हुँदा त्यहाँको भूगोलमा असर पुग्छ भने भूमिगत रूपमा निर्माण गरिने संरचनाका कारण जमिनमा हलचल उत्पन्न हुँदा स्थानीय त्यहाँ बस्न नसक्ने अवस्था सिर्जना हुन्छ । सुरुङभित्र गरिने ब्लास्टिङले जमिन थर्कने, हल्लने र उक्त थर्काइले घर भत्कने, चर्कने, सुक्खा पहिरो जाग्ने जस्ता समस्या स्थानीयले बेहोर्नुपर्छ ।

नदीको माथिपट्टि दर्जनौं ठाउँमा पूर्वाधार निर्माणका क्रममा निस्किएका चट्टानका टुक्रा, धुलो, माटो, ढुंगा आदि थुपारिएका छन् । सानोतिनो पानी पर्दा पनि ती सामग्री नदीतर्फ बग्छन् । हजारौं टिपको परिमाणमा रहेका यस्ता सामग्रीले नदी नै थुनिन सक्ने र एकैपटक बगाउँदा मैलुङदेखि तलतिरका गाउँ/बस्ती एवं नुवाकोटको त्रिशूली बजारसम्म नदी किनारामा रहेका बस्ती/खेतीमा जोखिम बढ्ने देखिएको छ । ब्लास्टिङ र सडक खन्ने कार्यले पानीका मुहान सुक्न र सुक्खापन बढ्न थालेको प्रत्यक्ष महसुस स्थानीयले गरेका छन् । भिरालो जमिन भएकाले पहिरो बढ्दो छ । भविष्यमा भूक्षय बढ्ने संकेत पनि देखिएको छ । वन नासिएको छ । वातावरण धुमिल हुँदै गएको छ । जमिनको उर्वराशक्ति घट्दै छ । जसको सम्पूर्ण असर स्थानीयको थाप्लोमा परिरहेको छ ।

कम्पनीले आफ्नो मातहतमा रहेका कामदार एवं जनशक्तिका लागि आवश्यक पर्ने दैनिक उपभोग्य वस्तु स्थानीय उत्पादनबाट नलिएर बाहिरबाटै झिकाउने गरेकोप्रति स्थानीयले गुनासो गरेका छन् । साथै, गाउँमै जनशक्ति भए पनि कम्पनीले कर्मचारी र कामदार बाहिरबाट ल्याएको र स्थानीयको माग सुनुवाइ नभएकोप्रति पनि स्थानीय आन्दोलित हुन थालेका छन् ।

कम्पनीले ०७५ कात्तिक १५ मा आयोजनाप्रभावित तामाङ समुदायसँग आदिवासी समुदाय योजना (आइपिपी) का लागि त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गर्दै स्वतन्त्र, अग्रिम र जानकारीसहितको मञ्जुरी (एफपिक) लियो । एफपिक कार्यान्वयनका लागि कम्पनीमातहत स्थानीय आदिवासी जनजाति योजना सञ्चालन बोर्ड (आइपिपी) गठन भएको छ । एफपिकअन्तर्गत बनेको आदिवासी जनजाति योजना कार्यान्वयनका लागि करिब १४ करोड रुपैयाँ दिने सहमति भयो । सो रकम १० प्रभावित समुदायलाई वितरण गरी सामुदायिक विकासमा खर्च गर्ने भनी ०७५ मै सहमति गरिएको भए पनि



हालसम्म स्थानीयले पाउन सकेका छैनन् ।

के हो एफपिक ? : स्थानीय आदिवासी तामाङ समुदायले आफूले परामपरादेखि नै उपभोग गर्दै आएका जल, जंगल र जमिन स्वतन्त्र, अग्रिम र जानकारीसहितको मञ्जुरी (एफपिक) गरिदिएका छन् । नेपालले आइएलओ अभिसन्धि- १६९ सन् २००७ मा अनुमोदन गऱ्यो । जसअनुसार स्थानीय र आदिवासी समुदायलाई ठूला निर्माण आयोजनाबारे सुसूचित हुने र अग्रिम सहमतिको अधिकार हुनुपर्छ । यही कारण नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनी (एनडब्लुइडिसी) ले आयोजनाका कारण प्रभावित हुने तामाङ समुदायमा पर्न जाने असरका कारण स्वतन्त्र, अग्रिम र जानकारीसहितको मञ्जुरी (एफपिक) लिएको छ । कम्पनीले आफ्नो आयोजनाबाट प्रभावित क्षेत्रका आदिवासी जनजातिको वृत्ति विकासका लागि आदिवासी जनजाति विकास योजना (आइपिपी) का लागि सम्झौता गरेको छ । १० गाउँमै आदिवासी जनजाति विकास योजना सल्लाहकार परिषद् गठन भएको छ । जग्गा अधिग्रहण र स्थानीयलाई भौतिक रूपमा विस्थापन गरेको लामो समयपछि आयोजना कम्पनीले ऋणदाताका अनिवार्य सर्त पूरा गर्नका लागि आयोजना वातावरण तथा सामाजिक प्रभाव क्षेत्र (इएसआइए), जग्गा अधिग्रहण एवं जीविकोपार्जन पुनर्स्थापना कार्यक्रम (एलएएलआरपी), लैंगिक कार्ययोजना (जिएपी), सरोकारवाला संलग्नता योजना (एसइपी), गुनासो सुनुवाइ संयन्त्र (जिआरएम) र आदिवासी जनजाति योजना (आइपिपी) सहित धेरै योजना मस्यौदा एवं दस्तावेजीकरण गरेको छ ।

> स्थानीयको जीविका र अस्तित्वसँग जोडिएको जल, जंगल र जमिन कम्पनीले लिएर आयोजना बनाउँछ । यसबाट आयोजनाले ठूलो पैसा कमाउँछ । पैसा बाहिर जान्छ । यस्तोमा स्थानीय पानीबाट हुने उत्पादनले कमाउने पैसामा स्थानीयले पनि लाभ बाँडफाँटको माग राख्नु सर्वथा अनुचित होइन ।

के हो २१६ आयोजना ? : माथिल्लो त्रिशूली- १ आयोजना २१६ मेगावाट क्षमताको छ । यसको डाइभर्सन बाँध भोटेकोसी नदी र गोसाइँकुण्ड नदीको संगम खोदल र गोम्बोखर्कमा पर्छ । डाइभर्सन बाँधबाट १५ किलोमिटर टाढा पर्ने मैलुङ र त्रिशूली नदीको संगम मैलुङमा बिजुली उत्पादनका लागि पावर हाउस बन्दै छ ।

यो आयोजना अहिलेसम्मकै ठूलो वैदेशिक लगानी (६४७.४ मिलियन अमेरिकी डलर) करिब ६३ अर्बमा बन्न लागेको हो । ०६८ चैतबाट सुरु भएको त्रिशूली- १ आयोजना ०८३ सालसम्म सक्ने लक्ष्य छ । नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीको नेतृत्वमा यो योजना बन्दै छ र मुख्य लगानीकर्ताहरू आइएफसी, एडिबी, एआइआइबी, एफएमओलगायत छन् ।

आयोजनाबाट स्थानीयले पाउन सक्ने लाभ : एफपिक गर्ने क्रममा आदिवासी जनजाति योजना तय भएको छ । कम्पनीले एफपिक कार्यान्वयनका लागि ११.२५ मिलियन डलर अर्थात् करिब १४ करोडभन्दा बढी दिने सम्झौता गरेको छ । सोको कार्यान्वयन एवं स्थानीयका थप माग पूरा गर्न त्रिपक्षीय (कम्पनी, स्थानीय र स्थानीय सरकारका प्रतिनिधि) सम्झौता पनि भएको छ । अति प्रभावित १० गाउँका मानिसका लागि कम्पनीले जीविकोपार्जनमा सहयोग गर्ने, रोजगारीमा प्राथमिकता दिनेलगायत कार्यका लागि ०७५ कात्तिक १५ मा सम्झौता भएको छ । त्यसबाट स्थानीयलाई फाइदा पुग्नेछ ।

एफपिक आइपिपी कार्य समूहले ०७५ कात्तिक १४ मा पहिचान गरी तयार गरेको माग पनि कार्यान्वयनका लागि सहमतिसहित कम्पनीले हस्ताक्षर गरेको छ । ती मागमा अति प्रभावित स्थानीयलाई निःशुल्क सेयर वितरण, निःशुल्क बिजुली, गाउँ-गाउँसम्म पहुँचयोग्य सडक निर्माण र कर्मचारी एवं कामदार नियुक्त गर्दा योग्यता र क्षमताका आधारमा स्थानीयलाई पहिलो प्राथमिकता दिनुपर्ने विषय समावेश छन् । जल, जंगल र जमिन गुमाएका, आयोजनाका कारण विभिन्न समस्या भोग्नुपर्ने भएकाले स्थानीय समुदायका यी माग सान्दर्भिक पनि छन् ।

अहिले पनि केही स्थानीयले यस योजनाको साना ठेक्का लिएर काम गरिरहेका छन् । यसले स्थानीयलाई रोजगारीको अवसर सिर्जना गरेको छ । आफ्नो आदिवासी समुदायको हक अधिकार स्थापना गर्न र कम्पनीसँग अधिकतम फाइदा लिन स्थानीयको एकता जरुरी छ । संगठित शक्ति बलियो भएमा कम्पनीले स्थानीयको हरेक माग सुनेर उनीहरूलाई हरेक अवसरमा पहिलो प्राथमिकता दिने वातावरण बनाउन सकिन्छ ।

अन्त्यमा : स्थानीयको यो आयोजनासँग ठूलो अपेक्षा छ । यसले धेरै रोजगारीका अवसर अवश्य सिर्जना गर्नेछ । तर, अहिले स्थानीयले भन्दा बाहिरकाले बढी अवसर पाएका छन् । कम्पनीले पटक-पटक स्थानीयसँग गरेको सम्झौता र सहमति कार्यान्वयन गरेको देखिँदैन । केही स्थानीय सीमित अगुवा र जिल्ला/राष्ट्रियस्तरको राजनीतिक पहुँच र सम्बन्धबाट कम्पनी अघि बढ्न खोजेको र स्थानीयसँग गरिएको सम्झौता र सहमतिलाई बेवास्ता गर्न खोजेको देखिन्छ । त्यसले दीर्घकालीन समाधान दिँदैन । त्यसैले स्थानीय आदिवासी जनजातिको माग पूरा गर्दै उनीहरूलाई नै साथमा लिएर अघि बढेमा कम्पनीलाई पनि फाइदा हुनेछ । किनकि, स्थानीयको जीविका र अस्तित्वसँग जोडिएको जल, जंगल र जमिन कम्पनीले लिएर आयोजना बनाउँदै छ । यसबाट आयोजनाले ठूलो पैसा कमाउनेछ । पैसा बाहिर जानेछ । स्थानीय पानीबाट हुने उत्पादनले आउने पैसामा स्थानीयले पनि लाभ बाँडफाँटको माग राख्नु सर्वथा अनुचित होइन । त्यसैले पुस्तौंदेखि यहाँको भूमि, पानी, वनको संरक्षण गर्दै र त्यसैबाट संस्कृति र जीवन धानेका आदिवासीलाई विस्थापन हुनुपर्ने स्थितिबाट जोगाउन स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) को मर्मअनुरूप तयार पारिएको कार्ययोजना लागू हुनुपर्छ । लागू हुनुपूर्व यसबारे स्थानीय समुदाय र सरोकारवालाबीच गहिरो छलफल आवश्यक छ, ताकि यसबाट स्थानीय प्रभावितले अधिकतम लाभ लिन सकून् ।

स्थानीयलाई बेवास्ता गरेर आयोजना अघि बढ्दा विभिन्न खालका समस्या आउनेछन् । त्यसबाट न कम्पनीलाई फाइदा पुग्छ, न त स्थानीयलाई नै । त्यसैले, दुवै पक्ष (स्थानीय र आयोजना निर्माण कम्पनी) आपसी संवाद र सहकार्य गरेर अघि बढ्दा दुवै पक्षलाई फाइदा हुने देखिन्छ ।

(नेपाली र डा. बस्नेत भूमि अभियन्ता हुन्)

३ प्रश्न

पूर्वस्वास्थ्यसचिव डा. **सुशीलनाथ प्याकुरेल**लाई



शुल्क तिर्न सक्ने क्षमता भएका पहुँचवालाले स्वास्थ्य सेवामा छुट लिनु कति जायज हो ?

हाम्रो संविधानले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हक मानेको छ । कुनै पनि स्वास्थ्य सेवाबाट वञ्चित हुनु संविधानविपरीत कार्य हो । संविधान लेख्ने सभासद अधिकांश धनीमानी र पहुँचवाला नै थिए । त्यसैले, गरिब जनतालाई निःशुल्क स्वास्थ्योपचारको सुविधाबाट वञ्चित गराएर आफूहरूले चाहिँ छुट सुविधा लिनु ठुलाठालु र पहुँचवालाका लागि सुहाउने कार्य होइन । देशभरका स्वास्थ्य संस्थाले आफ्नो संस्थाबाट छुट सुविधा लिने सबैको नाम नागरिक बडापत्रसँगै नियमित रूपमा सार्वजनिक गरिदिने हो भने यस्तो बेथितिमा सुधार आउन सक्छ ।

गरिब तथा निमुखा जनताले उपचार अभावमा अकालमा ज्यान गुमाउनुपर्ने अवस्था कहिले अन्त्य होला ?

स्वास्थ्य सेवा जनताको मौलिक हक भएकाले राज्यले स्थानीय वडा तहदेखि नै आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरी उपचार सेवाको भरपर्दो प्रबन्ध मिलाउनुपर्छ । स्वास्थ्य सेवाका लागि आवश्यक दरबन्दी खडा गरी स्वीकृत गर्नुपर्छ । आकस्मिक स्वास्थ्योपचार सेवालाई प्रभावकारी बनाउनुपर्छ । स्वास्थ्य बिमा कार्यक्रमलाई 'फुल फेज' मा कार्यान्वयनमा लानुपर्छ ।

सम्पूर्ण जनतालाई स्वास्थ्य बिमा कार्यक्रममा समेट्न के गर्नुपर्छ ?

हाम्रो स्वास्थ्य बिमा कार्यक्रमको नीति नै ठिक छैन । यसमा व्यापारीकरण भएको छ । सबैभन्दा पहिले राज्यले गरिब तथा विपन्न नागरिक पहिचान गरी तिनलाई परिचय पत्र दिनुपर्छ । सोही परिचय पत्र हेरेर स्थानीय तहले गरिब जनताको प्रिमियम तिरिदिने व्यवस्था गर्नुपर्छ । र, बिमित जहाँ भए पनि उसलाई त्यहीं स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्छ ।

प्रेरक प्रसंग

के हो परोपकार ?

पीपललाई हिन्दू धर्ममा पवित्र वृक्ष मानिन्छ । यसको ठूलो धार्मिक महत्व छ । एउटा गाउँमा पीपलको ठूलो रुख थियो । गाउँका महिला, बालबालिका तथा पुरुष सबै नै विभिन्न अवसरमा उसको पूजा गर्थे । शनिबार पीपलको रुखमा जल चढाउनेको घुइँचो नै लाग्थ्यो । समय बित्दै गयो । पीपलको रुख बढ्दै गयो । रुख निकै पुरानो भयो । उसका हाँगाबिँगा सुक्दै गए । सुकेका हाँगाबिँगा भाँचिएर खस्न थाले । रुखको अवस्था देखेर गाउँका भद्रभलादमीको बैठक बस्यो । बैठकले पीपलको रुख ढालेर त्यसका हाँगाबिँगा घरेलु उपयोगमा लगाउने निर्णय गऱ्यो । भोलिपल्ट निर्णय कार्यान्वयनका लागि मानिसहरू हातहातमा बन्चरो, आरो, खुर्पा, खुँडा बोकेर पीपलको रुखमुनि जम्मा भए । पीपलको रुखसँगै अर्को एउटा रुख पनि थियो । उसले बिस्तारै पीपलसित भन्यो- 'पीपल दाजु हेर्नुस् त, कुनै वेला तपाईंको पूजा गर्ने, तपाईंलाई जल चढाउने मानिस आज बूढो भएपछि तपाईंलाई नै काट्न भेला भएका छन् । यी मानिस कति स्वार्थी छन् ! तपाईंलाई यो सब रमिता देख्दा रिस उठ्दैन ?'



पीपलले खुसी हुँदै जवाफ दियो- 'किन रिसाउनु मित्र, म त खुसी पो भएको छु त ! बाँचुन्जेल पनि म मानिसको काममै उपयोग भएँ, आज मर्दै गर्दा पनि म उनीहरूको काममै उपयोग हुँदै छु । आखिर हाम्रो काम भनेकै परोपकार गर्नु त हो । रुखले फल दिनु, नदीले पानी दिनु सबै परोपकार नै होइन र ?'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

उत्पादित विद्युत् समस्या नबनोस्

नयाँ पत्रिकामा प्रकाशित विश्व बैंकले १०६१ मेगावाटको अपर अरुण जलविद्युत् आयोजनामा लगानी गर्न लागेको समाचार पढ्दा खुसी लाग्यो । अन्य जलविद्युत् आयोजनाबाट पनि विद्युत् उत्पादन दिनानुदिन बढिरहेको छ । उत्पादित विद्युत्को आन्तरिक खपतका लागि सम्बन्धित निकायबाट सकारात्मक कार्य अघि बढाउन कोसिस गर्नुको सट्टा बाह्य मुलुकसँग मात्र विद्युत् निर्यातका लागि भर पर्नु उपयुक्त हुँदैन । सरकारले आन्तरिक खपत वृद्धि गर्न र ग्यासको आयात घटाउन न्यूनतम मूल्यमा विद्युत् उपलब्ध गराई आमनागरिकलाई इन्डक्सन चुलोको प्रयोगमा प्रोत्साहित गर्नुपर्छ । यसका अतिरिक्त हाइड्रोजन इनर्जी उत्पादन र बजार व्यवस्थापनतर्फ पनि सम्बन्धित निकायको ध्यानाकर्षण होस् । अन्यथा, उत्पादित विद्युत् नै भन् ठूलो समस्या नहोला भन्न सकिँदैन ।

● **चूडामणि आचार्य,** कालिका-२, पदमपुर, चितवन
हाल : बाफल, काठमाडौं

उपचारमा यस्तो विभेद किन ?

महिनामै लाखभन्दा माथि तलब, भत्ता र सुविधा पाउने नेपाल सरकारका मुख्यसचिवले आफ्नो उपचारमा खर्च भएको ५३ हजार पनि तिर्न सक्दैनन् हो ? अनि, मन्त्रालयका सचिव भइसकेका र हाल कार्यरत सचिवले पनि आफ्नो उपचारमा खर्च भएको चार-पाँच हजार पनि तिर्न सक्दैनन् हो ? ठिकै छ, सक्दैनन् भने उनीहरूको उपचार राज्यले गरिदिनु स्वाभाविक हो । तर, उनीहरूसँगै देशको दूरदराजबाट आएका गरिब बिरामीले पनि त्यसैगरी स्वास्थ्य सेवामा छुट पाउनुपर्छ । अन्यथा, राज्यले जनतामाथि गम्भीर विभेद गरेको ठहर्छ ।

● **पवित्रा विश्वकर्मा**
सामाखुसी, काठमाडौं

गरिबको उपचार कहिले हुन्छ ?

'स्वास्थ्य सेवाको दुर्दशा : निमुखा उपचार नपाएर मर्छन्, मन्त्रीसहितका पहुँचवाला निःशुल्क उपचार पाउँछन्' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो । निःशुल्क उपचार गरिबलाई चाहिने हो, धनीलाई होइन । धनी र पहुँचवालाले त महँगा अस्पतालमा चर्को शुल्क तिरेर पनि उपचार गराउन सक्छन् । तर, गरिबले सरकारी अस्पतालको सामान्य शुल्कसमेत तिर्न सक्दैनन् । यस्तो अवस्थामा धनीले निःशुल्क स्वास्थ्य सेवा पाइरहने र गरिबचाहिँ सामान्य शुल्कसमेत तिर्न नसकेर मरिरहने अवस्था आउँछ । आखिर गरिब जनताले राज्यको सुविधा कहिले पाउलान् ?

● **सुमन डल्लाकोटी**
पाटनढोका, ललितपुर

स्वास्थ्य सेवामा सुधार गर

आममानिसको स्वास्थ्य सेवामा सरकारले कस्ता-कस्ता व्यवस्था मिलाएर काम गरिरहेको छ ? यसबारे आममानिस स्पष्ट रूपमा जानकार हुनुपर्छ । हिजोका दिनमा सरकारी अस्पतालमा उपचार गर्न साधारण मानिसले जति सहजताको अनुभव गर्थे, आज यस्तो अवस्था देखिन्न । यसले गर्दा प्रभावकारी स्वास्थ्य सेवाको अभावमा कैयौंको अकालमै ज्यान गइरहेको छ । अब जुनसुकै पार्टीको सरकार बने पनि आममानिसको स्वास्थ्यस्थिति सुधारमा ध्यान दिनुपर्ने देखिन्छ ।

अब हरेक सरकारी अस्पतालमा स्पष्ट र कडा सरकारी नीति अवलम्बन गर्नुपर्ने देखिन्छ । कुनै पनि रोगको उपचार गर्न आउने सर्वसाधारणको अवस्था हेरी तत्काल उपचार गर्ने, हप्तादिनभित्र गर्ने, महिनादिनभित्र गर्ने र तीन महिनाभित्र उपचार गर्ने गरी समयतालिका बनाएर बिरामी र तिनका आफन्तलाई प्रस्ट जानकारी गराउनुपर्छ । हरेक अस्पतालमा कुनै पनि बिरामीमाथि कुनै पनि विभेद नगरी उपचारको व्यवस्थापन गर्नुपर्छ । अस्पतालले तोकेको शुल्क तिर्न सक्नेजति सबैलाई शुल्क तिराउने र तिर्नैनसक्नेजति सबैको निःशुल्क उपचार गर्ने व्यवस्था मिलाउनु राज्य र सरकारी अस्पतालहरूको दायित्व हो । यसरी स्पष्ट नीति, नियम र प्रक्रिया निर्धारण गरेर बिरामीको उपचार पद्धतिमा नजाने हो भने आममानिसले स्वास्थ्य सेवा प्राप्त गर्न कठिन हुनेछ । यसतर्फ सबैको ध्यान जाओस् !

● **हेमकुमार थापा,** भक्तपुर
hemkth@yahoo.com

आइसिजेले असदको मूल प्रवाहीकरणमा सुस्तता ल्याउनेछ

क्यानडा र नेदरल्यान्ड्सको प्रयासले असद कुनै न कुनै दिन संकुचित हुनेछन् र उनका साझेदार युद्धअपराधीलाई काँधमा बोक्दाबोक्दा थकित हुनेछन्



देश / विदेश

● मार्क क्रेस्टेन

सिरियाका राष्ट्रपति बसर अल-असदले अहिले उन्मुक्ति पाइरहेका छन् । आफ्नो सत्ताले जनताविरुद्ध गरेका अनगिन्ती अपराधमा न्यायको कठघरामा उभिनुपर्नेमा यी सिरियाली तानाशाह विदेशी नेतासँग मेलमिलापको सौदाबाजीमा व्यस्त छन् । सन् २०११ मा सिरियाली गृहयुद्ध सुरु भएको थियो । त्यसयता भएका प्रत्येक मानवअधिकार उल्लंघन र अन्तर्राष्ट्रिय अपराधले अन्तर्राष्ट्रिय कानुनमा निहित सबै अपराधको मापदण्ड पूरा गरेका छन् र यी दोहोरिइरहेका पनि छन् । कुनै समय थियो, जब यी अत्याचार र सिरियाबाट भागेका नागरिकको निराशाजनक दुर्दशाले विश्वको ध्यान खिचेको थियो, तर हालैका वर्षमा यस्तो देखिँदैन । यसकारण सिरियामा भएका अत्याचारका लागि मागिने जवाफदेहिता क्षणिक हुनु अचम्मको विषय होइन ।


युद्धअपराध, मानवताविरुद्धको अपराध र नरसंहारजस्ता अपराध आफ्नो अधिकार क्षेत्रमा पर्ने अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) लाई सिरियामा भएका अत्याचारमाथि अनुसन्धान गर्नबाट पहिला अमेरिकाले अवरोध गऱ्यो र अहिले चीन र रुसले अवरोध गरिरहेका छन् । युरोपेली राष्ट्रले सिरियाली युद्धअपराधीलाई आफ्नो न्याय क्षेत्रमा आफ्नो कानुनी अधिकार प्रयोग गर्दै अनुसन्धान गरेका धेरै उदाहरण छन्, तर यी अभियोजन सिरियामा भएका अत्याचारको व्यवस्थित र व्यापक चरित्रलाई सम्बोधन गर्न असफल भएका छन् । क्यानडाले सिरियाको इस्लामिक स्टेटमा संलग्न हुँदै मानवताविरुद्धको अपराध र युद्धअपराधमा भागिदारी जनाएका आफ्नै सन्दिग्ध नागरिकका लागि कानुनी सेवा उपलब्ध गराउनसमेत इन्कार गरेको छ ।

हालै क्यानडा र नेदरल्यान्ड्सले सिरियाविरुद्ध अन्तर्राष्ट्रिय न्यायालय (आइसिजे)मा कानुनी कारबाही सुरु गरेको घोषणा गरेका छन् र यो घोषणा विशेष रूपमा उल्लेखनीय छ । क्यानडाका अनुसार ऊ दमास्कसलाई यातनाविरुद्धको संयुक्त राष्ट्रसंघको महासन्धिअन्तर्गत 'सन् २०११ देखि सिरियाली जनतामाथि भएका असंख्य मानवअधिकार उल्लंघनका लागि' कानुनी रूपमा जिम्मेवार ठहऱ्याउन चाहन्छ ।

कानुनी सुनुवाइ गर्मीयामको अन्त्यमा सुरु हुने सम्भावना छ र असद सत्ताले यातना दिएका, अपांग बनाइएका र हत्या गरिएका हजारौं सिरियालीलाई सुनुवाइले बिर्सिनेछैन भन्ने आशा छ । सुनुवाइले मानवताविरुद्धको अपराधको जवाफ दिन असदलाई अन्तर्राष्ट्रिय अदालतमा घसिट्नेछ भन्ने होइन । बरु क्यानडा र नेदरल्यान्ड्सले 'विश्व अदालत'मा सिरियाले यातनासम्बन्धी कानुन पालना गरोस् भन्ने प्रत्याभूतिका लागि मुद्दा चलाउँदै छन् । विशेषतः यी दुई मुलुकले आइसिजेले 'सिरियाले निरन्तर उल्लंघन गरिरहेको यातनाविरुद्धको महासन्धिअन्तर्गत सिरियाभित्र रहेका मानिसको जीवन, भौतिक एवं मानसिक स्वास्थ्यको रक्षा गर्न वा यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय पाउने जोखिममा रहेका' सिरियाली नागरिकको 'अधिकारको संवर्द्धन एवं संरक्षण गर्न' आदेश जारी गरोस् भन्ने चाहन्छन् ।

दमास्कसले कस्तो प्रतिक्रिया दिन्छ, त्यो हेर्न भने बाँकी नै छ । दमास्कसले कारबाहीलाई पूर्ण रूपमा बेवास्ता गर्न सक्छ वा आफ्नो स्थिति व्याख्या गर्ने प्रयासमा म्यानमारले रोहिंग्या नरसंहार मामिलामा आइसिजेमा जनाएझैं आपत्ति जनाउन सक्छ ।

क्यानडा र नेदरल्यान्ड्सको कदम हेर्दा प्रतीकात्मक देखिन सक्छ । तर, प्रतीक महत्वपूर्ण छ । न्याय सधैं नतिजामा मापन हुँदैन । प्रक्रिया पनि महत्वपूर्ण हुन्छ । पश्चिमा जगत्को ध्यान युक्रेन मामिलामा केन्द्रित भए पनि आइसिजे मुद्दाले क्यानडा र नेदरल्यान्ड्स असद सत्ताको हिंसाबाट पीडित र बाँच्न सफलका



तस्बिर : साउदी प्रेस एजेन्सी/रोयटर्स

पक्षमा दृढतापूर्वक लागेका छन् भनेर देखाउँछ । यी दुई मुलुकले सिरियामा भएका अत्याचारका लागि न्यायलाई जीवित राखिरहेका छन् र सिरियाली जेलमा यातना व्यहोरिरहेका हजारौं नागरिकलाई बेवास्ता गर्न अस्वीकार गरिरहेको तथ्य महत्वपूर्ण छ ।

दुःखद सत्य के छ भने असदले सिरियामा युद्ध जितेका छन् । तीन लाखभन्दा बढी सिरियाली जनता मारिएका छन्, तापनि विभिन्न राज्यले दमास्कससँग सम्बन्ध सामान्य बनाइरहेका छन् । लागुऔषधको व्यापारविरुद्ध लड्न र शरणार्थी समस्या समाधान गर्न गत महिना अरब लिगले सिरियाली राष्ट्रपतिलाई न्यानो स्वागत गरेको थियो । असदको यो फिर्तीको श्रेय उनका नजिकका साझेदार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई पनि दिन सकिन्छ, किनभने पुटिनले असदको लामो समयदेखिको अन्तर्राष्ट्रिय अलगावलाई तोड्ने काम गरेका छन् ।

अन्ततः न्यायले एक दिन असदलाई न्याक्नेछ भन्ने आशालाई जीवित राख्दा उनको राजनीतिक पुनर्स्थापनालाई रोक्न नसकिएला, तर यसले पुनर्स्थापनालाई सुस्त बनाउन सक्छ । यातनाको अभियानमा सिरियालाई आइसिजेमा ल्याउने निर्णयले असदसँग व्यापार गर्ने मनसाय राख्नेहरूलाई राजनीतिक स्पेसको उपलब्धतामा रोक लगाउन मद्दत गर्नेछ । किनभने, व्यापार गर्ने मनसाय भएका मुलुकले रुसको अधीनस्थ रहने र हत्यारा राज्यसँगको सम्बन्धलाई पुष्टि गर्नुपर्नेछ । सुनुवाइले असदजस्ता अन्य अत्याचारी उदाहरणका लागि पुटिनलाई अत्याचारको म्याद सकिँदैन भन्ने सन्देश पनि दिन्छ ।

आइसिजेमा नेदरल्यान्ड्स र क्यानडाले चालेको कदमले असदलाई आफ्नै अत्याचारले पिरोलिराख्नेछ । अर्थात्, सिरियाका पीडित र बाँच्न सफल सार्वजनिक स्मृति र अन्तर्राष्ट्रिय अदालत दुवैमा सान्दर्भिक रहनेछन् ।

जवाफदेहिताको प्रक्रिया प्रायः घुमाउरो र पीडादायी रूपमा ढिलो हुने गर्छ । तर, क्यानडा र नेदरल्यान्ड्सजस्ता मुलुकको प्रयासका कारण असद कुनै न कुनै दिन संकुचित हुनेछन् र उनका साझेदार युद्धअपराधीलाई काँधमा बोक्दाबोक्दा थकित हुनेछन् । यो क्षण आएका दिन सिरियाली जनताको न्यायको इच्छा मृगतृष्णा नभई यथार्थ साबित हुनेछ ।

(क्रेस्टेन वायोमो फाउन्डेसनका परामर्शदाता र मंक स्कुल अफ ग्लोबल अफेयर्स, टोरोन्टो विश्वविद्यालयका शोधकर्ता हुन्)
अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

चीनमा अहिले पनि 'प्रभावशाली मित्र' मानिन्छन् सय वर्षीय हेनरी किसिन्जर

सन् १९७१ को उनको ऐतिहासिक चीन भ्रमणको पचास वर्षपछि पनि हेनरी किसिन्जरमा चीनप्रतिको रुचि रत्तिभर घटेको छैन । आधा शताब्दीअघि उनले बेइजिङ-अमेरिका कूटनीतिक सम्बन्ध सुरु गरेर चीनलाई मस्कोविरुद्ध उभिन मनाएका थिए, जसका कारण अमेरिका-सोभियत संघबीचको शीतयुद्धको शक्ति सन्तुलन सर्घैंका लागि बदलिन पुग्यो । हिजोका दिन सोभियत संघविरुद्ध एक ठाउँमा उभिएका अमेरिका र चीन नै अहिले एक-अर्काको आमनेसामने भएका छन् । हालै १०० वर्ष पुगेका किसिन्जरले यी दुई शक्तिराष्ट्रबीचको सैन्य मुठभेडका 'भयानक परिणाम'बारे चेतावनी दिँदै आएका छन् । अहिले यी दुई मुलुक 'शीतयुद्धको प्रस्थानबिन्दु'मा उभिएको उनले सतर्क गराउने गरेका छन् । धेरैले वासिंटनमा किसिन्जरको प्रभाव घटेको बताइरहँदा चीनमा भने त्यस्तो स्थिति छैन ।

'किसिन्जरले विश्व मामिला र चीनबारे कुरा गर्दा हामीले श्रद्धापूर्वक र ध्यानपूर्वक सुन्नुपर्छ,' नाम उल्लेख नगर्ने सर्तमा एक चिनियाँ कूटनीतिज्ञले बताए । सर्यौं जन्मदिनको अवसरमा अमेरिकाका लागि चिनियाँ राजदूत सिई फेङले केन्ट, कनेक्टिकटस्थित किसिन्जरको घरमा पुगेर बेइजिङको तर्फबाट शुभकामना दिएका थिए । 'भेटमा दुईजनाबीच चीन-अमेरिका सम्बन्ध र साझा चासोको क्षेत्रीय मुद्दाबारे गहन छलफल भएको' पछि चिनियाँ दूतावासले जानकारी दिएको थियो । किसिन्जर उनको गृह मुलुकभन्दा चीनमा लोकप्रिय छन् । र, यस तथ्यले खासमा बेइजिङले आफूहरूबीचको वैचारिक र भूराजनीतिक प्रतिद्वन्द्विताका बाबजुद अमेरिकासँगको सम्बन्धलाई दिएको उच्च महत्त्वलाई प्रकाश पार्ने जानकारहरू बताउँछन् ।

चीनका पाँच पुस्ताका शीर्ष नेताहरू-माओत्सेतुङ, देङ सियाओपिङ, जियाङ जेमिन, हु जिन्ताओ, सी जिनपिङसँग घनिष्ठ सम्बन्ध विकास गर्न सक्नुलाई अज्ञताहरू किसिन्जरको कूटनीतिक क्षमताको प्रमाण मान्छन् । सन् २०१९ नोभेम्बरमा कोरोना महामारी सुरु हुनु केहीअघिको चीनको पछिल्लो भ्रमणमा उनले सी जिनपिङसँग आत्मीय भलाकुसारी गरेका थिए । त्यस भेटमा सीले चीन-अमेरिका सम्बन्धमा किसिन्जरको 'ऐतिहासिक योगदान'का अतिरिक्त 'गहिरो ऐतिहासिक ज्ञान र परम्परागत चिनियाँ संस्कृतिको गहन जानकारी'को प्रशंसा गरे । जवाफमा किसिन्जरले पनि सीको प्रशंसा गरे र पुनः उनको मनपर्ने विषय अर्थात् महाशक्ति राष्ट्रबीचको अप्रत्यासित भिडन्त रोक्ने उपायबारे बोल्न सुरु गरे । त्यस क्रममा उनले विगत पचास वर्षमा झन्डै १०० पटक चीनको भ्रमण गरेको पनि सगर्व बताए ।

> अमेरिका-चीनबीचको द्विपक्षीय सम्बन्धमा किसिन्जरले जस्तो महत्त्वपूर्ण भूमिका सायदै अरू अमेरिकीले निभाएका हुन सक्छन् । चिनियाँ पक्ष किसिन्जरसँग खुलेर कुरा गर्न सहज मान्छन् ।



अमेरिका-चीनबीचको द्विपक्षीय सम्बन्धमा किसिन्जरको जति महत्त्वपूर्ण भूमिका सायदै अरू अमेरिकीले निभाएको हुन सक्ने वाङ हुइयाओले बताए । किसिन्जरलाई '२०औं शताब्दीका सबैभन्दा ठूला कूटनीतिज्ञको संज्ञा दिने हुइयाओ बेइजिङसँग नजिक थिंक ट्यांक 'सेन्टर फर चाइना एन्ड ग्लोबलाइजेसन'का संस्थापक तथा अध्यक्ष हुन् । चिनियाँ सरकारका पूर्वअधिकारी रहिसकेका हुइयाओले चीनको नजरमा किसिन्जरको सबैभन्दा ठूलो योगदान उनले चीन-अमेरिका सम्बन्ध सामान्यीकरण गर्न निभाएको भूमिका रहेको बताए ।

वाङका अनुसार किसिन्जरलाई उनको दृष्टिकोण, चीनबारे गहिरो बुझाइ र शान्ति स्थापना गर्ने असाधारण क्षमताका अतिरिक्त चीनलाई विश्वसँग खुल्न सघाएको र द्विपक्षीय सहकार्य प्रवर्द्धन गर्न सघाएका कारण बेइजिङमा स्नेहपूर्वक सम्झिइने गरिन्छ । अमेरिकासँगको सम्बन्ध सुधार चीनको विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा उदयतर्फको महत्त्वपूर्ण कदम भएको वाङले बताए । सन् १९७९ मा अमेरिकाको पहिलो राजकीय भ्रमणको समयमा तत्कालीन चिनियाँ नेता देङ सियाओपिङले भनेको उद्धरण दोहोऱ्याउँदै वाङले भने, 'अमेरिकासँग राम्रो सम्बन्ध बनाउने देशको विकास हुन्छ ।'

वाङका अनुसार किसिन्जरले चीनको अमेरिकासँगको सम्बन्ध व्यवस्थापनमा 'अद्वितीय र अपरिहार्य' भूमिका खेलेका कारण चिनियाँ नेता र शीर्ष कूटनीतिज्ञ उनलाई अझै पनि ह्वाइट हाउससँगको संवाद सेतुको रूपमा हेर्छन् । संकटको समयमा उनीसँग नियमित सल्लाह माग्छन् । 'वासिंटनको दशकौं पुरानो चीनसँग संलग्न हुने नीति लागू गर्नमा उनको योगदानका कारण चीनले किसिन्जरलाई एक विश्वसनीय पुरानो मित्र मान्छ,' उनले भने । सन् २०१६ डिसेम्बरमा राष्ट्रपति निर्वाचित भएर पदभार ग्रहणको पर्खाइमा रहेका डोनाल्ड ट्रम्पले ताइबानी राष्ट्रपति साई इङ-वेनसँग अभूतपूर्व फोन गरे । त्यसको भोलिपल्ट किसिन्जरसँग बेइजिङमा भेटेका चिनियाँ राष्ट्रपति सीले उक्त घटनामा कसरी अघि बढ्ने रायसल्लाह मागेका थिए । सन् २०११ मा प्रकाशित आफ्नो पुस्तक 'अन चाइना'मा, किसिन्जरले सन् १९८९ को रक्तपातपूर्ण तियानमेन घटनापछि उत्पन्न कूटनीतिक संकटलाई कसरी व्यवस्थापन गर्ने विषयमा देङलाई सल्लाह दिएको उल्लेख गरेका छन् । बेइजिङले सोही वर्षको नोभेम्बरमा किसिन्जरलाई निजी भ्रमणको निम्तो दियो ।

अमेरिकाको बकनेल विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्ध विषय प्राध्यापन गर्दै आएका झिकुन भूले एक 'कट्टर यथार्थवादी'को रूपमा किसिन्जरले अमेरिकी विदेशी मामिलाका स्थापित विचारधारा, मूल्य-मान्यता र मानवअधिकारलाई बेवास्ता गर्दै चीनसँग बलियो सम्बन्धको पक्षपोषण गर्ने गरेको बताए । सन् २०२१ मा न्युयोर्कको एक कार्यक्रममा बोल्ने क्रममा यी अमेरिकी राजनेताले चीनलाई मानवअधिकारको विषयमा विशेष त हड्कङ र सिनजियाङका मुद्दामा धेरै पेल्न नहुने चेतावनी दिए । 'हामीले मानवअधिकारको मुद्दालाई विद्यमान संरचनालाई कमजोर बनाउने मुद्दाका रूपमा प्रयोग गर्नुहुँदैन । त्यसो गर्यौं भने हामी स्थायी मुठभेडमा फस्नेछौं,' किसिन्जरले कार्यक्रममा भनेका थिए । झुका अनुसार किसिन्जरलाई अमेरिकामा कतिपयले युद्ध अपराधीको आरोप लगाउने र उनको विरासत जटिल र विवादास्पद रहेको भए पनि चीनमा भने सरकारी अधिकारी, थिंक ट्यांक र आम प्राज्ञ सबैले उनको निकै सम्मान गर्ने बताए ।

'सन् १९७२ को निक्सनको चीन भ्रमणदेखिका हरेक चिनियाँ नेता अमेरिका-चीनबीचको सम्बन्ध सामान्यीकरणको प्रक्रियामा किसिन्जरको भूमिका अतुलनीय रहेको विश्वास गर्छन् । त्यसैले उनलाई त्यसयताका हरेक चिनियाँ नेताले 'पुरानो मित्र' मान्दै आए,' झुले भने । तथापि पछिल्लो समय अमेरिकामा बेइजिङप्रति बढ्दो प्रतिद्वन्द्विताको भावनामाझ चीनप्रतिको किसिन्जरको विचारमा केही परिवर्तन भएको झुको बुझाइ छ । 'सोभियत संघको विघटन र रुसी शक्तिको ह्रासपछि विश्वव्यापी केन्द्र युरोपबाट एसिया-प्यासेफिक क्षेत्रतर्फ सरेको छ । र, यस भेगमा चीन अमेरिकी प्रभुत्वका लागि चुनौतीको रूपमा देखा परेको छ,' झुले भने, 'यस सन्दर्भमा अन्य धेरै यथार्थवादीजस्तै किसिन्जरले पनि चीनलाई अमेरिकी हितका लागि खतराको रूपमा हेर्न थालेका छन् । यसका बाबजुद, उनी अमेरिका-चीन सम्बन्धबारे धेरै अमेरिकी कूटनीतिज्ञभन्दा नरम दृष्टिकोण राख्छन् र उनी चीनसँग भुठभेड पन्छाउनुपर्ने दृष्टिकोणलाई समर्थन गर्छन् ।'

अक्सफोर्ड विश्वविद्यालयअन्तर्गतको 'चाइना सेन्टर'का अनुसन्धान सहयोगी जर्ज म्याग्नसले चिनियाँ नेताहरूमा किसिन्जरको निरन्तर लोकप्रियताको एउटा कारण अन्य धेरै अमेरिकी अधिकारीको तुलनामा उनको छवि 'मित्रवत्, लचक र मुठभेडविरोधी' हुनुले पनि काम गरेको बताए । हालै सिबिएस टिभीसँगको अन्तर्वार्तामा किसिन्जरले युक्रेन युद्धजस्ता अन्तर्राष्ट्रिय द्वन्द्वमा चीनको मध्यस्थताको नयाँ भूमिकाको प्रशंसा गरे । 'चीन वार्तामा सहभागी भएकाले सम्भवतः यो वर्षको अन्त्यसम्ममा युक्रेन युद्ध एक खालको टुंगोमा पुग्ने मेरो विश्वास छ,' किसिन्जरले उक्त अन्तर्वार्तामा आशा व्यक्त गर्दै भनेका थिए । किसिन्जरले केहीअघि 'द इकोनोमिस्ट'लाई दिएको अन्तर्वार्तामा सी र अमेरिकी राष्ट्रपति जो बाइडेनबीच प्रत्यक्ष वार्ताको आह्वान गरे । किसिन्जर विश्वमा अमेरिकाको स्थान र जितप्रति चिन्तित हुने गरे पनि महाशक्तिबीचको टकरावको बढ्दो सम्भावनाबारे थप चिन्तित हुने गर्छन् । चीनसँग नियमित सम्पर्कमा रहनुपर्ने किसिन्जरको उदार दृष्टिकोण र वेलाबखत उनले चिनियाँ शासकप्रति देखाउने सम्मानभावले उनी वासिंटनका कट्टर अधिकारीको आलोचनाको निसाना बन्ने गर्छन् ।

जेम्स म्यान 'अबाउट फेसः ए हिस्ट्री अफ अमेरिकाज क्युरियस रिलेसनसिप विथ चाइना, फ्रम निक्सन टु क्लिन्टन' नामक पुस्तकका लेखक हुन् । उनका अनुसार धेरै अमेरिकीले समृद्धि बढेसँगै बेइजिङ थप खुला र कम दमनकारी हुने अपेक्षा गरेका थिए, तर त्यसअनुरूप नभएपछि अमेरिकीहरू चीनप्रति निराश भए । 'सोभियत सैन्य शक्तिले दुई देशलाई नजिक ल्याएको थियो । तर, आज फेरि चीन सोभियत संघको विरासत बोकेको रुससँग नजिकिएको छ । रुसले युरोपमझा मच्चाइरहेको युद्ध चीनले सघाएको छ,' म्यानले भने ।

किसिन्जरले अमेरिका-चीन सम्बन्धमा अझै पनि विशिष्ट र महत्त्वपूर्ण स्थान ओगटेको जर्ज-टाउन युनिभर्सिटीको 'इनिसिएटिभ फर युएस-चाइना डायलग अन ग्लोबल इस्युज'का रिसर्च फेलो डेनिस वाइल्डरले बताए । 'चिनियाँ अधिकारी र प्राज्ञहरू उनलाई 'पुरानो मित्र' मान्छन् । विश्वासको यस विरासतको कारण चिनियाँ पक्ष किसिन्जरसँग खुलेर कुरा गर्न सहज मान्छन् । चिनियाँहरूमा किसिन्जरले तिनका कुरा अमेरिकी प्रशासनसम्म पुऱ्याउन सक्षम हुन्छन् भन्ने विश्वास देखिन्छ,' बाइल्डरले भने । तर, अमेरिकामा भने किसिन्जरको यो स्तरको सम्मान छैन । उनीबारे धारणा व्यापक विभाजित पाइन्छ । 'चीनविरोधी खेमाका अमेरिकी नीति-निर्माता निक्सनले चीनसँग सम्बनध सुधार्नु नै गल्ती भएको मान्न थालेका छन् । यसले चिनियाँ कम्युनिज्मलाई विश्व बजारमा पहुँच दिएर बलियो बन्ने अवसर दिएको तिनको धारणा छ । तर, अमेरिका-चीन सम्बन्धलाई स्थिर बनाउनुपर्ने विश्वास गर्नेहरू भने किसिन्जरको विचारलाई महत्त्व दिने गर्छन् ,' वाइल्डरले भने ।

साउथ चाइना मर्निङ पोस्टका लागि
सी जियाङताओ र बोचेन हानको आलेख

विश्व | संक्षेप

जलवायु परिवर्तनले जोखिम निम्त्याउने राष्ट्रसंघको चेतावनी

जेनेभा/ जलवायु परिवर्तनले भोकमरी र पीडाको 'डरलाग्दो' अवस्था निम्त्याउन सक्ने संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर तुर्कले चेतावनी दिएका छन् । तुर्कले जलवायु संकटसँग जुझ्दा छोटो अवधिका लागि मात्र सोच्ने विश्वका नेताहरूको आलोचना गरे । तुर्कले खाद्य अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को बहसमा भने, 'चरम मौसमी घटनाले बालीनाली, वन्यजन्तु र पारिस्थितिकीय प्रणालीलाई नष्ट पारिरहेको छ । यसले गर्दा समुदायको उत्थान र सहयोगका लागि काम गर्न कठिन बन्दै गएको छ ।' 'सन् २०२१ मा ८२ करोड ८० लाखभन्दा बढी मानिसले खाद्यान्न असुरक्षा र अभावको सामना गरिरहेकोमा जलवायु परिवर्तनले यस शताब्दीको मध्यसम्ममा थप आठ करोड मानिस भोकमरीको जोखिममा पर्ने अनुमान गरिएको छ,' तुर्कले भने । उनले अगाडि थपे, 'मानव जीवन थप कष्टकर बन्ने वातावरणको सिर्जना भएको छ । हाम्रो वातावरण जलिरहेको छ । यो पग्लिरहेको छ । बाढी आएको छ । उत्पादन घट्दै गएको छ । वातावरण सुक्खा बनिरहेको छ ।' जलवायु परिवर्तनलाई सम्बोधन गर्नु मानवअधिकारको मुद्दा भएको र जलवायु परिवर्तनबाट आउने जटिल संकट टार्न अझै समय लाग्ने उनको भनाइ छ ।


इजरायली सेनाको हमलामा पाँच प्यालेस्टिनीको मृत्यु

प्यालेस्टाइन/ इजरायली सेनाले सोमबार प्यालेस्टिनी क्षेत्रमा रहेको जेनिनको पश्चिमी किनारा (वेस्ट बैंक) क्षेत्रमा ड्रोन आक्रमण गरेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ । इजरायली सेनाले जेनिन शरणार्थी शिविरमा गरेको आक्रमणमा सातजनाको मृत्यु हुनुका साथै हेलिकोप्टरबाट क्षेप्यास्त्र प्रहार गरिएको दुई हप्तापछि पुनः ड्रोन आक्रमण सुरु भएको हो । इजरायलले उत्तरी-पश्चिम किनारामा रहेको प्यालेस्टिनी सशस्त्र समूहहरूको प्रभाव रहेको जेनिन सहर र यसको नजिकैको शरणार्थी शिविर, इजरायल र प्यालेस्टिनी समुदायमा यहुदी बस्तीबाट आक्रमण भएको भन्दै कारबाही सुरु गरेको जनाएको छ । प्यालेस्टिनीको स्वास्थ्य मन्त्रालयले सोमबारको कारबाहीमा पाँचजनाको मृत्यु हुनुका साथै २७ जना घाइते भएको जनाएको छ । जेनिनस्थित प्यालेस्टिनी रेड क्रिसेन्टका निर्देशक महमुद अल सादीले एएफपीसँग भने, 'ड्रोनमार्फत बमबारी भइरहेको र जमिनबाट पनि आक्रमण भइरहेको छ ।' धेरै घर र बस्तीवरपर बमबारी भएको र जतातैबाट धुवाँ उडिरहेको उनले बताए । इजरायली सेनाले स्थानीय लडाकु समूह 'जेनिन ब्रिगेड'को कमान्डपोस्टका रूपमा रहेको संयुक्त कारबाही केन्द्रमा आक्रमण गरेको पुष्टि गरेको छ । यो क्षेत्र प्यालेस्टिनी नेता महमुद अब्बासको प्यालेस्टिनी प्राधिकरणको नियन्त्रणमा छ र यसको वेस्ट बैंकमा आंशिक प्रशासनिक नियन्त्रण छ ।

पूर्वी टिमोरको स्वतन्त्रतानायक फेरि सत्तामा

टिमोर/ दक्षिणपूर्वी एसियाको सबैभन्दा कान्छो लोकतन्त्र पूर्वी टिमोरका पहिलो जननिर्वाचित राष्ट्रप्रमुख जानाना गुस्माओ प्रधानमन्त्री पदबाट राजीनामा दिएको आठ वर्षपछि पुनः सत्तामा फर्किएका छन् । इन्डोनेसियाली कब्जाविरुद्ध रक्तरञ्जित गुरिल्ला लडाइँपछि आफ्नो कार्यकालको पहिलो दुई कार्यकालमा देशलाई एकताबद्ध बनाउने श्रेय ७७ वर्षीय स्वतन्त्रताका प्रतिमूर्तिलाई दिइएको थियो । गुस्माओको पार्टी, विपक्षी 'नेसनल कंग्रेस फर टिमोरिस रिकन्स्ट्रक्सन (सिएनआरटी)'ले मेको चुनावमा भारी मतान्तरले विजय हासिल गरेको छ र प्रतिरोध आन्दोलनको नेतृत्वमा रहेको वर्तमान गठबन्धनलाई पराजित गरेको छ । सिएनआरटीले डेमोक्रेटिक पार्टीसँग मिलेर संसद्मा बहुमत हासिल गरेपछि गुस्माओलाई पुनः प्रधानमन्त्रीमा चयन गरिएको थियो । पोर्चुगाली-टिमोरी मूलका शिक्षकहरूका छोरा, गुस्माओ पोर्चुगाली उपनिवेशमा हुर्किएका थिए । उनी सन् १९७५ मा स्वतन्त्रपूर्वी टिमोर (फ्रेटिलिन)का लागि क्रान्तिकारी मोर्चामा सामेल भएका र पहिले पोर्चुगल र त्यसपछि इन्डोनेसियाबाट स्वतन्त्रताका लागि लडेका थिए ।

इतिहासमा आज — जुलाई ४



१८५५ : अमेरिकी लेखक वाल्ट ह्वाइटम्यानको लिभ्स अफ ग्रास प्रकाशन । यस कृतिलाई अमेरिकी साहित्यमा कोसेढुंगा मानिन्छ ।

- **सन् १८८४** : पेरिसमा फ्रान्सेलीहरूले संयुक्त राज्य अमेरिकालाई स्ट्याच्यु अफ लिबर्टी प्रदान गरेका थिए ।
- **सन् १९४६** : फिलिपिन्सले अमेरिकाबाट स्वतन्त्रता प्राप्त गऱ्यो । दक्षिणपूर्वी एसियाली देश फिलिपिन्सलाई झन्डै ३८१ वर्ष विभिन्न उपनिवेश शक्तिले शासन गर्दै आएका थिए । १६औं शताब्दीको सुरुमा स्पेनले शासन गरेको थियो ।
- **सन् १९६६** : अमेरिकाद्वारा सूचनाको स्वतन्त्रतासम्बन्धी विधेयकमा हस्ताक्षर । ३६औं राष्ट्रपति लिन्डोन बिजोनसनले कानुनमा हस्ताक्षर गरेका थिए । कानुनले सरकारी सूचना सर्वसाधारणलाई प्रदान गर्न अनुमति दिन्छ । हस्ताक्षरको एक वर्षपछि यो कानुन कार्यान्वयनमा आएको थियो ।
- **सन् २०१७** : उत्तर कोरियाद्वारा पहिलो अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल परीक्षण । उत्तरले सफलतापूर्वक जापानको सागरमा सो मिसाइल परीक्षण गरेको थियो ।

हेगस्थित बेलारुसको दूतावासमा अज्ञात समूहको आक्रमण

हेग/ हेगमा रहेको बेलारुसी दूतावासमा आइतबार अज्ञात समूहले आक्रमण गरेको रुसी समाचार एजेन्सी तासले जनाएको छ । 'आक्रमण जुलाई २ मा बिहानको समयमा भएको' बेलारुसी दूतावासले उल्लेख गरेको छ । दूतावासले आक्रमणकारीलाई डच प्रहरीले नियन्त्रणमा लिएको जानकारी दिएको छ ।

आक्रमणकारीले दूतावासको भवनको झ्यालहरू तोडेको र भवनमा ढुंगा प्रहार गरेको बताइएको छ । आक्रमणकारीले भवनका भित्तामा विभिन्न किसिमका नारा पनि लेखेका थिए । ती नारामा बेलारुसका राष्ट्रपति अलेक्जेन्डर लुकासेन्कोलाई आतंकवादसँग जोडिएको छ । आक्रमणबारे अनुसन्धान भइरहेको जनाइएको छ ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दमक, झापाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०३/१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखित र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछर्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछर्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण
भिम बहादुर थापाको नाति, देवी प्रसाद थापा क्षेत्रीको छोरा, तेह्रथुम जिल्ला, सिम्ले गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १ बस्ने **प्रकाश थापा** (ना.प्र.नं. ४२६२३१/६८५, जारी मिति २०६३/०४/१६, जि.प्र.का. तेह्रथुम) ।
व्यक्तिगत जमानीकर्ताको विवरण
१. हस्त बहादुर थापाको नाति, भिम बहादुर थापाको छोरा, तेह्रथुम जिल्ला, सविक सिम्ले गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १ बस्ने **देवी प्रसाद थापा क्षेत्री** (ना.प्र.नं. ८५(इ)२/७२२, जारी मिति २०४६/०२/१०, जि.प्र.का. तेह्रथुम) ।
२. भिम बहादुर थापाको बुहारी, देवी प्रसाद थापा क्षेत्रीको पत्नी, तेह्रथुम जिल्ला, सविक सिम्ले गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १ बस्ने **अमृता थापा** (ना.प्र.नं. १३७८, जारी मिति २०४४/११/१९, जि.प्र.का. तेह्रथुम) ।
३. देवी प्रसाद थापा क्षेत्रीको बुहारी, प्रकाश थापाको पत्नी, झापा जिल्ला, सविक गौरादह गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १ बस्ने **मन्दिरा कार्की** (ना.प्र.नं. ०४२०४५/१८४०, जारी मिति २०७०/०९/२६, जि.प्र.का. झापा) ।
४. भिम बहादुर थापाको नाति, देवी प्रसाद थापा क्षेत्रीको छोरा, तेह्रथुम जिल्ला, सविक सिम्ले गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १ बस्ने **राजु सन्तोषी थापा** (ना.प्र.नं. ३५५५१/६८४, जारी मिति २०५८/०७/०३, जि.प्र.का. तेह्रथुम) ।
५. भिम बहादुर थापाको नाति, देवी प्रसाद थापा क्षेत्रीको छोरा, झापा जिल्ला, सविक दमक गा.वि.स./न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १ बस्ने **सुनिल थापा** (ना.प्र.नं. ४२०४४/२८३५, जारी मिति २०६६/०६/०१, जि.प्र.का. झापा) ।	६. देवी प्रसाद थापा क्षेत्रीको बुहारी, राजु सन्तोषी थापाको पत्नी, तेह्रथुम जिल्ला, सविक सिम्ले गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई झापा जिल्ला, दमक न.पा. वडा नं. १ बस्ने **नानुमैया संग्रौला** (ना.प्र.नं. ०४३०३८/३१, जारी मिति २०६३/१२/१९, जि.प्र.का. झापा) ।
धितोको विवरण
हस्त बहादुर थापाको नाति, भिम बहादुर थापाको छोरा, तेह्रथुम जिल्ला, सविक सिम्ले गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. १ बस्ने देवी प्रसाद थापा क्षेत्री (ना.प्र.नं. ८५(इ)२/७२२, जारी मिति २०४६/०२/१०, जि.प्र.का. तेह्रथुम) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. १ स्थित कि.नं. १३१४७ को क्षेत्रफल ०-१-८.२५ (विघा) बमोजिमको घरजग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank
शाखा कार्यालय : दमक, झापा
फोन नं. ०२३-५७५१२७
Website : www.siddharthabank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बरहथवा, सर्लाहीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०३/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय बरहथवा, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुनः धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असार २६ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय बरहथवा, सर्लाहीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागको कार्यालयमा मिति २०७७/०४/०८, दर्ता नं. ८९३०/०७७/७८ दर्ता कायम भई सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **पुजा बाइक सोरुम** (प्रोप्राइटर गापाल ठाकुरको नातिनी, रामलखन ठाकुरको छोरी, सर्लाही जिल्ला, बरहथवा न.पा., वडा नं. ०७ बस्ने **अनिता देवी ठाकुर लोहार**, ना.प्र.नं.१९-२०७९/७०२, जारी मिति २०६८/०८/२९, जिल्ला प्रशासन कार्यालय सर्लाही) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. गापाल ठाकुरको नातिनी, रामलखन ठाकुरको छोरी, सर्लाही जिल्ला, बरहथवा न.पा., वडा नं. ०७ बस्ने **अनिता देवी ठाकुर लोहार** (ना.प्र.नं. १९-२०७९/७०२, जारी मिति २०६८/०८/२९, जिल्ला प्रशासन कार्यालय सर्लाही) ।
२. राममिलन ठाकुर लोहारको नाति, राजगिर शर्मा ठाकुर लोहारको छोरा, सर्लाही जिल्ला, बरहथवा न.पा., वडा नं. ०७ बस्ने **मिथलेश शर्मा लोहार** (ना.प्र.नं. १९-०६-७५-००२०९, जारी मिति २०७५/०१/३०, जिल्ला प्रशास

वनबाट जिडिपी र रोजगारीमा योगदान

नेपालको काठ विदेश निर्यात गरेर जिडिपीमा २५ प्रतिशत योगदान र वार्षिक १० लाख रोजगारी सिर्जना गर्न सकिन्छ



अर्थ संवाद
● लोकबन्धु घिमिरे

प्राचीनकालबाटै बिर्ता, किपट र झोडाजस्ता नामले व्यवस्थापन हुँदै आएको नेपालको वन क्षेत्र ०१३ सालमा राष्ट्रियकरण हुँदा समग्र भूभागको ५२ प्रतिशत उत्पादनशील वनका रूपमा थियो । त्यसवेला हरियो वन नेपालको धन भनेर भारतमा तराईका सालका काठ निर्यात गरी बर्सेनि पाँच लाखका हिसाबले राजस्व प्राप्ति हुने गरेको पाइन्छ । वन स्रोतसम्बन्धी नेपाल सरकारको सबैभन्दा पछिल्लो आधिकारिक दस्तावेज (फरेस्ट रिसोर्स एसिसमेन्ट- एफआरए रिपोर्ट, २०१५) मा नेपालको कुल वन क्षेत्र ४४.७४ प्रतिशत कायम भएको तथ्य छ ।

नेपालमा सालजस्तो बलियो प्रजातिलगायत ३५ प्रकारका वन क्षेत्र र ११८ प्रकारका इकोसिस्टम छन् । यी वन क्षेत्रको व्यवस्थापन पक्ष हेर्दा करिब २३ प्रतिशत क्षेत्र निकुञ्ज, आरक्षजस्तो वन्यजन्तु र जैविक विविधता संरक्षण गर्नका लागि छुट्याइएको छ भने बाँकी ७७ प्रतिशत वनजंगल सरकारी वन, २२ हजारभन्दा बढी सामुदायिक वन र अन्य व्यावसायिक साझेदारी वनका रूपमा व्यवस्थापन गरी काठ दाउरा उत्पादन बिक्री वितरण गरी राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउने काम भएको छ । तथापि, वन व्यवस्थापनका सम्बन्धमा निरन्तर उठने प्रश्न के हो भने नेपालको वन क्षेत्र पूर्ण रूपले व्यावसायिक तवरमा सञ्चालन गर्न किन सकिएन ? यहाँको वन क्षेत्रको उचित व्यवस्थापन गरी जिडिपीमा उल्लेख्य योगदान बढाउन के-के अवरोध भए होला ? हामीकहाँ पर्याप्त काठ भईकन पनि वनमै काठ किन कुहिएर बसेको होला ?

यतिखेर वन क्षेत्रमा ठूलो आगो लागेको छ, बर्सेनि आगलागीले धेरै काठ स्वाहा हुँदा पनि किन स्वदेशी काठको सट्टा विदेशी काठ (मलेसियाको काठ) आयात भएको होला ? किन नेपालमा सक्रिय वन व्यवस्थापन नभएको होला ? जस्ता वनजन्य आर्थिक प्रश्नहरू उठान हुने गरेकाले यस आलेखमा नेपालको वन क्षेत्र, यसको आर्थिक रूपान्तरणको सम्भावना, वन पैदावारको उत्पादन, लागत, उपभोग, व्यवसायीकरण, निर्यात, तुलनात्मक व्यापार लाभजस्ता विषय खोतल्ने जमर्को गरिएको छ ।


वन स्रोत र रुखहरूको उत्पादन अवस्था : एफआरए प्रतिवेदनअनुसार नेपालको हिमाल, पहाड र तराई भूभागमा गरी कुल जम्मा ६६.१० लाख हेक्टर जमिन वन क्षेत्रले ओगटेको र उक्त क्षेत्रमा ३५ प्रकारका वन रहेको तथ्यांक देखिन्छ । साथै, नेपालभर जम्मा २ अर्ब ११ करोड उत्पादनशील रुख र ९८ करोड घनमिटर काठको आयतन स्टक रहेको देखिन्छ । औसत गोलिया काठ आयतन १६४ घनमिटर प्रतिहेक्टर देखिन आएको छ । बढी स्टक भएका रुखमध्ये प्रजातिअनुसार साल ३१ प्रतिशत, बाँझ २४ प्रतिशत र सल्लो ११ प्रतिशत देखिएको छ । समग्र वन क्षेत्रको वार्षिक वृद्धिदर १.८३ प्रतिशत छ । भूबनोट, माटोको उर्वरता, चिस्यान आदिको सम्मिश्रण रहेको साइट क्वालिटी इन्डेक्सअनुसार नेपालको वन क्षेत्र मध्यम उत्पादकत्व भएको वनको वर्गमा पर्छ ।

काठ उत्पादनको अवस्था, बजार माग र आपूर्ति : नेपालको काठसम्बन्धी उत्पादन, आयात, निर्यात र बजारबारे व्यावसायिक रूपले समेटिएको ठोस तथ्यांक कतै भेटिन्न । वन विभागको पछिल्लो सरकारी तथ्यांक (हाम्रो वन बुलेटिन ०७४/७५) हेर्दा २२ लाख हेक्टरमा रहेको सरकारी वन र सामुदायिक वन क्षेत्रबाट वार्षिक ७६ लाख घनफिट काठ उत्पादन भएको देखिन्छ, जबकि सात लाख हेक्टरको निजी जग्गामा लगाइएको वनबाट भने १.४० करोड घनफिट काठ उपलब्ध भएको देखिन्छ । भन्सार विभागको पछिल्लो तथ्यांकअनुसार विदेशबाट काठ, प्लाइउड र फर्निचर गरी कुल १८ अर्बबराबरको आयात भएको छ ।

नेपालमा काठ मागको यो खाडल भर्न व्यवसायीले मलेसिया, डेनमार्क, भियतनामलगायतका २० देशबाट बर्सेनि करिब ५० लाख घनफिट गोलिया काठ मात्रै आयात गर्छन्, जसबाट वनपैदावारको मूल्य, भ्याट कर, ढुवानी, भन्सारजस्ता कामका लागि मात्रै सालाना ४ खर्ब रुपैयाँ बाहिर जान्छ । एफएओले नेपालको जिडिपीमा समग्र वन क्षेत्रबाट भएको योगदान हाल ३ प्रतिशतहाराहारी रहेको तर यसलाई बढाएर १५ प्रतिशत पुऱ्याउन सकिने पर्याप्त आधार औंल्याएको छ । यस्तैगरी, बहुसरोकार वन कार्यक्रम प्रतिवेदनको फरेस्ट बेस्ड भेलु चेन अध्ययन प्रतिवेदन जुलाई २०१६ मा वन पैदावारबाट हाल हाम्रो जिडिपीमा २.२ प्रतिशत मात्र योगदान भएको देखिए पनि बजारको तीव्र विस्तारित कार्यले यसलाई १७.३ प्रतिशतसम्म बढाउन सकिने देखिएको भनी उल्लेख गरेको छ । बढिरहेको काठ र फर्निचरको घरेलु बजार मागलगायतका आर्थिक तथ्यलाई आधार मानी माग पक्षतिर विश्लेषण गर्दा हामीलाई सरदर वार्षिक १० करोड घनफिट काठ आन्तरिक रूपले आवश्यक रहेको आकलन गर्न सकिन्छ । यसरी हेर्दा काठको माग र उत्पादन (आपूर्ति) मा निकै ठूलो खाडल पैदा भएको देखिन्छ ।

वन व्यवस्थापन पद्धति र उत्पादन लागत : वन पैदावारमध्ये विशेष गरी काठ निजी वनबाट उत्पादन भएको पाइन्छ । तर, निजी क्षेत्रबाट सल्ला, उत्तिसजस्ता कमसल काठ उत्पादन भए पनि सालजति गुणस्तरीय र बलियो भने छैन । खासगरी सरकारी वन क्षेत्रमा पनि साँघुरो संघीय र प्रादेशिक कानुनी दायराभित्र वन पैदावार उत्पादन गर्नुपर्ने भएकाले परम्परागत ढर्रामा कम काठ उत्पादन भएको हो । सरकारी वनमा आधुनिक कर्पोरेट एवं उद्यमशील वन व्यवस्थापन तथा चक्ला वनको अभ्यास हामीकहाँ भइसकेको छैन । सामान्यतया उत्पादनशील वनमा पोल समूहका रुख र एक्पोइटेबल डायमिटर वर्गका रुखको अनुपात र धनात्मक वृद्धिदर बढी हुनुपर्छ । तर, हाम्रो वनमा बुढाखाडा रुखको संख्या धेरै छ । यसर्थ, व्यावसायिक रूपले काठ उत्पादन गर्ने उत्पादनशील वन तयार गर्न र कार्बन अवशोषणको अनुपात वृद्धि गर्न पनि यी बूढा रुखको प्रतिस्थापन जरुरी देखिन्छ ।

हाम्रो वनमा हाल रहेको कुल ग्रोइगं स्टकको वार्षिक वृद्धिमध्ये एक प्रतिशत मात्रै निकाल्दा पनि हरेक वर्ष नेपालले ३५ करोड घनफिट गोलिया काठको उत्पादन गर्न सक्छ । खासगरी, काठ मात्रै उत्पादन गर्ने सक्रिय र उत्पादनशील वन क्षेत्र तयार गर्ने एवं हालको परम्परावादी वन संरचनालाई प्रगतिशील रूपले सुधार गर्ने, वन क्षेत्रमा हुने भ्रष्टाचार रोकथाम गर्ने, सिल्भीकल्चर विधिसहितको वैज्ञानिक वन व्यवस्थापन नीति अपनाई काठ कटान मुछान एवं ओसापसारमा हुने लगानीलाई निजी लगानीबाट पनि सुनिश्चित गर्ने हो भने नेपालको वनबाट हरियो डलररूपी धनका रूपमा मनग्ये आय आर्जन गर्न मिल्ने देखिन्छ । यसले अर्थतन्त्रको भुक्तानी सन्तुलन मिलाउन पनि ठूलो भूमिका निर्वाह गर्छ ।



> काठ कटान/मुछान एवं ओसारपसारमा हुने लगानीलाई निजी लगानीबाट पनि सुनिश्चित गर्ने हो भने नेपालमा वनबाटै हरियो डलर भित्र्याउन सकिन्छ, यसले अर्थतन्त्रको भुक्तानी सन्तुलनमा पनि सहयोग गर्छ

तुलनात्मक लाभ एवं काठ निर्यातको सम्भाव्यता : नेपालमा वार्षिक ३५ करोड घनफिट गोलिया काठ सजिलै उत्पादन गर्न सकिन्छ । जबकि, हालको वन व्यवस्थापनका कार्यबाट निकै न्यून परिमाण (करिब २ करोड घनफिट) काठ उत्पादन गरिरहेका छौं । प्रतिघनफिट सालको काठ बजारमा भएको बिक्रीदर हेर्दा सरदर पाँच हजार रुपैयाँमाथि नै पर्छ, जुन दक्षिण एसियामा सबभन्दा महँगो हो ।

कमजोर हुँदा हाम्रो उत्पादन लागत अत्यन्त महँगो देखिएको छ । यसलाई बढी परिमाणमा उत्पादन गर्ने र सस्तो बनाउनुपर्ने हुन्छ । काठ कटानमा मेसिनरी पद्धति अपनाई ओसारपसार, लगिङ, स्टोर, चिरान, काठको सिजनिङजस्ता आधुनिक पूर्वाधारमा लगानी गरी उत्पादनलाई सस्तो बनाउने हो भने सालको काठ नजिकैको बजार भारत र उत्तरको तिब्बत निर्यातबाटै नेपाललाई यथेष्ट रूपले तुलनात्मक लाभ प्राप्त हुन सक्दछ ।

वन क्षेत्रबाट जिडिपी र रोजगारी : वन पैदावारमध्ये विशेषगरी नेपालको बहुमूल्य सालको काठ मलेसियाको साल (मेरान्टी, चेगंल साल र अन्य) भन्दा अब्बल, टिकाउ र किराप्रतिरोधी (टाइलोसिसयुक्त) गुण भएको कारण भारतीय बजारमा मात्र होइन, सबै बजारमा रुचाइएको देखिन्छ । साथै सिजनिङ काठ र ट्रिटमेन्ट काठ त युरोपेली बजारसम्म रुचाइएको पाइन्छ । यसर्थ, वन पूर्वाधारमा लगानी बढाउने, कर्पोरेट एवं चक्ला वन बढाउने र पिपिपी मोडेलको नेसनल टिम्बर प्राधिकरण बनाई निजी क्षेत्रसमेत सामुदायिक एवं सरकारी वन व्यवस्थापनमा संयुक्त रूपले लाग्न सक्ने गरी नीतिगत प्रबन्ध गरेमा हामीले वार्षिक ३५ करोड घनफिट काठ उत्पादन गर्न सक्छौं । सोमध्ये १० करोड घनफिट आन्तरिक खपत गरी बाँकी २५ करोड घनफिट काठ विदेश निर्यात गर्दै यसबाट बर्सेनि पाँच खर्ब आम्दानी गर्नसमेत सकिन्छ । यसबाट जिडिपीमा २५ प्रतिशत योगदान पुऱ्याई १० लाख रोजगारी पनि सिर्जना गर्न सकिन्छ ।

उल्लेखित विवरणहरू हेर्दा नेपालको वन क्षेत्र उच्च आर्थिक सम्भावना बोकेको नवीकरणीय प्राकृतिक स्रोत भएकाले यसको उपयोग आर्थिक समृद्धिका लागि गर्न सकिन्छ । अझ काठजन्य भौतिक सेवामा कार्बन अवशोषण र निकुञ्ज आरक्षबाट सिर्जित पारिस्थितिकीय प्रणालीले सिर्जना गर्ने सेवा कार्यसमेतको मौद्रिक/आर्थिक भुक्तानी जोड्ने हो भने त नेपालको वन क्षेत्रले विशाल आर्थिक उपार्जनको सम्भावना बोकेको छ । यो स्रोतबाट तुलनात्मक लाभ लिन स्थानीय, प्रदेश र संघीय तहमा आवश्यक नीतिगत सुधारको व्यवस्था गर्ने र नेसनल टिम्बर प्राधिकरणको स्वायत्त संरचनासहित टिम्बर लगानी (बैंकिङ क्षेत्रबाट समेत ऋण लगानी हुन सक्ने गरी)को अवधारणा लिई तत्कालै काठ उत्पादनतिर जान जरुरी देखिन्छ । जसबाट बर्सेनि हुने वनको आगलागीजन्य क्षतिबाट जोगिँदै आर्थिक उन्नति पनि गर्न सहयोग पुग्छ ।

(घिमिरे वन विभागका कर्मचारी हुन्)

अर्थ ज्ञान

आर्थिक विकासमा धितोपत्र बजारले कसरी भूमिका खेल्छ ?

धितोपत्र बजारले पुँजी परिचालनको एक महत्त्वपूर्ण संयन्त्रको रूपमा कार्य गरी देशको आर्थिक विकासमा अपरिहार्य भूमिका खेल्छ । दीर्घकालीन पुँजीको अर्थतन्त्रलाई उत्पादनशील क्षेत्रमा परिचालन गराई प्राप्त प्रतिफललाई अधिकाधिक व्यक्तिले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्ने धितोपत्र बजारको उद्देश्य रहेको हुन्छ । यसर्थ, देशको आर्थिक विकासमा धितोपत्र बजारको भूमिकालाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- देशमा आवश्यक हुने दीर्घकालीन पुँजीको प्रभावकारी परिचालन यस बजारमार्फत गर्न सकिन्छ ।
- कुनै पनि देशको विकास निर्माणमा सरकारलाई चाहिने दीर्घकालीन पुँजी यसै बजारका माध्यमबाट संकलन गर्न सकिन्छ ।
- देशको औद्योगीकरण तथा पूर्वाधार विकासका लागि आवश्यक हुने ठूलो आकारको पुँजी प्राप्त गर्नका लागि यस बजारको उल्लेखनीय भूमिका रहन्छ ।
- दीर्घकालनी तथा मध्यमकालीन पुँजी न्यून लागतमा यस बजारमार्फत प्राप्त गर्न सकिने हुँदा ठूलो आकारको पुँजी आवश्यक हुने योजनाहरूसमेत बनाउन सम्भव हुन्छ ।
- पुँजीको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय परिचालन सरल एवं न्यून लागतमा गर्न सम्भव हुन्छ ।
- देशको वित्तीय बजारको अभिन्न अंगको रूपमा रहने हुँदा यसले समग्र बजारको सन्तुलित एवं एकीकृत विकास हुन सहयोग पुग्छ ।

जानीराखौं

राष्ट्रिय गौरव आयोजनाका किसिम

देशको आर्थिक, सामाजिक रूपान्तरण गर्न सघाउ पुऱ्याउने उद्देश्यसहित सरकारले खानेपानी, रेलमार्ग, विमानस्थल, जलविद्युत्, सिँचाइ, वन तथा पर्यटनसम्बद्ध भौतिक पूर्वाधार बनाउने लक्ष्य राखेको छ । हालसम्म कुल २४ वटा राष्ट्रिय गौरवका आयोजना रहेका छन् । ती यस प्रकार छन् :

विषय/क्षेत्र	आयोजना संख्या
राजमार्ग	६
रेलवे	१
सिँचाइ	६
जलविद्युत्	४
विमानस्थल	३
धार्मिक तथा सांस्कृति सम्पदा	२
खानेपानी	१
वन क्षेत्र संरक्षण	१



- राष्ट्रिय योजना आयोग

अंक र अर्थ

०२३ को ६ महिनामा पौने पाँच लाख पर्यटक भित्रिए



जनवरी	५५ हजार ७४
फेब्रुअरी	७३ हजार दुई सय ५५
मार्च	९९ हजार चार सय २६
अप्रिल	९८ हजार सात सय ७३
मे	७७ हजार सात सय तीन
जुन	७२ हजार दुई सय ५०
कुल	**चार लाख ७६ हजार चार सय ८१**
धेरै पर्यटक भित्रिने देश	
भारत	एक लाख ६७ हाजर ६ सय पाँच
अमेरिका	४९ हजार चार सय ३३
बेलायत	२४ हजार दुइ सय ६४
चीन	२० हजार एक सय १७
अस्ट्रेलिया	१७ हजार ६ सय ९६
थाइल्यान्ड	१४ हजार एक सय १२
दक्षिण कोरिया	११ हजार पाँच सय ५४
मलेसिया	आठ हजार पाँच सय ५७
श्रीलंका	सात हजार नौ सय १७
जापान	६ हजार तीन सय ७५
सिंगापुर	चार हजार एक सय ११
म्यानमार	६ हजार सात सय ८५

सर्तसहित पाकिस्तानलाई आइएमएफको तीन अर्ब डलर

सर्तअनुसार पाकिस्तानले डिजेल, पेट्रोल तथा विद्युत्मा ३० प्रतिशतसम्म मूल्यवृद्धि गर्नुका साथै राजस्व संकलन १० प्रतिशतले बढाउनुपर्छ

गम्भीर आर्थिक संटकबाट गुज्रिरहेको पाकिस्तानको अवस्था दिनप्रतिदिन शिथिल बन्दै जाँदा अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले पाकिस्तानलाई तीन अर्ब डलर ऋण दिने भएको छ । ३० जुलाईमा आइएमएफको कार्यक्रम समाप्त हुने दिन नै ऋण स्वीकृत भएको बताइएको छ । अर्थशास्त्रीले यसलाई आइएमएफले ऋण स्वीकृत नगरेको भए केही दिनमै पाकिस्तान टाट पल्टिने विश्लेषण गरेका छन् ।

केही समयदेखि आइएमएफको ऋण पाउन हरेक प्रयास गरेर थाकिसकेको पाकिस्तानले लगभग आशा मारेको थियो । तर, अन्तिम समयमा ऋण प्राप्त त गरेको छ । तर, यो ऋण पाकिस्तानका लागि निल्नु र ओकेल्नुभैं भएको छ । कारण हो, आइएफएफले सारेका कडा सर्त । तीन अर्ब डलर ऋणसँगै पाकिस्तानलाई केही सर्त पनि दिएको छ । तर पाकिस्तान सरकारले जनतालाई सर्तबारे जानकारी नदिएको टिप्पणीसमेत भएको छ ।

के हुन् तीन सर्त ? : भनिन्छ, आइएमएफले दिएका सर्त पाकिस्तानका लागि फलामका चिउरासरह हुन् । यसको ठूलो कारण राजनीति रहेको बताइएको छ । पाकिस्तानमा आगामी अक्टोबरमा आमनिर्वाचन हुँदैछ । यस्तो अवस्थामा साहबाज सरिफ (प्रधानमन्त्री) सरकाले आइएफएफका सर्त माने भने उनको पार्टी सत्ताच्युत हुन सक्ने सम्भावना देखिन्छ । सर्त मान्नुको अर्थ हो, आम जनतामाथि बोझ थप्नु हो ।

आइएमएफका अनुसार पाकिस्तानले तत्काल सबै खालका अनुदान रोक्नुपर्ने, डिजेल, पेट्रोल र विद्युत्मा ३० प्रतिशतसम्म मूल्यवृद्धि गर्नुपर्ने र राजस्व संकलन १० प्रतिशतले बढाउनुपर्ने हुन्छ । पाकिस्तानी सञ्चारमाध्यम 'द एक्सप्रेस ट्रिब्युन'का अनुसार सरकारले आइएमएफका सर्त पालना गरेको खण्डमा राजनीतिक मूल्य चुकाउनुपर्छ । यदि आँट नै गरेका सर्त पालना गरिहाले पनि सरिफको सत्ता पुनर्प्राप्तिको सपना भंग हुन्छ ।



> पाकिस्तान सरकारले निर्यात कसरी बढाउने र आयातमा ३० प्रतिशतको वृद्धि कसरी गर्ने भन्ने खुलाएको छैन । २२ करोड जनसंख्यामध्ये एक प्रतिशतभन्दा पनि कम मानिस करको दायरामा छन् । यो हालतमा कर संकलन कसरी हुन्छ ? यसको जवाफ पनि सरकारले दिन चाहेको छैन ।

सरकारले लुकाइरहेको रहस्य : पाकिस्तान सरकारले आइएमएफबाट तीन अर्ब डलर पाउँदा राहतको महसुस त गऱ्यो । तर उसले ऋणसँग के-के सर्त थिए भन्ने जनतालाई बताउन चाहेन । केही मिडियाले त सैन्य-सुरक्षा बजेट पनि घटाउनुपर्ने सर्त रहेको लेखेका छन् । प्रत्येक वर्ष बढाइरहने सैन्य-सुरक्षा बजेट आइएमएफका सर्तले घट्ला भन्ने प्रश्न उठाएको छ ।

पाकिस्तानी प्रधानमन्त्री साहबाज सरिफले आइएमएफ प्रमुख क्रिस्टलिना जिर्योजिभासँग पाँचपटक संवाद गर्नुअघि आमी प्रमुख जनरल आसिम मुनिरसँग कुराकानी गरेको बताइएको छ । यो संवादले पनि सैन्य सुरक्षा बजेट कम होला त भन्ने जिज्ञासा थपेको छ ।

यसैगरी पाकिस्तान सरकारले आइएमएफसँग गरेका प्रतिबद्धताअन्तर्गत निर्यात कसरी बढाउने र आयातमा ३० प्रतिशतको वृद्धि कसरी गर्ने भन्ने पनि बताएको छैन । २२ करोड जनसंख्या रहेको पाकिस्तानमा एक प्रतिशतभन्दा पनि कम मानिस करको दायरामा छन् । यो हालतमा कर संकलन कसरी हुन्छ ? यसको जवाफ पनि सरकारले दिन चाहेको छैन ।

ऋण चुकाउन नै महाभारत : एक्सप्रेस ट्रिब्युनका अनुसार आइएमएफले तीन अर्ब ऋण दिए पनि पाकिस्तानले यो वर्षको नोभेम्बरसम्म २३ अर्ब डलर ऋण भुक्तानी गर्नुपर्ने छ, जसमा ब्याजको हिस्सा धेरै छ ।

पाकिस्तानी अर्थमन्त्री इसहाक डारले जुलाई अन्तिमसम्म सरकारको ढुकुटीमा १५ अर्ब डलर हुने दाबी गरेका छन् । उनको यो दाबीअनुसार सरकारले ऋणको किस्ता तिर्न र चुनावअघि महँगी काम गर्न सक्ने छाँटकाँट देखिँदैन ।

चीनले दिएको धोका : अर्थमन्त्री डारले साउदी अरब र चीनबाट नयाँ ऋण पाउने दाबी गरे पनि त्यसको सत्यता भने अर्कै रहेको बताइन्छ । गत वर्ष नोभेम्बरमा उल्लिखित दुवै देशसँग ऋणबारे पाकिस्तानको कुराकानी भएको थियो । त्यसयता उनीहरूले एकै रुपैयाँ पनि दिएका छैनन् । यो मामिलामा चीन एक कदम अगाडि बढेर उल्टै पाकिस्तानसँग १.३ अर्ब डलर किस्ता मागेको थियो । यसबारे पाकिस्तान मौन छ । अर्थमन्त्री डारले साउदीसँग छलफल जारी रहेको र छिट्टै तीन अर्ब डलर सहयोग पाउने दाबी गरेका छन् । उता साउदी पनि केही बोल्न खोजेको छैन ।

बजेटबाट असन्तुष्ट आइएमएफ : ९ जुनमा पाकिस्तान सरकारले ५०.४५ अर्ब डलरको बजेट पेस गऱ्यो । सरकारले आर्थिक वर्ष ०२३/०२४ का लागि कुल खर्च १३० खर्ब रुपैयाँभन्दा बढी राखेको थियो । यसको ५५ प्रतिशत हिस्सा ऋण र त्यसको ब्याज भुक्तानीमा खर्च हुनेछ ।

सरकारले आगामी वर्ष महँगी दर २१ प्रतिशतभन्दा मुनि राख्ने लक्ष्य लिएको छ । यस्तै, अर्थमन्त्री डारले नयाँ बजेटमा कुनै नयाँ कर पनि नलाग्ने घोषणा गरेका थिए । सकारको यो निर्णयले आइएमएफ असन्तुष्ट भएको थियो ।


- एजेन्सीहरूको सहयोगमा

सेयर बजार

१८ असार ०८०

नेप्से २०७५.९७ ▼ -२१.३२ -१.०२%

कारोबार रकम	जम्मा सेयर
४,०५,१०,७८,३७५.४४	९४,१८,९५२



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार १९ असार ०८०

असार लागेपछि अत्यधिक बढ्यो खर्च

दैनिक करिब एक अर्ब पुँजीगत खर्च, १७ दिनमा ७५ अर्ब ८० करोड भुक्तानी

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्षको ११ महिना सुस्ताएको सरकारी खर्च असार लागेपछि रफ्तार लिन थालेको छ। आवको अन्तिम महिना असारको १७ दिनमा ७५ अर्ब ८० करोड सरकारी खर्च भुक्तानी भएको छ। महालेखा नियन्त्रकको कार्यालयअनुसार आइतबारसम्म कुल सरकारी खर्च विनियोजित बजेटको ६९.९१ प्रतिशत पुगेको छ। अर्थात् हालसम्ममा १२ खर्ब ५४ अर्ब रुपैयाँबराबर सरकारी खर्च भएको छ।

असार लागेयता कुल खर्च ४.३५ प्रतिशत विन्दुले अर्थात् ७८ अर्बले बढेको छ। जेठ मसान्तसम्म सरकारले ६५.५६ प्रतिशत अर्थात् ११ खर्ब ७६ अर्ब खर्च गरेको थियो। उक्त अवधिसम्म पुँजीगततर्फ भने ४०.२४ प्रतिशत अर्थात् एक खर्ब ५३ अर्ब खर्च भएको थियो।

कुल खर्चमध्ये विकास निर्माणमा बढी खर्च हुने पुँजीगततर्फ एक खर्ब ६८ अर्ब ६६ करोड रुपैयाँ खर्च भएको छ। यो कुल पुँजीगत बजेटको ४४.३४ प्रतिशत हो। असार सुरु भएयता हालसम्म १४ अर्ब ९० करोड रुपैयाँ पुँजीगत खर्च भएको छ। यसरी हेर्दा औसतमा दैनिक एक अर्बका दरले पुँजीगत खर्च हुन थालेको छ।

वर्षभरि हात बाँधेर बस्ने र असार लागेपछि बजेटको ओइरो लाग्ने पुरानो प्रवृत्ति यो वर्ष पनि पुनरावृत्ति भएको अर्थशास्त्री डिल्लीराज खनालले बताए। खर्चमा सुधार गर्नुपर्ने भन्दा पनि असारमा पुगेर खर्च ओइऱ्याउने प्रवृत्तिले बजेट कार्यान्वयनमा सधैं प्रभावित हुँदै आएको उनको भनाइ छ। उनले भने, 'सरकारले खर्चलाई परिणाममुखी बनाउनुपर्ने त कता हो कता, असार लागेपछि खर्च ह्वात्तै बढाउने प्रवृत्ति हाबी भएको छ।'

खर्चको लेखाजोखा गर्ने निकाय महालेखा नियन्त्रकको बागडोर सम्हालिसकेका पूर्वसचिव सुरेश प्रधानले नेपालको बजेट प्रणालीमै त्रुटि रहेको औंल्याएका छन्। उनले वर्षैपिच्छे आकार बढ्दै जाने बजेट प्रणाली त्रुटिपूर्ण भएको बताए।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमै बजेट कार्यान्वयनका लागि आवश्यक योजनादेखि कार्यान्वयनसम्मका सबै प्रक्रिया उल्लेख गरिए पनि पालना नभएको उनको भनाइ छ। उनले भने, 'बजेट कार्यान्वयन गर्न अरू नयाँ केही गर्नुपर्दैन। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन पालना गरे मात्रै पुग्छ। तर, त्यसको पालना नहुँदा वर्षैपिच्छे समस्या दोहोरिँदै आइरहेको छ।'

साथै ऐनमा खर्च नगर्नेलाई कारबाही गर्नेसमेत व्यवस्था भए पनि यसको पालना नहुँदा दण्डहीनताले प्रश्रय पाइरहेको उनको भनाइ छ। उनले भने, 'ऐनमा खर्च नगर्ने पदाधिकारी वा जिम्मेवारी व्यक्तिलाई कारबाहीको समेत व्यवस्था छ। तर, अहिलेसम्म कसैले दण्ड नव्यहोर्नुपरेकाले सरकारी निकायहरू गैरजिम्मेवारी हुँदै गइरहेका छन्। दण्ड दिने प्रचलन सुरु हुने हो भने यो समस्या धेरै कम हुने थियो।' राजस्वमा आधारित खर्च प्रणाली नहुँदा पनि खर्च व्यवस्थापन नभएको उनको भनाइ छ।

असारमा जसरी पनि खर्च गर्ने खोज्नु गलत अभ्यास



● **डिल्लीराज खनाल**, अर्थशास्त्री

बजेट कार्यान्वयनमा पुरानै प्रवृत्तिको पुनरावृत्ति भएको छ। असार मसान्तमा पुगेर जसरी पनि खर्च गर्ने प्रवृत्ति यसपालि पनि कायम छ। खर्चमा सुधार र यसलाई परिणाममुखी बनाउनुपर्नेमा कसैले ध्यान दिएनन्। तर, अहिले त कानुनभन्दा बाहिर गएर खर्च गर्नेसमेत प्रवृत्ति बढेको छ। स्रोत सुनिश्चितता नगरी कार्यक्रम राख्ने क्रमलाई खारेज नै गर्नुपर्छ। साथै, अबन्डामा बजेट राखी गैरबजेटरी खर्च गर्ने प्रवृत्तिले यसपालि पनि निरन्तरता पाएको छ।

आकार बढाउँदै जाने बजेट प्रणाली नै त्रुटिपूर्ण छ



● **सुरेश प्रधान**, पूर्वसचिव, नेपाल सरकार

हाम्रो बजेट प्रणालीमै त्रुटि छ। प्रत्येक वर्ष बजेटको आकार बढाउँदै जाने र यथार्थमा खर्च निकै कम हुने प्रवृत्ति छ। हुनुपर्ने के हो भने कार्यसम्पादनमा आधारित बजेट प्रणाली हुनुपर्थ्यो।

त्यसो त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमै बजेट कार्यान्वयनका लागि आवश्यक योजनादेखि कार्यान्वयनसम्मका सबै प्रक्रिया उल्लेख गरिएको थियो। ऐनमा प्रतिबद्धताप्राप्त आयोजनालाई पहिलो प्राथमिकतामा राख्नेसमेत उल्लेख छ। तर, सरकारले कानुनको पालना नगरी अघि बढ्दा समस्या आएको हो। खर्च नगर्नेलाई कारबाही गर्नेसमेत ऐनमा व्यवस्था छ। साथै, मासिक अनुगमनको व्यवस्था पनि छ। अहिलेको समस्या दण्डहीनता नै हो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ असारे भुक्तानीले थुप्रियो निक्षेप

बैंक तथा वित्तीय संस्थामा निक्षेप थुप्रिँदै गइरहेको छ। नेपाल राष्ट्र बैंकका अनुसार गत शनिबारसम्ममा निक्षेप संकलन ५६ खर्ब आठ अर्ब पुगेको हो। गत चैतसम्ममा कुल निक्षेप संकलन ५४ खर्ब ८५ अर्ब थियो। वाणिज्य बैंकहरूले मात्रै ४९ खर्ब ५१ अर्बको निक्षेप संकलन गरेका छन् भने अन्य वित्तीय संस्थाहरूमा ६ खर्ब ५७ अर्बको निक्षेप संकलन पुगेको छ।

असार लागेपछि सरकारी खर्चमा समेत वृद्धि हुँदै गइरहेकाले बैंकिङ प्रणालीमा निक्षेप बढ्न थालेको एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बताए। उनले भने, 'तरलताको प्रमुख स्रोत सरकारी खर्च हुने भएकाले यो बढ्नैबित्तिकै निक्षेपमा समेत सुधार देखिन थाल्छ। असारमा बढी सरकारी भुक्तानी हुने भएकाले यस समयमा निक्षेप बढ्नु स्वाभाविक नै हो।'



महालेखा नियन्त्रकको कार्यालयअनुसार असार लागेयता सरकारले ७५ अर्ब ८० करोड खर्च गरेको छ। आइतबार एकै दिनमा मात्रै १८ अर्ब १६ करोड रुपैयाँ भुक्तानी भएको छ। अन्य महिनाको तुलनामा असारमा बढी भुक्तानी हुने भएकाले निक्षेपमा समेत वृद्धि भएको हो। असार सुरु भएयता १४ अर्ब ९० करोडको मात्रै पुँजीगत खर्च भएको छ।

नेपाल बैंकर्स एसोसिएसनका अनुसार पछिल्लो एक सातामा वाणिज्य बैंकहरूमा मात्रै ३७ अर्ब निक्षेप थपिएको छ। यो गत असार १० गतेदेखि १६ गतेसम्मको आँकडा हो। यो अवधिमा ३० अर्ब ९१ करोडको सरकारी खर्च भएको छ।

बैंक तथा वित्तीय संस्थाहरूमा निक्षेप संकलन बढ्दै गइरहे पनि कर्जा विस्तार भने सुस्त देखिएको छ। यो एक सातामा वाणिज्य बैंकहरूले तीन अर्ब मात्रै कर्जा प्रवाह विस्तार गरेको एसोसिएसनले जनाएको छ।

पछिल्लो बैंक तथा वित्तीय संस्थाहरूको निष्क्रिय कर्जाको अनुपात बढ्दै गएकाले तरलता सहजताका बाबजुद पनि थप कर्जा विस्तारमा आकर्षित नभएको खालिङको भनाइ छ। उनले भने, 'अहिले हामी सकेसम्म एनपिएल (निष्क्रिय) कर्जाको व्यवस्थापनमै केन्द्रित छौं। त्यसमाथि यो महिनामा थप कर्जा विस्तार खासै हुने गरेको पनि छैन।'

खराब कर्जाको जोखिम कम गर्न र ब्यालेन्स सिट बिग्रन नदिन बैंकहरू असारसम्ममा कर्जा असुलीमै केन्द्रित छन्। यसका लागि बैंक तथा वित्तीय संस्थाहरूले विभिन्न उपायहरू अवलम्बनसमेत गरिरहेका छन्।

नेपाल राष्ट्र बैंकका अनुसार गत शनिबारसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कुल कर्जा प्रवाह ४८ खर्ब ६२ अर्ब रुपैयाँ पुगेको छ। जसमा वाणिज्य बैंकहरूको मात्रै ४३ खर्ब चार अर्ब रुपैयाँ छ। बाँकी वित्तीय संस्थाहरूले पाँच खर्ब ५८ अर्ब रुपैयाँ कर्जा लगानी गरेका छन्।

कर्जा विस्तार ठप्पप्रायः बनिरहेको र निक्षेपमा समेत वृद्धि हुँदै गइरहेको समयमा कर्जा निक्षेपको अनुपातसमेत घट्दो क्रममा छ। हाल बैंक तथा वित्तीय संस्थाहरूको यस्तो अनुपात ८३.५५ प्रतिशत कायम भएको छ।

पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर पाँच-पाँच रुपैयाँ घट्यो

नयाँ पत्रिका

नेपाल आयल निगमले सोमबार रातिबाट लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर पाँच-पाँच रुपैयाँ घटाएको छ। मूल्य घटेपछि काठमाडौं उपत्यकाका उपभोक्ताले पेट्रोल एक सय ७० रुपैयाँ तथा डिजेल र मट्टीतेल समान एक सय ५० रुपैयाँ प्रतिलिटरमा खरिद गर्न पाउनेछन्।

त्यस्तै, निगमले आन्तरिक वायुसेवाले प्रयोग गर्ने हवाई इन्धनको मूल्य प्रतिलिटर १४ रुपैयाँ र अन्तर्राष्ट्रिय उडान गर्ने विमान कम्पनीले प्रयोग गर्ने हवाई इन्धनको मूल्य प्रतिलिटर १५ रुपैयाँ घटाएको छ। मूल्य घटेपछि आन्तरिक हवाई इन्धनको मूल्य एक सय ३६ रुपैयाँ र बाह्य हवाई इन्धनको मूल्य १.०३५ डलर प्रतिलिटर कायम भएको छ। हवाई इन्धनको मूल्य ठूलो अन्तरले घटेकाले तत्कालै हवाई भाडासमेत घट्नेछ।

आयल निगमले दुई वर्षपछि भूगोलअनुसार फरक-फरक हुने गरी पेट्रोलियम पदार्थको मूल्य प्रणाली पनि ब्युँताएको छ। दुई वर्षअघि निगम चरम घाटामा जान थालेपछि भने देशभर एउटै मूल्य प्रणाली लागू गरेको थियो। एउटै मूल्य प्रणाली निर्धारण गर्दा आयल निगमलाई केही रकम बचत भई ऋण तथा बक्यौता तिर्न सजिलो भएको थियो।

तर, अहिले निगम आइओसीको बक्यौताबाट मुक्त भएको छ भने सरकारको ऋणसमेत ६ अर्ब ३० करोड रुपैयाँमा झरेको छ। यो ऋण अब चार वर्षभित्र नौ किस्तामा तिर्ने कार्यतालिका निगमले बनाएको छ।

ठूलो आर्थिक भारबाट मुक्त भएपछि निगमले उपभोक्तालाई राहत हुने गरी पेट्रोलियमको मूल्य घटाएको हो। विगतमा जस्तै तीन फरक भूगोल तय गर्दा काठमाडौंको मूल्य पोखरा र दिपायल क्षेत्रका लागि समान हुनेछ। आयल निगमले इन्धन ढुवानी गर्ने दूरीका आधारमा मूल्य फरक-फरक तय गर्ने गरेको हो।

तराई हुँदै निगमका विभिन्न डिपोबाट इन्धन ढुवानी गर्दा लागत समायोजन गरी उपभोक्ता मूल्य तय हुने गरेको निगम प्रवक्ता मनोज ठाकुरले जानकारी दिए। काठमाडौंको तुलनामा सुर्खेत र डाडमा एक रुपैयाँ प्रतिलिटर सस्तो पर्ने गरी मूल्य निर्धारण हुने गरेको छ। जसकारण यस क्षेत्रका उपभोक्ताले पेट्रोल एक सय ६९ रुपैयाँ र डिजेल तथा मट्टीतेल समान एक सय ४९ रुपैयाँ प्रतिलिटरमा खरिद गर्न पाउनेछन्।

त्यस्तै, तराईमा रहेका आयल निगमका डिपोहरू चारआली (झापा), विराटनगर, जनकपुर, वीरगन्ज, अमलेखगन्ज, भलबारी (भैरहवा), नेपालगन्ज र धनगढीआसपासका उपभोक्ताले काठमाडौंको तुलनामा प्रतिलिटर एक रुपैयाँ ५० पैसा सस्तोमा पेट्रोलियम पाउनेछन्। किनभने, आइओसीबाट इन्धन ढुवानी गर्दा तराई नजिक पर्ने हुँदा लागत सस्तो पर्न जान्छ।

यस क्षेत्रका उपभोक्ताले पेट्रोल एक सय ६७ रुपैयाँ ५० पैसा तथा डिजेल र मट्टीतेल समान एक सय ४७ रुपैयाँ ५० पैसा प्रतिलिटरका दरले खरिद गर्न पाउनेछन्।

आयल निगमले ग्यासको मूल्य भने यथावत् राखेको छ। ग्यासमा धेरैपछि नाफा देखिए पनि अहिले मूल्य घटाउँदा पुनः घाटामा गएका वेला मूल्यवृद्धि गर्न गाह्रो हुने भन्दै ग्यासको मूल्य यथावत् राखिएको निगमले जनाएको छ।

बिमा ठगी नियन्त्रण गर्न 'बिमा सूचना केन्द्र' स्थापना हुँदै

ठगी गर्नेलाई अवैधानिक सूची (कालोसूची)मा राखिने, पाँच वर्षसम्म बिमा सेवामा प्रतिबन्ध

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बिमा क्षेत्रमा हुने ठगीलाई नियन्त्रण गर्न पनि 'बिमा सूचना केन्द्र' स्थापना गरिने भएको छ। नियामक निकाय नेपाल बिमा प्राधिकरण र कम्पनीहरूको संयुक्त लगानीमा वित्तीय क्षेत्रमा हुने ठगीलाई नियन्त्रण गर्न स्थापना गरिएको कर्जा सूचना केन्द्रजस्तै बिमा सूचना केन्द्र स्थापना गर्न लागिएको हो।

कर्जा सूचना केन्द्रले वित्तीय क्षेत्रमा हुने ठगीसम्बन्धी सूचना संकलन गरेर सार्वजनिक गर्दै आएको छ। विशेष गरी ऋण नतिर्ने ग्राहकलाई कर्जा सूचना केन्द्रले अवैधानिक सूची (कालोसूची)मा राख्नेछ, जुन सूचीमा परेको व्यक्ति तथा संस्थालाई वित्तीय संस्थाले थप कर्जा दिँदैनन्। सोही मोडेलमा बिमा क्षेत्रमा हुने ठगीसम्बन्धी तथ्यांक संकलन गरेर प्रकाशन गर्ने उद्देश्यसहित बिमा सूचना केन्द्र स्थापना गर्न लागिएको हो। उक्त सूचना केन्द्रले बिमा क्षेत्रमा ठगी गर्ने व्यक्ति तथा संस्थालाई अवैधानिक सूचीमा राख्नेछ र उनीहरूलाई बिमा सेवाबाट वञ्चित पनि गराउने योजना रहेको छ।

साढे सात दशकको इतिहास भएको नेपाली बिमा क्षेत्रमा ठगीका घटना पहिलेदेखि नै हुँदै आएका छन्। तर, त्यसबारे सूचना संकलन गर्ने र जानकारी दिने निकाय भने अहिलेसम्म छैन। फलस्वरूप बिमा क्षेत्रमा ठगीका ठूला-ठूला घटनासमेत हुन थालेका छन्। अहिले ठगी गर्ने व्यक्ति वा संस्थालाई प्राधिकरण वा सम्बद्ध बिमा कम्पनीले मात्र चिन्छन्। अन्य कम्पनीहरूलाई भने त्यसबारे जानकारी नै हुँदैन। त्यसपछि उनीहरूले अर्को कम्पनीमा गएर पुनः ठगी गर्न सक्ने अवस्था छ। त्यसैले यसबारे विशेष निकाय स्थापना हुन आवश्यक थियो। सोही अवस्थालाई दृष्टिगत गर्दै बिमामा सूचना केन्द्र स्थापना गर्न लागेको प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बताए।

बिमा सूचना केन्द्र आएपछि त्यस्ता व्यक्ति वा संस्थाले पुनः ठगी गर्ने अवसर नपाउने उनको भनाइ छ। साथै, ठगी गर्नेहरू कारबाहीको दायरामा पनि आउने उनले बताए। केन्द्रले ठगी गर्ने व्यक्तिलाई अवैधानिक सूचीमा राखेर सार्वजनिक नै गर्नेछ। त्यसले गर्दा थप ठगी नहुने उनको विश्वास छ।

'बिमा क्षेत्रमा ठगीको घटना बढ्न थालेको देखिन्छ। तर, त्यसबारे तथ्यांक संकलन गरेर सार्वजनिक गर्ने, अध्ययन-अनुसन्धान गर्ने निकाय छैन। त्यस्तो निकाय नहुँदा ठगी नियन्त्रणमा समस्या भइरहेको छ,' उनले भने, 'त्यसैले बिमा सूचना स्थापना गर्ने तयारी अघि बढाएका छौं। त्यो स्थापना भएपछि बिमा क्षेत्रमा फैलिएको ठगी, जालसाजी, अपराध, अस्वाभाविक वा शंकास्पद गतिविधि विवरण संकलन गर्ने, प्रकाशन गर्ने र ठगीलाई अवैधानिक सूचीमा राख्नेलगायतका काम गर्नेछ। साथै, अवैधानिक सूचीमा परेकालाई बिमा सेवाबाट वञ्चित गरिनेछ।' यद्यपि, तोकिएको सर्त वा कारबाही पूरा गरेपछि अवैधानिक सूचीमा परेका व्यक्ति तथा संस्था त्यसबाट हटाउने नीति पनि ल्याइने उनको भनाइ छ।

प्राधिकरणले चार वर्षपहिला नै सूचना केन्द्र स्थापना गर्न खोजेको थियो। तर, तत्कालीन बिमा ऐनले त्यसको परिकल्पना गरेको थिएन। हालै कार्यान्वयनमा आएको नयाँ बिमा ऐन, २०७९ मा भने ठगी गर्ने बिमित तथा अन्य व्यक्तिलाई सम्बन्धित निकाय (प्रस्तावित सूचना केन्द्र)को सिफारिसमा अवैधानिक सूचीमा राख्ने र पाँच वर्षसम्म बिमा सेवामा प्रतिबन्ध लगाउने व्यवस्था छ। पौडेलका अनुसार यसलाई प्रस्तावित बिमा विनियमावलीमा अझ स्पष्ट पारिएको छ, जुन विनियमावली स्वीकृतिका लागि अर्थ मन्त्रालय पठाइएको छ। त्यहाँबाट स्वीकृति भएर आएपछि यसको कार्यान्वयन प्रक्रिया अघि बढाइने उनको भनाइ छ। बिमा विनियमावली लागू भएपछि मात्रै सूचना केन्द्र स्थापना हुने हो। यद्यपि, यसको आन्तरिक तयारी अघि बढिसकेको छ।

बिमाविज्ञ रवीन्द्र घिमिरेले पनि सूचना केन्द्रका कारण बिमा ठगीलाई केही हदसम्म नियन्त्रण गर्न सकिने बताए। 'पहिला नियामक निकायले बिमा क्षेत्रमा ठगी हुन्छ भनेर स्वीकार गर्न पनि मानेको थिएन। अहिले बिमा क्षेत्रमा ठगी हुन्छ भनेर स्वीकार गरेर सूचना केन्द्र स्थापना गर्न खोज्नु स्वागतयोग्य छ। यद्यपि, बिमा कम्पनीहरूको व्यवसायको तथ्यांकका आधारमा ठगी पत्ता लाग्दैन,' उनले भने, 'यसका लागि केन्द्रले रियल टाइम तथ्यांक संकलन गर्ने सफ्टवेयर प्रयोग गर्नुपर्छ।'

कसरी हुन्छ काम ?

बिमा कम्पनीहरूले आफ्ना ग्राहकलगायतका व्यक्तिको शंकास्पद गतिविधि केन्द्रमा पठाउनुपर्ने हुन्छ। त्यसपछि केन्द्रले ठगी गर्ने व्यक्ति वा संस्थाको पहिचान गरेर अवैधानिक सूचीमा राखी प्रकाशन गर्नेछ। बिमा कम्पनी आफैंले अवैधानिक सूचीमा राख्न सिफारिस गर्न सक्नेछ। त्यसरी अवैधानिक सूचीमा पर्ने व्यक्तिले पाँच वर्षसम्म बिमा सेवा पाउनेछैनन्। बिमाको नाममा ठगी, जालसाजी, अपराध, अस्वाभाविक वा शंकास्पद गतिविधि गर्ने व्यक्तिलाई आवश्यक प्रक्रिया पूरा गरेर अवैधानिक सूचीमा राखिनेछ।

रियल टाइम तथ्यांक संकलन गर्ने प्रविधि प्रयोग गर्नुपर्छ



● **रवीन्द्र घिमिरे**, बिमाविज्ञ

उदाहरणका लागि अहिले बिहान आठ बजे मोटरसाइकल दुर्घटना भयो। दिउँसो १० बजे मोटरसाइकलको बिमा गरेर भोलिपल्ट दाबी पेस गर्न पनि सकिन्छ। किनकि, कागजपत्र मिलाए पुग्छ। रियल टाइमको तथ्यांक नै समावेश हुँदैन। तसर्थ, सूचना केन्द्रले रियल टाइम तथ्यांक संकलन गर्ने प्रविधि प्रयोग गर्नुपर्छ। त्यो गर्न सके केही हदसम्म ठगी नियन्त्रण हुन्छ।

संयुक्त लगानीमा स्थापना हुन्छ



● **राजुरमण पौडेल**, कार्यकारी निर्देशक, नेपाल बिमा प्राधिकरण

संयुक्त लगानीमा सूचना केन्द्र स्थापना गर्ने गरी बिमा कम्पनीहरूसँग छलफल भइरहेको छ। अहिले प्राधिकरण र कम्पनीहरूको संयुक्त लगानीमा बिमा तालिम केन्द्र सञ्चालन गरिएको छ। सोही मोडेलमा बिमा सूचना केन्द्र स्थापना गरिनेछ। त्यसको चुक्ता पुँजी भने १० करोड रुपैयाँ राख्ने गरी छलफल भइरहेको छ।

■ बिमा ठगीका केही घटना

साउन ०७९ मा कागजी (नक्कली) बिहे गरेर दुर्घटनाका नाममा हत्या गरी साढे दुई करोड बिमा रकम भुक्तानी लिएको विषय बाहिरियो। ठगी गिरोहले पहिला कोहलपुरका एक मजदुर सर्जन विकको तत्कालीन रिलायन्स लाइफ इन्स्योरेन्स (हालको सानिमा रिलायन्स) बिमा गराएको थियो। त्यसको चार दिनपछि स्थानीय सपना मल्लसँग विवाह गराइएको थियो। विवाह गरेको एक महिनापछि दुर्घटनाको नाममा उनको हत्या गरी बिमा कम्पनीबाट दाबी लिइएको थियो।

मल्लसहित ६ जनाको ठगी गिरोहले योजनाबद्ध रूपमा २ वैशाख ०७८ राति ११ बजे बसको ठक्करबाट सर्जनको हत्या गरेको प्रहरी अनुसन्धानमा खुलेको थियो। त्यसपछि उनीहरूले बिमा दाबी लिएका थिए। त्यो रहस्य रिलायन्स लाइफले नेपाल रीबाट पुनर्बिमा दाबी लिँदा खुलेको थियो। नेपाल रीले एक सामान्य मजदुरको साढे दुई करोड रुपैयाँको बिमा हुनु, बिमा गरेको चार दिनपछि विवाह दर्ता हुनु र त्यसको एक महिनामै बिमितको मृत्यु हुनुलाई शंकास्पद मान्दै रिलायन्स लाइफलाई पत्राचार गरेको थियो। त्यसपछि कम्पनीले यसबारे प्रहरीलाई खबर गरेको थियो। त्यसको आधारमा प्रहरीले अनुसन्धान गर्दा यो रहस्य बाहिरिएको थियो।

चार वर्षअघि असार ०७६ मा बिमा दाबी पाउने लोभमा रौतहटका ३९ वर्षीय रामकिशोर यादवले चार वर्षीय छोरी लक्ष्मी राय यादवको हत्या गरेका थिए। उनले प्रभु लाइफ इन्स्योरेन्स कम्पनीमा जेठ ०७६ मा उक्त छोरीको २५ लाख रुपैयाँको बिमा गराएका थिए। सोही रकम पाउने लोभमा उनले १६ असार ०७६ मा छोरीको हत्या गरेको प्रहरी अनुसन्धानले देखाएको थियो। यस्तै, ०७६ मै पोखराका रमेश नेपालीले बिमा दाबीको लोभमा श्रीमती लक्ष्मी नेपालीको हत्या गरेका थिए।

भदौ ०७९ मा दाङको घोराहीमा बिमा दाबीका लागि आफ्नै टिपरमा आगलागी गरिएको थियो। ७ भदौ ०७९ मा विभिन्न दलले आह्वान गरेको नेपाल बन्दको अवसरमा चालक अरुण चौधरी र सहचालक आकाश चौधरीले मालिकको सहमतिमा रा.१ख १६९४ नम्बरको बिग्रेको टिपरमा आगलागी गरेका थिए।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा प्रा.फ.र.नं. २६/१५६२/०६६/०६७ अन्तर्गत मिति २०६६/०४/१२ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. १२ स्थित **गौतम सुन चाँदी पसल** **प्रोप्राइटर तथा जमानीकर्ता : तारा बहादुर वि.क.** स्थायी ठेगाना: नवलपरासी जिल्ला, मुकुन्दपुर गा.वि.स वडा नं. ४ हालको ठेगाना : नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. १२ बाबु : नेत्र बहादुर वि.क. बाजे : थमन सिं	१) थमन सिं को नाति, नेत्र बहादुर वि.क.को छोरा, नवलपरासी जिल्ला, मुकुन्दपुर गा.वि.स वडा नं. ४, स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. १२ बस्ने तारा बहादुर वि.क.को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स वडा नं. ६ग स्थित किता नं. ५२० र ५२३ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-०-६-० (विघा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) गौतम सुन चाँदी पसल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	ऋणीको विवरण	**धितोको विवरण**
	२) तारा बहादुर वि.क. (क्रेडिट कार्डकर्जा समेत) स्थायी ठेगाना : नवलपरासी जिल्ला, मुकुन्दपुर गा.वि.स वडा नं. ४ हालको ठेगाना : नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. १२ बाबु : नेत्र बहादुर वि.क. बाजे : थमन सिं	१) थमन सिं को नाति, नेत्र बहादुर वि.क.को छोरा, नवलपरासी जिल्ला, मुकुन्दपुर गा.वि.स वडा नं. ४, स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. १२ बस्ने तारा बहादुर वि.क.को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, बेल्डिहा गा.वि.स वडा नं. ५ क स्थित किता नं. ८७७ र ८७८ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-०-१०-० (विगाह) को जग्गा र नवलपरासी जिल्ला, अर्यौली गा.वि.स वडा नं. ३ स्थित किता नं. २१६८, २१६९ र २१७० को क्षेत्रफल क्रमशः ०-०-११.७५-०, ०-०-११.२५-० र ०-०-१०.७५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) नेत्र बहादुर वि.क.को नाति, तारा बहादुर वि.क.को छोरा, नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. १२ बस्ने दिवस सुनारको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, अर्यौली गा.वि.स वडा नं. ३ स्थित किता नं. २१६१ को क्षेत्रफल ०-०-१०.७५-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) धन विर वि.क.की छोरी, नेत्र बहादुर वि.क.की बुहारी, तारा बहादुर वि.क.की पत्नि, नवलपरासी जिल्ला, मुकुन्दपुर गा.वि.स वडा नं. ४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. १२ मा बस्ने मेघा देवी वि.क. को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, अर्यौली गा.वि.स वडा नं. ३ स्थित किता नं. २१६४ को क्षेत्रफल ०-०-९-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) दिवस सुनार ठेगाना : नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. १२ बाबु : तारा बहादुर वि.क. बाजे : नेत्र बहादुर वि.क.	**२) मेघा देवी वि.क.** स्थायी ठेगाना : नवलपरासी जिल्ला, मुकुन्दपुर गा.वि.स वडा नं. ४ हालको ठेगाना: नवलपरासी जिल्ला, गैडाकोट न.पा. वडा नं. १२ बाबु : धन विर वि.क.

महासंघ र परिसंघबीच आपसी सहकार्यमा जोड



नयाँ पत्रिका

नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघबीच निजी क्षेत्रको हकहित र आर्थिक विकासका लागि सहकार्य गर्नेबारे छलफल भएको छ।

परिसंघका नवनिर्वाचित पदाधिकारी तथा कार्यकारी समितिलाई बधाई एवं शुभकामना प्रदान गर्न महासंघले सोमबार आयोजना गरेको कार्यक्रममा दुवै संस्थाको नेतृत्वले सहकार्यमा जोड दिएका हुन्। महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले देशको अर्थतन्त्र विषम परिस्थितिमा रहेको हुँदा सहकार्य आवश्यक रहेको बताए। उनले भने, 'हामीले विगतमा पनि सहकार्य गरेर सुखद नतिजा ल्याउन सफल भएका थियौं र अब पनि यसलाई निरन्तरता दिनुपर्छ।'

निजी क्षेत्रका तीन छाता संस्थाहरू महासंघ, परिसंघ र नेपाल चेम्बर अफ कमर्सले बिहीबार संयुक्त रूपमा आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा सुझाव पेस गर्दै छन्। यसले थप सकारात्मक सन्देश दिने महासंघ अध्यक्ष ढकालले बताए।

परिसंघका अध्यक्ष अग्रवालले नीतिगत पैरवीका लागि दुवै संस्थाका समितिहरूबीच पनि सहकार्य आवश्यक रहेको औंल्याए। महासंघको स्वागतका लागि धन्यवाद दिँदै उने भने, 'हामीले सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्छ।' परिसंघको यही असार ९ गते अध्यक्ष अग्रवालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको थियो। सोमबारको छलफलमा परिसंघ र महासंघका पदाधिकारी एवं कार्यकारिणी समिति सदस्यको सहभागिता थियो।

व्यास गुफामा नेपाल एसबिआई बैंकको सहयोग

काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडले दमौलीको व्यास नगरपालिकाको व्यास गुफापरिसरमा निर्माणाधीन सन्त भवन तथा अन्य निर्माण कार्यका लागि आर्थिक सहयोग गरेको छ। बैंकको दमौली शाखाले वेदानुयायी प्रतिष्ठान नेपाल, केन्द्रीय कार्यालय व्यास गुफा तनहुँमार्फत सहयोग रकमको चेक हस्तान्तरण गरेको हो।

आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत गरेको उक्त सहयोग बैंकका गण्डकी



प्रदेश प्रमुख सुशीलचन्द्र महतले वेदानुयायी प्रतिष्ठान नेपालका मूल संरक्षक दामोदर बाबालाई हस्तान्तरण गरेको जनाइएको

छ। बैंकको दमौली शाखा प्रबन्धक दिवाकर भट्टले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले हरेक वर्ष विभिन्न सामाजिक क्षेत्रमा सहयोग गर्दै आएको र यसका साथै वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम पनि गर्दै आएको जानकारी दिए।

बैंकले हाल देशभरमा ९३ शाखा, २२ एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय तथा एक कर्पोरेट अफिसका साथै एक सय २८ एटिएममार्फत सेवा दिँदै आएको जनाएको छ।

नेपाल भित्रियो रमडा : इटहरीमा पाँचतारे होटेल सञ्चालन गर्ने

नयाँ पत्रिका

अमेरिकी चेन होटेल ब्रान्ड 'रमडा' नेपाल भित्रिएको छ। व्यवसायी देशबन्धु बस्नेतको लगानीमा इटहरीमा निर्माणाधीन ग्रान्ड सेन्ट्रल होटेल 'रमडा'का रूपमा सञ्चालनमा आउने भएको हो।

रमडाको मातृ कम्पनी विन्डहाम होटेल्स एन्ड रिसोर्ट र ग्रान्ड सेन्ट्रल होटेल प्रालिका अध्यक्ष बस्नेतबीच भारतको दिल्लीमा होटेल सञ्चालनका लागि सम्झौता भएको जनाइएको छ। सम्झौतापछि बस्नेतले नेपालको पर्यटन प्रवर्द्धन र होटेल व्यवसायको प्रवर्द्धनमा नयाँ खुड्किलो भएको बताए। उनले विन्डहाम होटेल्स कम्पनीसँग आफ्ना आगामी परियोजनामा समेत सहयोगको साझेदारी गर्ने जनाएका छन्।

विन्डहाम होटेल्स एन्ड रिसोर्ट युरेसियाका बजार प्रबन्ध निर्देशक निखिल शर्माले नेपालमा आफ्नो ब्रान्ड विस्तार गर्न पाएकोमा खुसी व्यक्त गर्दै आगन्तुकलाई विश्वस्तरीय आतिथ्यता दिने प्रतिबद्धता व्यक्त गरेका थिए।

निर्माणाधीन पाँचतारे उक्त होटेल कुल आठ



तलाको रहेको र यसमा ८० वटा कोठा रहने जनाइएको छ। सन् २०२४ को सुरुवातदेखि सञ्चालनमा ल्याउने गरी निर्माण भइरहेको होटेलमा रेस्टुरेन्ट, बार, लाउन्ज, हेल्थ क्लब, स्पा र आउटडोर स्विमिङ पुलजस्ता सुविधा रहेको उल्लेख छ। होटेलमा विवाह, पार्टी, सेमिनारका लागिसमेत कोठा व्यवस्थापन गरिने जनाइएको छ।

भारतीय सीमा जोगबनी तथा विराटनगर एयरपोर्टबाट आधा घन्टाको समयमा पुग्न सकिने होटेलले धेरै मात्रामा भारतीय पर्यटकलाई विश्वस्तरीय होटेलको सुविधा दिने दाबी गरिएको छ। पूर्वी नेपालमा भित्रिने पर्यटक तथा व्यवसायीलाई आरामदायी र सुरक्षित आवासका साथै व्यावसायिक कार्यक्रमसमेत गर्ने वातावरण होटेलले प्रदान गर्ने अध्यक्ष बस्नेतले बताए।

होटेलले एक सयजनाभन्दा बढीलाई रोजगारी दिनुका साथै विदेशी मुद्रा भित्र्याएर देशको आर्थिक विकासमा समेत योगदान दिने विश्वास व्यक्त गरेको छ।

विन्डहाम होटेल्स एन्ड रिसोर्टस्लाई विश्वकै सबैभन्दा ठूलो र तीव्र गतिमा आफ्ना फ्रेन्चाइजी वितरण गरिरहेको चेन होटेल कम्पनी मानिन्छ। यो अमेरिकी कम्पनीले ९५ देशका नौ हजारभन्दा बढी होटेलको व्यवस्थापन हेरिरहेको जनाइएको छ। एसियामै मात्र पनि २० वटा देशका एक हजार ६ सयभन्दा बढी होटेल रमडाले सञ्चालन गरिरहेको दाबी गरिएको छ।

एनआईबिएल एस र मेगा क्यापिटलको एकीकृत कारोबार

काठमाडौं/ एनआइबिएल एस क्यापिटल लिमिटेडले मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरेपछि दुवै संस्थाको एकीकृत कारोबार सुरु भएको छ। साबिकका दुवै संस्थाको १२ असारमा बसेको सञ्चालक समितिको छुट्टाछुट्टै बैठकको निर्णयबमोजिम प्राप्तिपश्चात् परिवर्तित नाम 'एनआइएमबी एस क्यापिटल लिमिटेड'बाट सोमबारदेखि एकीकृत कारोबार सुरु भएको हो।

दुवै संस्थाको २९ जेठमा सम्पन्न विशेष साधारणसभाको निर्णयद्वारा पारित प्रस्तावबमोजिम एनआइबिएल एस क्यापिटल लिमिटेडमा मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने निर्णय गरेको र गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति तथा दायित्वसमेत आफूले सकार्ने निर्णय गरेको जनाइएको छ।

प्राप्तिपश्चात् कम्पनीको चुक्ता पुँजी ४७ करोड रुपैयाँ पुग्ने तथा चार लाख ८५ हजारभन्दा बढी हितग्राही खाता, सातवटा शाखा कार्यालय र ५५ वटाभन्दा बढी कम्पनीको सेयर रजिस्ट्रार कार्यमार्फत करिब २५ लाखभन्दा बढी सेयरधनीलाई सेवा प्रदान सुरु भएको क्यापिटलले जनाएको छ। प्राप्तिपश्चात् हाल गर्दै आएको मर्चेन्ट बैंकिङ तथा इन्भेस्टमेन्ट बैंकिङ व्यवसायमा गुणात्मक असर पर्नुका साथै प्रदान भइरहेका सेवा अझ सुदृढ र सशक्त रूपमा विस्तार हुँदै धितोपत्र बजारमा आफ्नो विशिष्ट पहिचान बनाउन सकिने क्यापिटलले विश्वास व्यक्त गरेको छ।

अमेरिकन प्रविधिको 'टु मी' ब्रान्डका सौन्दर्य सामग्री बजारमा

काठमाडौं/ डर्मा कस्मेटिक्स र टु सप्लिमेन्ट्रीमा करिब १२ वर्षदेखि काम गर्दै आएको टु डर्मा एसएस प्रालिले 'पार्लर रेन्ज'मा 'टु मी' ब्रान्डका सौन्दर्य सामग्री नेपाली बजारमा भित्र्याएको छ। कम्पनीले अमेरिकन प्रविधिमा आधारित कपालसम्बन्धी सबै खालका केरोटिन उपचार, केरोटिन स्याम्पो, सेरम, वाक्स र फेसियललगायतका रेन्जमा बजारमा ल्याएको हो।



टु डर्मा एसएसका प्रबन्ध निर्देशक सुशान्त मुरारकाले सेवाग्राहीको चाहनाअनुसारको चम्किलो र चिल्लो कपाल होस्, कपाल नझरोस् भनेर रिसर्च एन्ड डेभलपमेन्टअन्तर्गत करिब डेढ वर्ष अध्ययन गरेर राम्रो परिणाम देखिएपछि मात्र यो उत्पादन बजारमा ल्याएको बताए। उनले भने, 'अमेरिकन प्रविधिमा आधारित यी सौन्दर्य सामग्रीको गुणस्तरमा हामी विश्वस्त छौं।' टु मीका उत्पादन केमिकलरहित भएकाले सेवाग्राहीका आँखा, छाला र कपाललाई कुनै असर नपार्ने प्रबन्ध निर्देशक मुरारकाले बताए।

यो उपचारले कर्ली कपाललाई स्ट्रेट बनाउन मद्दत गर्ने जनाइएको छ। केराटिन कपाललाई शक्ति प्रदान गर्नुका साथै कपाल चिल्लो र चम्किलो बनाउने एक प्रकारको प्रोटिन भएको कम्पनीको भनाइ छ। केराटिन स्याम्पो र हेयर सेरम आफैंले पनि प्रयोग गर्न सकिने भए तापनि केरोटिन उपचार प्रायः पार्लरहरूमा धेरै प्रयोग हुने गरेको कम्पनीले जनाएको छ।

सिटिजन्स बैंकका ग्राहकलाई होटेल ठमेल हाउसमा छुट

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका ग्राहकले काठमाडौंको दरबारमार्गमा रहेको होटेल ठमेल हाउसमा छुट पाउने भएका छन्। बैंक र होटेलबीच सिटिजन्स बैंकका कार्डवाहक ग्राहकलाई विशेष छुट दिने समझदारी भएको हो।

समझदारीअनुसार सिटिजन्स बैंकका कार्डवाहकले होटेल ठमेल हाउसमा १० प्रतिशतसम्मको छुट पाउने जनाइएको छ। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने बैंकले विश्वास व्यक्त गरेको छ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्नका लागि समय-समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको जनाइएको छ। हाल बैंकले देशभरमा एक सय ८५ शाखा, तीन विस्तारित काउन्टर, एक सय ४१ एटिएम, ६ कियोस्क सेवा र ९७ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिँदै आएको जनाएको छ।

एनआइसी एसिया बैंकका ग्राहकले 'लेट मी इन'मा छुट पाउने

काठमाडौं/ एनआइसी एसिया बैंकका ग्राहकले काठमाडौंको नयाँ बानेश्वर र महाराजगन्जमा रहेको कोरियन स्किन हस्पिटल लेट मी इनमा छुट पाउने भएका छन्। बैंक र स्किन हस्पिटलबीच बैंकका ग्राहकले सेवाको भुक्तानी डिजिटल माध्यमबाट गरेमा १० प्रतिशत छुट दिने समझदारी भएको हो।

समझदारीपत्रमा बैंकका डिजिटल पेमेन्ट इकोसिस्टम प्रमुख विमल लम्साल र हस्पिटलका निर्देशक मा दोडसुले हस्ताक्षर गरेको जनाइएको छ। समझदारीअनुसार एनआइसी बैंकमा खाता भई मोबाइल बैंकिङ, डेबिट कार्ड, क्रेडिट कार्ड वा प्लाटिनम कार्ड प्रयोग गरिरहेका ग्राहकले यो फाइदा उपभोग गर्न सक्ने जनाइएको छ।

सबै प्रकारका फेसियल र उपचारमा यो छुट उपलब्ध हुने उल्लेख छ। डिजिटल च्यानलबाट हुने कारोबारलाई वृद्धि गर्दै डिजिटल भुक्तानीलाई बढीभन्दा बढी सेवाग्राहीसमक्ष पुऱ्याउने उद्देश्यले बैंकले यस सहकार्यलाई अगाडि बढाएको जनाएको छ। बैंकले हाल देशभराम तीन सय ६० शाखा चार सय ७३ एटिएम, एक सय १० विस्तारित काउन्टर एवं ६५ वटा शाखारहित इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

कामना सेवाले गऱ्यो विद्यार्थीलाई पोसाक वितरण



काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले झापाको कमल गाउँपालिकामा रहेको गुह्येश्वरी आधारभूत विद्यालयका विद्यार्थीलाई पोसाक वितरण गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शाखा कार्यालय दमकमार्फत पोसाक हस्तान्तरण गरेको हो।

उक्त विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थीहरू भूमिहिन, बाढीपीडित, सुकुमवासी, दलित, जनजाति, आदिवासी समुदायका भएका र आर्थिक अवस्था कमजोर भएका छात्रछात्रालाई सो पोसाक निःशुल्क वितरण गरिएको बैंकले जनाएको छ।

बैंकका कोसी प्रदेश प्रमुख खिमलाल भुसालले विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद खनाललाई पोसाक हस्तान्तरण गरेको उल्लेख छ। बैंकले आगामी दिनमा समेत सरोकारवालाको समन्वय तथा सहकार्यमा यस्ता प्रकृतिका सामाजिक कार्यलाई निरन्तरता दिने जनाएको छ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड
Manakamana Engineering Hydropower Limited

रजिष्ट्रर्ड कार्यालय : काठमाडौं २९, अनामनगर, फोन नं. : ०१-४१०२६०६
इमेल : hydromanakamana@gmail.com, वेभसाईट: www.hydromanakamana.com.np

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरू र वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

मनकामना ईन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु. ८०,००,००,०००/- (अक्षरेपी असी करोड मात्र) मध्ये १०% अर्थात् रु.८,००,००,०००/- (अक्षरेपी आठ करोड मात्र) रकम बराबरको रु. १००/– अंकित दरका ८,००,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका वडा नं. ५, ६, ७ र ८, बिगु गाउँपालिका वडा नं. ४ र कालिन्चोक गाउँपालिका वडा नं. ३ का बासिन्दाहरुको लागि निष्काशन गरिएको र बाँकी २५% अर्थात् रु.२०,००,००,०००/– (अक्षरेपी बीस करोड मात्र) रकम बराबरको रु. १००/- अंकित दरको २०,००,००० कित्ता साधारण शेयर मध्ये १०% अर्थात् २,००,००० कित्ता साधारण शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि **आज मिति २०८० आषाढ १५ गते मंगलबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि	वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि
दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १० कित्ता	दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता	दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : ५०,००० कित्ता

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने ।

सि.नं.	विवरणपत्र पाइने स्थानहरु
१.	बि.ओ.के क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल काठमाडौं।
२.	मनकामना ईन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडको रजिष्टर्ड कार्यालय काठमाडौं २९ अनामनगर।

आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :

सि.नं.	संकलन केन्द्रको नाम र ठेगाना	सि.नं.	संकलन केन्द्रको नाम र ठेगाना
१.	बि.ओ.के क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल काठमाडौं। *	४.	नेपाल बैंक लि. सिंगटी, दोलखा।
२.	मनकामना ईन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडको रजिष्टर्ड कार्यालय, काठमाडौं २९ अनामनगर।*	५.	नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., सिंगटी, दोलखा।
३.	हिमालयन बैंक लि., गौरीशंकर गाउँपालिका, दोलखा।	६.	सिन्धु विकास बैंक, कालिन्चोक-३, दोलखा।

* **बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड र मनकामना ईन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेडमा चेक मात्र बुझिलिने व्यवस्था गरिएको छ।**
आवश्यकता अनुसार धितोपत्र बोर्डबाट स्वीकृति लिएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ। आयोजनाबाट प्रभावित भएको क्षेत्र (उद्योग प्रभावित क्षेत्र) अर्थात् दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका वडा नं. ५,६,७ र ८, बिगु गाउँपालिका वार्ड नं. ४ र कालिन्चोक गाउँपालिका वडा नं. ३ मा स्थायी बसोबास गर्ने स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम प्राप्त गर्नका लागि रु.२/- (दुई रुपैया) प्रति दरखास्त शुल्क बुझाउनु पर्नेछ।

नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा आस्बा मार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको ।

बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुले आवेदन प्राप्त गर्ने र बुझाउने स्थान:

सि.नं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान
१.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु साथै **मेरो शेयर (MERO SHARE)** सफ्टवेयरबाट आवेदन दिन सकिनेछ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:		वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:	
धितोपत्र निष्काशन खुल्ला मिति:	२०८०/०३/१९ गते	धितोपत्र निष्काशन खुल्ला मिति:	२०८०/०३/१९ गते
धितोपत्र निष्काशन बन्द हुने मिति (डिठोमा):	२०८०/०४/०२ गते (बैंकिङ समय पश्चात)	धितोपत्र निष्काशन बन्द हुने मिति:	२०८०/०४/०२ गते (बैंकिङ समय पश्चात)
धितोपत्र निष्काशन बन्द हुने मिति (डिलोमा):	२०८०/०४/१७ गते (बैंकिङ समय पश्चात)		

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७६/०७७	आ.व. २०७७/७८	आ.व. २०७८/०७९	चैत्र मसान्त २०७९	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१	आ.व. २०८१/०८२
प्रति शेयर नेटवर्थ (रु.)	१००	७७	७४	६९	८१	८३	८७
प्रति शेयर आम्दानी (रु.)		(२३.११)	(८.३७)	(५.७१)	(२.७६)	२.८०	३.४५
संचित नाफा/नोक्सानी (रु. हजारमा)		(८९,७६१.२५)	(१,३४,१०४.१२)	(१६३,७९२.२५)	(१,५५,३७८.६४)	(१३३,००२.४१)	(१०५,३७१.९४)

प्रति मेगावाट कुल लागत सम्बन्धी विवरण:
संगठित संस्थाको आ.व.२०७८/७९ को आषाढ मसान्त सम्मको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत लगभग रु.२७ करोड ८७ लाख १५ हजार मात्र (निर्माण अवधिको ब्याज सहित) रहेको छ। घट्टेखोला जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ५ मेगावाट रहेको र उक्त आयोजनाको आ.व.२०७८/०७९ को आषाढ मसान्त सम्मको वित्तीय विवरण अनुसार कुल लागत रु. १,३९,३५,७५,००० रहेको छ।

विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:
अनुमतिपत्र बहाल रहने अवधि मिति २१०७/०३/२३ सम्म रहेकोले २७ वर्ष ०१ महिना बाँकी रहेको छ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्था:
लगानी फिर्ता हुने अवधि (Pay Back Period) ११.५८ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) २७.७८ वर्ष रहेको छ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:
यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल काठमाडौंले मिति २०७५/०५/२५ गते "CARE-NP BB(Is)" रेटिङ्ग प्रदान गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (Issuers with this rating are considered to have moderate risk of default regarding timely servicing of financial obligations, in Nepal) जनाउँदछ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ । ग्रेड CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ । दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समूहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ । सो रेटिङ्गको वैधता अवधि एक वर्ष अर्थात् २०८०/०५/२८ गते सम्म रहनेछ । सो सम्बन्धी विवरण यस विवरण पत्रको दफा २२ को (ट) मा उल्लेख गरिएको छ ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

नोट: स्थानिय बासिन्दाहरुको लागि बिक्री वितरण गरिएको शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८०/०३/११ गतेको "आर्थिक दैनिक" मा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.hydromanakamana.com.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.bokcapital.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

बि.ओ.के. क्यापिटल मार्केट लि.
B.O.K Capital Market Ltd.
A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.np
Website: www.bokcapital.com.np

हकदावीको सूचना

सुदूरपश्चिम प्रदेश, बझाङ जिल्ला, मष्टा गाँउपालिका वडा नं.४ बस्ने ध्वज कडायतका नाति, इन्द्रलाल कडायतका छोरा तथा कविता देवी कठायतका श्रीमान् धर्मराज कठायतको मिति २०७९/१०/१५ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं.०३८०५०८०३३३४२९ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजका भाई गगन बहादुर कठायतले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय,
महाराजगंज, काठमाडौं
फोन नं:- ४०१६१५१
४०१६१५२

हकदावीको सूचना

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.४ बस्ने श्री आत्माराम अधिकारी को नातीनी, श्री बेणी माधव अधिकारी को छोरी, श्री भोज कुमारी कोइराला को मिति बि.सं.२०७९/०२/२२ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं.१९२०५०८००८२०५१ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भनि निजको नाती समीप कोइराला ले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय,
चिप्लेढुङ्गा, पोखरा
फोन नं:- ०६१-५७८००१,
०६१-५७८००२

पियोर इनर्जी लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०३/१५

यस पियोर इनर्जी लि. (द.नं. २९३६८५/७८/०७९) को मिति २०८०/०३/१४ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना पठाईएको छ ।

सभा हुने मिति : २०८०।०३।३१
स्थान : कम्पनीको रजिस्टर्ड कार्यालय
समय : विहान ११:०० बजे

कम्पनीको विशेष साधारण सभाको छलफलको बिषयसूची

क) विशेष प्रस्ताव
१. कम्पनीको अधिकृत पुंजी र जारी पुंजी बृद्धिका लागि प्रबन्धपत्रको दफा संसोधन गर्ने ।
२. कम्पनीको साधारण शेयर प्रारम्भिक सार्वजनिक निष्कासन गर्नको लागि कम्पनीको प्रबन्धपत्रको दफाहरु संसोधन गर्ने ।
३. कम्पनीको साधारण शेयर प्रारम्भिक सार्वजनिक गर्नको लागि कम्पनीको नियमावलीका नियमहरु संसोधन/थप गर्ने ।
४. कम्पनीको नियम ३२ बमोजिम संचालकको पारिश्रमिक, भत्ता र सुविधा तोक्ने ।

ख) प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संसोधनलाई तिन महलेमा अभिलेख गरि कार्यालयमा बुझाउने सम्बन्धमा ।

ग) विविध

अक्षय गोल्याण
संचालक अध्यक्ष

३२ वर्षदेखि...

पृष्ठ १ बाट क्रमशः

स्वास्थ्य मन्त्रालयका सचिव डा. रोशन पोखरेलले स्वास्थ्यकर्मीको आवश्यकता बढ्दै गएकाले दरबन्दी बढाउन बर्सेनि कर्मचारी व्यवस्थापन सर्वेक्षण (ओएनएम) पठाइरहे पनि नयाँ खुलाउने तयारी नगरिएको बताए। 'केही वर्षयता धेरै ठाउँमा ओएनएम भएको थिएन। अहिले ओएनएम गरेर नयाँ दरबन्दीका लागि अर्थ र संघीय मामिला मन्त्रालयलाई पठाएका छौं। हामीले आवश्यकता पुष्टि गरेर नयाँ दरबन्दी खुलाउन समन्वय र सहमतिका लागि दुईवटै मन्त्रालय पठाएका हौं। तर, बारम्बार सिफारिस गरे पनि यसबारे कुनै कारबाही अघि बढ्न सकेको छैन,' उनको भनाइ छ।

एक डाक्टरको भागमा नौ हजार ८० नागरिक

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को मापदण्डअनुसार एक हजार जनसंख्याबराबर एक डाक्टर हुनुपर्छ। तर, नेपालमा सरकारी दरबन्दीमा रहेका मात्रै होइन, निजी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकको संख्यालाई समेत अधार मान्दा पनि डब्लुएचओको मापदण्ड पूरा हुँदैन।

देशभरका सात हजार आठ सय ८९ सरकारी र दुई हजार दुई सय ५० निजी गरी कुल १० हजार एक सय ३९ स्वास्थ्य संस्था छन्। सरकारी सेवामा १९ सय १६ र निजीमा १२ सय ९६ गरी ३२ सय १२ चिकित्सक मात्रै कार्यरत छन्। यसअनुसार एक डाक्टरको भागमा नौ हजार ८० नागरिक पर्छन्।

सम्पूर्ण स्वास्थ्य जनशक्तिको दरबन्दी नै मापदण्डको २२.९ प्रतिशत मात्रै

'डब्लुएचओ हेल्थ वर्कफोर्स सपोर्ट एन्ड सेफगार्डस् लिस्ट २०२३' प्रतिवेदनले नेपालमा स्वास्थ्यकर्मीको अभावकै कारण सन् २०३० सम्ममा स्वास्थ्य लक्ष्य हासिल गर्ने उद्देश्य पूरा गर्न नसकिने उल्लेख गरेको छ। जनशक्तिको चरम अभावको सूचीमा परेको नेपालले स्वास्थ्यका लक्ष्यहरू हासिल गर्न नसक्ने भन्दै विभिन्न प्रतिवेदनमा डब्लुएचओले उल्लेख गर्दै आएको छ।

डब्लुएचओको मापदण्डअनुसार प्रति १० हजार जनसंख्यामा ४९ स्वास्थ्यकर्मी (डाक्टर, नर्स र मिडवाइफ) आवश्यक पर्ने भए पनि नेपालमा डब्लुएचओको मापदण्डका आधारमा २२.०९ प्रतिशत मात्रै स्वास्थ्यकर्मीको दरबन्दी छ।

संघीयतापछि प्रदेश र स्थानीय तहले केही मात्रामा दरबन्दी थपे पनि संघअन्तर्गत ३२ वर्षअघिकै दरबन्दीमा स्वास्थ्य सेवा सञ्चालनमा छ। हालको जनसंख्याको अनुपातमा एक लाख ४३ हजारभन्दा बढी स्वास्थ्यकर्मीको दरबन्दी आवश्यक देखिन्छ। तर, ३२ वर्षदेखि देशभर सबै तहमा गरी ३१ हजार पाँच सय ९२ स्वास्थ्यकर्मीको स्वीकृत दरबन्दी छ। सघीयता लागू भएसँगै प्रदेशले केही दरबन्दी थपे पनि संघअन्तर्गत ०४८ यता नयाँ खोलिएको छैन।

हाल कुन तहमा कति दरबन्दी ?

देशभर हाल सबै तहमा गरी ३१ हजार पाँच सय ९२ स्वास्थ्यकर्मीको स्वीकृत तहगत दरबन्दी छ। जसमध्ये संघअन्तर्गत दुई हजार ६ सय ५२, प्रदेशअन्तर्गत तीन हजार पाँच सय ९३ र स्थानीय तहअन्तर्गत २५ हजार तीन सय ४७ स्वीकृत दरबन्दी छ। जसमध्ये विशेषज्ञ स्वास्थ्यकर्मीको दरबन्दी निकै न्यून छ। विशिष्ट श्रेणीअन्तर्गत जम्मा दुईजनाको दरबन्दी छ भने बाह्रौं तहमा तीनजना, एघारौं तहमा दुई सय ८१ तथा नवौं र दसौं तहमा एक हजार ४७ जनाको मात्रै दरबन्दी छ।

यसबाहेक, स्वास्थ्य संस्थाहरूमा सेवा प्रवाहमा मुख्य भूमिकामा रहने सातौं र आठौं तहमा समेत आवश्यकताभन्दा निकै न्यून छ। हाल संघ, प्रदेश र स्थानीय तहमा गरी पाँच सय ५६ जनाको दरबन्दी छ भने आठौं तहमा नौ सय ९७ र सातौं तहमा नौ हजार एक सय २५ जनाको स्वीकृत दरबन्दी छ। यसबाहेक सबैभन्दा धेरै चौथो, पाँचौं र छैटौं तहमा संघमा दुई सय ९९, प्रदेशमा सात सय ७६ र स्थानीय तहमा १८ हजार पाँच सय नौ गरी १९ हजार पाँच सय ८४ जनाको स्वीकृत दरबन्दी छ।

नौ विधामा दरबन्दी शून्य

नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएका स्वास्थ्यका ४२ विधामध्ये नौवटामा सरकारी दरबन्दी नै छैन। सरकारी सेवातर्फ हेमोडायलाइसिसमा चिकित्सक र नर्सहरूको सहयोगीका रूपमा काम गर्ने डायलाइसिस टेक्निसियन, मुटुरोगको उपचारमा सहभागी हुने प्राविधिक काइडोप्राक्टिस, अप्रेसन थिएटर टेक्निसियन, एनेस्थेसिया उपकरण र प्रविधिबारे आवश्यक ज्ञान भएका एनेस्थेसिया टेक्निसियन, प्राकृतिक चिकित्सा, रेनल डायलाइसिस, डेन्टल हाइजेनिस्ट, नेत्र सहायक र एक्सरे सेवामा काम गर्ने रेडियोग्राफरको दरबन्दी छैन। बर्सेनि यी विधामा स्वास्थ्यकर्मी उत्पादन भइरहे पनि सरकारी सेवातर्फ दरबन्दी शून्य छ।

देशभर ५८ हजार १२४ स्वास्थ्यकर्मी कार्यरत रहेको अनुमान

नेपालको स्वास्थ्य जनशक्तिसम्बन्धी राष्ट्रिय रणनीति (०७८-०८७)ले हाल देशभर सरकारी, निजी र गैरसरकारी स्वास्थ्य संस्थामा गरी कुल ५८ हजार एक सय २४ स्वास्थ्यकर्मी कार्यरत रहेको आकलन गरेको छ। जसमध्ये तीन हजार दुई सय १२ चिकित्सक छन् भने मिडवाइफ र नर्सिङतर्फ १८ हजार ६ सय ६२ र अन्य स्वास्थ्यकर्मी ३६ हजार दुई सय ५० कार्यरत रहेको आकलन छ। तर, देशभर हाल कति स्वास्थ्यकर्मी कार्यरत छन् भन्ने यकिन तथ्यांक भने उपलब्ध छैन।

पछिल्ला वर्षमा नर्स, मिडवाइफ, चिकित्सक र पारामेडिक्सको उत्पादन बर्सेनि बढिरहे पनि काम गर्ने वातावरण नहुँदा बिदेसिने क्रम बढ्न थालेको उक्त तथ्यांकले देखाउँछ। मेडिकल काउन्सिलको तथ्यांकअनुसार हाल नेपालमा विशेषज्ञ चिकित्सक १० हजार ८०, एमबिबिएर बिडिएस ३२ हजार दुई सय १८ गरी ४२ हजार दुई सय ९८ चिकित्सक रजिस्टर्ड छन्। १३ सय २६ विशेषज्ञ नर्स, ७३ हजार पाँच सय १४ नर्स, ५१ मिडवाइफ, ३७ हजार एक सय ४० अनमि, आठ सय ४८ विदेशी नर्स रहेको नर्सिङ काउन्सिलको तथ्यांक छ। नेपालमा चिकित्सक, नर्स र मिडवाइफ गरी एक लाख ५५ हजार एक सय ७७ स्वास्थ्यकर्मी छन्। यसबाहेक, आयुर्वेद चिकित्सक, जनस्वास्थ्य व्यवसायी, वैकल्पिक चिकित्सा र अन्य पारामेडिक्ससमेत गरी दुई लाख ६७ हजार आठ सय ९१ स्वास्थ्यकर्मी रजिस्टर्ड छन्।

कोभिडमा करारका केही संख्यामा स्वास्थ्यकर्मी थपिए पनि स्थायी दरबन्दी नखुल्दा कम जनशक्ति मुख्य चुनौतीको विषय बनिरहेको बताउँछन्, नेपाल चिकित्सक संघका पूर्वअध्यक्ष डा. लोचन कार्की। 'करिब एक करोड ८५ लाख जनसंख्या हुँदा रहेको स्वास्थ्यकर्मीको दररबन्दीले नै दुई करोड ९२ लाख जनसंख्यालाई स्वास्थ्य सेवा दिइरहेको छ, जसले सेवा प्रवाहमा शतप्रतिशत असर गरिरहेको छ,' उनी भन्छन्, 'अझ धेरैजसो चिकित्सक प्रशासनिक काममा आबद्ध रहेको अवस्थामा मेडिकल अफिसरहरूको संख्या बढाउनुपर्ने हो। तर, मेडिकल अफिसर लेभलका स्वास्थ्यकर्मीसमेत नबढ्दा उपचारात्मक सेवामा जनशक्ति अझै न्यून छ।'

यस्तै, अस्पतालको संख्या बर्सेनि बढे पनि आवश्यक जनशक्ति बढाउन बेवास्ता गर्दा समस्या भइरहेको डा. कार्कीको मूल्यांकन छ। भन्छन्, 'स्थानीय तहमै अहिले सात सय ५३ आधारभूत अस्पताल निर्माणका क्रममा छन्। जसमा सेवा सञ्चालनमा ल्याउन भवनले मात्रै त पक्कै पुग्दैन, तर एउटा अस्पतालमा एउटा चिकित्सक राख्नलाई समेत अहिले चिकित्सकको दरबन्दी छैन। आगामी वर्षको बजेट भाषणमा कम्तीमा तीन मेडिकल अफिसर राख्ने भनिएको छ, दरबन्दी नै नभएको समयमा यो सम्भव छैन।'

स्वास्थ्य मन्त्रालयले पटक-पटक आवश्यक जनशक्तिको प्रक्षेपण गर्दै आए पनि बजेट नभएको भन्दै अर्थ मन्त्रालयले बेवस्ता गर्दै आएको स्वास्थ्य मन्त्रालयका अधिकारीहरू बताउँछन्।

ललितानिवास...

पृष्ठ १ बाट क्रमशः

का तत्कालीन वडासचिव शिवजी भट्टराई, नापी कार्यालय डिल्लीबजारका तत्कालीन नापी सर्वेक्षक धमानकुमार कार्की र नक्कली मोही बाबुराज महर्जनलाई पक्राउ गरेको थियो। भट्टराई हाल काठमाडौं महानगरमातहत सहकारी विभागमा कार्यरत छन्। उनी छैटौं तहका कर्मचारी हुन्।

त्यस्तै, सिआइबीले केही दिनअघि भाटभटेनी सुपर मार्केटका सञ्चालक मिनबहादुर गुरुङ, पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख कलाधर देउजा, सोही कार्यालयका कर्मचारी सुरेन्द्रमान कपाली, धर्मप्रसाद गौतम, हुपेन्द्रमणि केसी र गोपाल कार्कीलाई पनि पक्राउ गरेको थियो। जसमध्ये गुरुङ, शाह, गौतम र कार्कीलाई सिआइबीको हिरासत कक्षमा राखिएको छ। उनीहरूविरुद्ध सिआइबीले मंगलबार थप अनुसन्धानका लागि म्याद थप गर्नेछ। घटनामा संलग्नविरुद्ध प्रहरीले सरकारी छाप किर्ते र संगठित अपराधअन्तर्गत मुद्दा लगाउने तयारी गरिरहेको छ।

२५ सयमा...

पृष्ठ १ बाट क्रमशः

गरेकी हुन्। तर, सहुलियतमा अध्ययन गर्न पाउने भएपछि गाउँ फर्किएर परमानन्दमा भर्ना भएको थापाले बताइन्। 'कोठा भाडा, क्याम्पसको मासिक शुल्क र पाठ्यपुस्तकको खर्च जोगिएको छ,' उनले भनिन्। मुसिकोट नगरपालिका- ३ की २० वर्षीया रिता रिजाल पनि परमानन्दमा मूल विषय अंग्रेजी लिएर स्नातक दोस्रो वर्षमा अध्ययनरत छिन्। चन्दा संकलन गरेर स्थापना गरिएको परमानन्द क्याम्पसमा गुल्मी, अर्घाखाँची र रुपन्देहीका दुई सय ९९ जना विद्यार्थी अध्ययनरत छन्। क्याम्पसको शिक्षा र मानविकी संकायमा पहिलो वर्षमा ७६, दोस्रो वर्ष नयाँ ५६, दोस्रो पुरानो ८६, तेस्रो वर्ष ६९ र चौथो वर्ष १२ विद्यार्थी अध्ययनरत छन्। तीमध्ये आठजना होस्टेलमा बस्छन्।

क्याम्पस प्रमुख ऋषिराम पाण्डेयका अनुसार पहिलो वर्ष भर्ना हुँदा २५ सय तिरेपछि मासिक वा अन्य कुनै शुल्क चार वर्षसम्म तिर्नुपर्दैन। 'पढाइको २५ सय शुल्क लाग्छ, तर होस्टेलमा बसेको शुल्क तिर्नुपर्दैन। टाढाबाट आउने सबैलाई होस्टेलमा बस्ने सुविधा उपलब्ध छ,' उनले भने।

क्याम्पसमा दुई सय ९९ विद्यार्थी भए पनि अधिकांश नियमित कक्षा लिँदैनन्, परीक्षा दिन मात्रै आउँछन्। धुर्कोटसहित इस्मा, मालिका, मदाने, रेसुंगा नगरपालिका तथा अर्घाखाँची, रुपन्देही र कपिलवस्तुका विद्यार्थीले क्याम्पसमा अध्ययन गर्दै आएको क्याम्पस प्रमुख पाण्डेयले बताए। यसबाहेक क्याम्पसले निःशुल्क पाठ्यपुस्तक, कम्प्युटरसहित शिक्षक सेवा, लोकसेवालगायत कक्षा सञ्चालन गरिरहेको छ। नियमित क्याम्पस आउने विद्यार्थी कुक तालिम लिएर सीपयुक्त भएका छन्।

कसरी चलिरहेको छ क्याम्पस ?

क्याम्पसको मुख्य आयस्रोत भनेको विभिन्न अक्षयकोष, आजीवन तथा विशिष्ट सदस्य शुल्क र सहयोगबाट संकलन भएको दुई करोड सात लाख हो। यो रकम क्याम्पसको मुद्दती खातामा छ, वार्षिक प्राप्त हुने करिब १५-१७ लाख ब्याजबाट क्याम्पस व्यवस्थापन र सञ्चालन भइरहेको क्याम्पस प्रमुख पाण्डेयले जनाए।

स्थानीय परमानन्द भण्डारीले धुर्कोट बहुमुखी क्याम्पस सञ्चालन गर्न ०६६ मा १० लाख सहयोग गरेका थिए। क्याम्पस ०६५ मा स्थापना भएको हो। २३ असार ०६६ मा उनको निधन भएपछि छोरा कृष्णप्रसाद भण्डारीले २४ वैशाख ०६८ मा ५१ लाख प्रदान गरेर क्याम्पसकै नाम धुर्कोट परमानन्द बहुमुखी क्याम्पस नामकरण गराए।

क्याम्पसको ११औं वार्षिकोत्सवका अवसरमा संस्थापक अध्यक्ष परमानन्द भण्डारीकी पत्नी पार्वतीदेवी भण्डारीले पनि चौरासीपूजाको दान र खर्च कटाएर क्याम्पसलाई ०७६ मा १५ लाख प्रदान गरिन्। त्यसबाहेक स्वर्गीय रुद्रमणि शर्मा भण्डारी, टोमलाल पाण्डेय तथा पूर्वसांसद टंक पोखरेल, पूर्वक्याम्पस प्रमुख डा. नातिमैया शर्मा भण्डारीले आर्थिक एवं नैतिक रूपमा ठूलो योगदान दिएको क्याम्पस सञ्चालक समिति उपाध्यक्ष युवराज भण्डारीले बताए।

भवन निर्माणका लागि स्थानीय प्रेमनारायण भण्डारीले ६-६-२-०, झविन्द्र भण्डारीले ४-४-१-०, द्रुण्डीराज शर्मा भण्डारीले १-७-२-०, युवराज पाण्डेले १-९-१-३, मुक्तिराम भण्डारीले १-५-०-०, देवकुमारी भण्डारीले ०-९-२-० क्षेत्रफल जग्गा निःशुल्क उपलब्ध गराएका छन्। क्याम्पसका लागि कतिपय उपप्राध्यापकले निःशुल्क पढाए। त्यस्तै, विश्वविद्यालय अनुदान आयोग, तीनवटै सरकार, युके समाज, वस्तु कोरिया सम्पर्क समाजले पनि क्याम्पसलाई सहयोग गरेका छन्।

हाल क्याम्पसमा १७ विषयगत उपप्राध्यापक र दुई कर्मचारी छन्। क्याम्पसमा बिए तथा नेपाली, अंग्रेजी, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र र गणित विषयमा अध्यापन भइ रहेको छ भने बिएडतर्फ नेपाली, अंग्रेजी, अर्थशास्त्र र गणित विषय अध्ययन भइरहे को छ। पहिलो वर्ष शिक्षा संकायमार्फत २७ विद्यार्थी भर्ना भएका थिए। ०६६ बाट मानविकी संकाय सञ्चालन भएपछि १३ जना भर्ना भए। अहिलेसम्म एक हजार पाँच सय विद्यार्थीले क्याम्पसमा अध्ययन गरेको क्याम्पस प्रशासनले जनाएको छ। झविन्द्र भण्डारीले परमानन्द बहुमुखी क्याम्पसबाट स्नातक गरेका हुन्। उनी अहिले सोही क्याम्पसमा उपप्राध्यापक छन्। पूर्वविद्यार्थी बाबुराम पोखेलले परमानन्द बहुमुखी क्याम्पस नभएको भए आफ्नो उच्च शिक्षाको सपना पूरा नहुने बताए।

निर्वाचन कानुनमा...

पृष्ठ १ बाट क्रमशः

आयोगले विभिन्न चरणमा निर्वाचन कानुनका विज्ञ तथा सरोकारवालाको सुझाबसमेतका आधारमा मस्यौदामा आवश्यक परिमार्जन गरी निर्वाचनसँग सम्बन्धित विद्यमान सातवटा ऐनका प्रावधान समेटी एकीकृत रूपमा विधेयक बनाइएको आयोगले जनाएको छ।

'निर्वाचन व्यवस्थापनलाई अझ बढी स्वच्छ, निष्पक्ष, सहज र प्रभावकारी बनाउन नेपालको संविधान, सम्मानित सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश तथा अन्तर्राष्ट्रिय अभ्यास र विगतका अनुभव तथा पृष्ठपोषणसमेतका आधारमा साविकको निर्वाचनसम्बन्धी कानुनमा परिमार्जन गरी 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' गृह मन्त्रालयमार्फत संसद्मा पेस गर्ने निर्णय गरेको छ,' आयोगको विज्ञप्तिमा छ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपिलयाले निर्वाचन व्यवस्थापन सुदृढ हुने गरी विधेयकको मस्यौदा बनाइएको दाबी गरे। 'प्रस्तावित ऐनभित्र अहिलेसम्म गरेका राम्रा अभ्यास कायमै गरिएको छ। कमीकमजोरी सच्याउन उठेको विषयलाई सबैको सहमतिमा समावेश गरिएको छ। राम्रा अन्तर्राष्ट्रिय अभ्यास समेटिएको छ। नेतृत्व आयोगको तथा दायित्व र जिम्मेवारी सबैको भनेर प्रदेश र स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरी विकेन्द्रीकरणलाई जोड दिएको छ,' प्रमुख निर्वाचन आयुक्त थपलियाले भने, 'कस्तो मान्छे उम्मेदवार हुनुपर्छ भन्ने स्पष्ट परिभाषित गरिएको छ। मतदानबाट कोही वञ्चित नहुन् भन्ने उद्देश्यले कार्यरत रहेको ठाउँमै वा विदेश जानुपर्ने भएमा अग्रिम मतदानको व्यवस्था गरेका छौं। समग्रमा निर्वाचनको निष्ठा सुनिश्चित गरिएको छ। यो दलहरूका लागि मार्गदर्शन बन्नेछ।'

प्रस्तावित विधेयकमा विदेशमा बस्ने नेपालीको मताधिकार सुनिश्चित गरिएको छ। साथै 'म कसैलाई मत दिन्न' अर्थात् 'नो' भोटको व्यवस्था मतपत्रमा गर्ने भनिएको छ। सर्वोच्च अदालतको फैसलाका आधारमा यो व्यवस्था प्रस्ताव गरिएको थपलियाले बताए। उनकाअनुसार मतदानमा कुल सदर मतको ५० प्रतिशतभन्दा बढी 'नो' भोट आए निर्वाचन रद्द हुनेछ। आयोगले मतपरिणाम आउन धेरै समय कुर्नुपर्ने बाध्यता हटाउन मतदानस्थलमै मतगणना गर्ने प्रस्तावसमेत विधेयकमा गरेको छ।

आयोगले उम्मेदवारको योग्यतामा कडा प्रावधान राखेको छ। भ्रष्टाचार मुद्दा लागेको, कर नतिरेको, कालोसूचीमा रहेको, पक्राउ पुर्जी जारी भएको वा पुर्पक्षका लागि थुनामा नबसेर फरार रहेको व्यक्ति उम्मेदवार बन्न नपाउने प्रस्ताव गरिएको छ। आफू र परिवारका सदस्यको सम्पत्ति विवरण पेस गर्नुपर्ने, कुनै फौजदारी अभियोग नलागेको भनेर आफैं प्रमाणित गर्नुपर्ने व्यवस्था गरिएको छ। निर्वाचनमा खर्च बैंक खातामार्फत गर्नुपर्ने उल्लेख छ। पराजित उम्मेदवार कार्यकालभर कुनै तहमा पनि उम्मेदवार हुन नपाउने, दल त्याग नगरी अर्को दलबाट उम्मेदवार बन्न नपाउने व्यवस्था पनि राखिएको छ। प्रत्यक्षतर्फ कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार उठाउनैपर्ने बाध्यकारी व्यवस्था गरिएको छ।

समानुपातिकमा दुई कार्यकाल मात्रै सांसद बन्न पाउने व्यवस्था विधेयकमा राखिएको छ।

स्थानीय तहको प्रमुख वा उपप्रमुखमध्ये एउटा पदमा मात्रै उम्मेदवारी दिँदा महिला अनिवार्य हुनुपर्ने, स्थानीय तहभित्रको सम्पूर्ण वडाध्यक्षमा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गर्न प्रस्ताव गरिएको छ।

विधेयकमा आरक्षण र अल्पसंख्यक उम्मेदवारलाई धरौटी रकममा ५० प्रतिशत छुट दिने व्यवस्था राखिएको छ। निर्वाचित व्यक्तिको अयोग्यतासम्बन्धी उजुरी अदालतले ६ महिनाभित्र टुंग्याउनुपर्ने भनिएको छ। यसका अलावा आयोगले निर्वाचन मिति र पदावधिसमेत ऐनमै किटान गरेको छ। निर्वाचन भएको दिनबाटै पदावधि गणना र उम्मेदवारी मनोनयनको दिनबाट अघिल्लो कार्यकाल स्वतः समाप्त हुने प्रस्ताव गरेको छ।

विधेयकमा स्थानीय तहबाटै मतदाता नामावली संकलन, मतदानस्थल निर्धारणका लागि परामर्श तथा व्यवस्थापनमा सहयोग र मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव पनि गरिएको छ। स्थानीय तहका पदको निर्वाचनमा छुट्टाछुट्टै मतपत्र छाप्ने, कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक, व्यवसाय, रोजगारी तथा उपचार गराइरहेका मतदातालाई मतदान केन्द्र तोकेर अग्रिम मतदानको अधिकार दिने व्यवस्था गरिएको छ।

मतदानको दिन मतदाताको सहजताका लागि सार्वजनिक यातायातको आवश्यक व्यवस्थापन गर्ने पनि उल्लेख छ।

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

चिकित्सक तथा स्वास्थ्यकर्मी सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०३/१९)

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश मातहतका स्वास्थ्य सेवा निर्देशनालय, मानव संसाधन विकास केन्द्र, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश अस्पताल, प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, मेहलकुना अस्पताल, स्वास्थ्य सेवा कार्यालयहरु र आयुर्वेद स्वास्थ्य केन्द्रहरुको लागि लोक सेवा आयोगबाट पदपुर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई आएमा वा अन्य व्यवस्था भएमा स्वतः नरहने गरी स्वास्थ्य सेवाका देहाय बमोजिमका पदहरुमा प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकाले तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयभित्र सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा दरखास्त दिनुहुन सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

क्र. स.	विज्ञापन नं.	पद	सेवा	समूह/उपसमूह	तह	आवश्यक माग संख्या
१	१/०७९/०८०	ब/कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट	स्वास्थ्य	अब्स्ट्रेटिक्स एण्ड गाईनो	नवौं	११
२	२/०७९/०८०	ब/कन्सल्टेन्ट पिडियाट्रीसियन	स्वास्थ्य	पेडियाट्रिक्स/पेडियाट्रिक	नवौं	५
३	३/०७९/०८०	ब/कन्सल्टेन्ट नियोनेटोलोजिष्ट	स्वास्थ्य	पेडियाट्रिक्स/ नियोनेटोल	नवौं	१
४	४/०७९/०८०	ब/कन्सल्टेन्ट जनरल फिजिसियन	स्वास्थ्य	मे./जनरल मे.	नवौं	१०
५	५/०७९/०८०	ब/कन्सल्टेन्ट ग्याष्ट्रोइन्टेरोलोजिष्ट	स्वास्थ्य	मे./ग्याष्ट्रो-	नवौं	१
६	६/०७९/०८०	ब/कन्सल्टेन्ट कार्डियोलोजिष्ट	स्वास्थ्य	मे./ कार्डियोलोजी	नवौं	१
७	७/०७९/०८०	ब/कन्सल्टेन्ट नेफ्रोलोजिष्ट	स्वास्थ्य	मे./ नेफरोलोजी	नवौं	१
८	८/०७९/०८०	ब/कन्सल्टेन्ट इन्डोक्राइनोलोजिष्ट	स्वास्थ्य	मे./ इन्डोक्राइनोलोजी	नवौं	१
९	९/०७९/०८०	ब/फरेन्सिक मेडिसिन अधिकृत	स्वास्थ्य	मे./ फरेन्सिक	नवौं	१
१०	१०/०७९/०८०	ब/कन्सल्टेन्ट जनरल सर्जन	स्वास्थ्य	सर्जरी/जनरल सर्जरी	नवौं	८
११	११/०७९/०८०	ब/कन्सल्टेन्ट पेडियाट्रीक सर्जन	स्वास्थ्य	सर्जरी/ पेडियाट्रिक सर्जरी	नवौं	१
१२	१२/०७९/०८०	ब/कन्सल्टेन्ट ग्याष्ट्रोइन्टेरोलोजिष्ट सर्जन	स्वास्थ्य	सर्जरी/ग्याष्ट्रो-	नवौं	१
१३	१३/०७९/०८०	ब/कन्सल्टेन्ट अर्थोपेडिक सर्जन	स्वास्थ्य	सर्जरी/अर्थोपेडिक सर्जरी	नवौं	५
१४	१४/०७९/०८०	ब/कन्सल्टेन्ट डर्माटोलोजिष्ट	स्वास्थ्य	डर्माटोलोजी/ल्याप्रोलोजी	नवौं	१
१५	१५/०७९/०८०	ब/कन्सल्टेन्ट डेन्टल सर्जन्	स्वास्थ्य	डेन्टिष्टि/ डेन्टल सर्जन	नवौं	१
१६	१६/०७९/०८०	ब/कन्सल्टेन्ट मेडिकल जनरलिष्ट	स्वास्थ्य	मे./जनरल मे.	नवौं	२
१७	१७/०७९/०८०	ब/कन्सल्टेन्ट रेडियोलोजिष्ट	स्वास्थ्य	रेडियोलोजी/रेडियो	नवौं	१
१८	१८/०७९/०८०	ब/कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट	स्वास्थ्य	एनेस्थेसियोलोजी	नवौं	५
१९	१९/०७९/०८०	ब/कन्सल्टेन्ट काय चिकित्सक	स्वास्थ्य	आयुर्वेद/ काय चिकित्सा	नवौं	१
२०	२०/०७९/०८०	ब/कन्सल्टेन्ट कौमारभृत्य चिकित्सक	स्वास्थ्य	आयुर्वेद/ कौमारभृत्य	नवौं	१
२१	२१/०७९/०८०	ब/कन्सल्टेन्ट शल्य चिकित्सक	स्वास्थ्य	आयुर्वेद/शल्य	नवौं	१
२२	२२/०७९/०८०	अधिकृत	स्वास्थ्य	हे. ई./हे. ए.	नवौं	१
२३	२३/०७९/०८०	ब/जनस्वास्थ्य प्रशासक	स्वास्थ्य	प. हे. ए./हे. ई.	नवौं	१
२४	२४/०७९/०८०	ब/कन्सल्टेन्ट प्याथोलोजिष्ट	स्वास्थ्य	मे.ल्या.टे./प्याथो	नवौं	१
२५	२५/०७९/०८०	ब/कन्सल्टेन्ट माइक्रोबायोलोजिष्ट	स्वास्थ्य	मे.ल्या.टे./ माइक्रोबायोलोजि	नवौं	१
२६	२६/०७९/०८०	स. उ. प्र. मे. टे.	स्वास्थ्य	मे.ल्या.टे./ ज. मे.ल्या.टे.	नवौं	१
२७	२७/०७९/०८०	मेडिकल अधिकृत	स्वास्थ्य	ज.हे.स.	आठौं	२४
२८	२८/०७९/०८०	डेन्टल सर्जन	स्वास्थ्य	डेन्टिष्ट्री/ डेन्टल सर्जन	आठौं	६
२९	२९/०७९/०८०	आयुर्वेद चिकित्सक	स्वास्थ्य	जनरल/आयुर्वेद	आठौं	४
३०	३०/०७९/०८०	जन स्वास्थ्य अधिकृत	स्वास्थ्य	हे.ई.	सातौं	७
३१	३१/०७९/०८०	मेडिकल ल्याब टेक्नोलोजिष्ट	स्वास्थ्य	मे.ल्या.टे./ज.मे.ल्या.टे.	सातौं	३
३२	३२/०७९/०८०	रेडियोग्राफि टेक्नोलोजिष्ट	स्वास्थ्य	रेडियोग्राफि	सातौं	१
३३	३३/०७९/०८०	नर्सिङ अधिकृत	स्वास्थ्य	जनरल नर्सिङ	सातौं	४
३४	३४/०७९/०८०	बायोमेडिकल इन्जिनियर	स्वास्थ्य	विविध/ बायोमेडिकल	सातौं	२
			जम्मा			११६

१. उम्मेदवारको योग्यता:

क) नेपाली नागरिक हुनुपर्नेछ।

ख) न्यूनतम योग्यता: माथि उल्लिखित पदहरुको उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ६ बमोजिम सम्बन्धित समूह तथा उपसमूहमा रहने पदहरुको लागि तोकिएको योग्यता पूरा गरेको हुनुपर्नेछ। कम्यूनिटि मेडिसिनको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा एम.डि. वा सो सरहको उपाधि प्राप्त हुनुपर्नेछ।

ग) विदेशी शिक्षण संस्थाबाट अध्ययन गर्नेको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।

घ) उमेर हद: अधिकृतस्तरको लागि न्यूनतम २१ वर्ष पूरा भएको हुनुपर्नेछ।

ङ) सम्बन्धित स्वास्थ्य सम्बद्ध व्यवसायिक परिषद्मा दर्ता तथा नवीकरण समेत भएको हुनुपर्नेछ।

च) स्थायी बसोबास गरेको व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र पेश भएको हुनुपर्नेछ।

छ) समावेशीता (महिला, आदवासी जनजाती, मधेसी, पिछडिएको क्षेत्र, दलित) को हकमा अनिवार्य रुपमा सम्बन्धित विवरण खुलेको प्रमाणित कागजात पेश गर्नुपर्नेछ।

ज) अपाङ्गताको हकमा अनिवार्य रुपममा अपाङ्गता खुलेको प्रमाणित कागजात पेश गर्नुपर्नेछ।

झ) प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्नेछ।

२. दरखास्त दिने विधि: योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस मन्त्रालयमा दरखास्त फारम भरेको सक्कलै फाइल पेश गर्नुपर्नेछ। चिकित्सकको हकमा मात्र मन्त्रालयको इमेल ठेगाना vaccancy.mosd@gmail.com मार्फत दरखास्त पेश गर्न सकिनेछ। अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म दरखास्त दिन सकिनेछ। दरखास्त फारम यस मन्त्रालयको वेवसाइट www.mosd.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ।

३. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु: दरखास्त फारम भरी फारममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो टाँसी उम्मेदवारको व्यक्तिगत विवरण, एसएलसी देखि न्यूनतम शैक्षिक योग्यतासम्मका सबै प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ दरखास्त पेश गर्नुपर्ने

मंगलबार १९ असार ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

जनप्रतिनिधिको तलबबाट खेलाडीलाई सुविधा

रुपन्देहीका जनप्रतिनिधिले गरे आफ्नो तलबबाट खेलाडीको मासिक पारिश्रमिकमा सहयोग गर्ने घोषणा



दिपेश पछाई/नयाँ पत्रिका
भैरहवा, १८ असार

रुपन्देही क्रिकेट संघले खेलाडी कल्याणकारी कोष स्थापना गरी १० राष्ट्रिय खेलाडीलाई मासिक तलब दिने व्यवस्था गरेको छ। रुपन्देहीका विभिन्न क्षेत्रका जनप्रतिनिधिहरूले आफ्नो तलबबाट खेलाडीको मासिक पारिश्रमिकमा सहयोग गर्ने घोषणा गरेका छन्। खेलाडीलाई मासिक तलब दिने रुपन्देही पहिलो जिल्ला क्रिकेट संघ बनेको छ। संघका अध्यक्ष हरिबहादुर थापाले बुबाको स्मृतिमा एक लाख रुपैयाँ कल्याणकारी कोष स्थापना गरी खेलाडीलाई सुविधा प्रदानको सुरु गरेका हुन्। नेपालमा क्रिकेट र फुटबलमा आबद्ध राष्ट्रिय खेलाडीले मात्र सम्बन्धित केन्द्रीय संघबाट मासिक पारिश्रमिक लिन्छन्।

खेलाडीले आफू आबद्ध जिल्ला संघबाट मासिक रूपमा पारिश्रमिक पाउन लागेको यो नै पहिलोपटक हो। रुपन्देहीका पुरुष यू-१९ क्रिकेट टोलीका कप्तान देव खनाल, कृष्ण कार्की, स्पिनर अनिल खरेल, युवा तीव्र गतिका बलर दुर्गेश गुप्ता, यू-१६ का सन्तोष यादव र सागर गैरेले रुपन्देही जिल्ला क्रिकेट संघबाट पारिश्रमिक लिनेछन्। संघले महिला क्रिकेट टोलीकी सदस्य कृतिका मरासिनी, आस्मा पुलामी मगर र सुस्मिता भुसाललाई पनि सोही सुविधा प्रदान गर्ने जनाएको छ। सियारी गाउँपालिका अध्यक्ष थानेश्वर घिमिरेले क्रिकेट खेल र खेलाडीको विकासका लागि आर्थिक सहयोग गर्ने घोषणा गरेका हुन्।

'रुपन्देही क्रिकेट खेलका लागि उर्वरभूमि भएकाले यसको विकास र संरक्षणका लागि राज्यस्तरबाट पनि पर्याप्त सहयोग पाउनुपर्छ,' घिमिरेले भने। संघका सचिव सञ्जय गुरुङले कल्याण कोषको स्थापनापछि खेलाडीलाई आर्थिक रूपमा सबल बनाउने प्रयास भएको बताए। उनले कोषबाट घाइते र विपन्न खेलाडीलाई पनि सहयोग गर्ने बताएका छन्। 'हामीले स्थापना गरेको कोषले भविष्यमा ठूलो आकार लिनेछ,' गुरुङले भने, 'यो एउटा सानो प्रयासमा मात्र हो, कोष खडा गर्न रुपन्देहीवासीको ठूलो हात छ।'

वडा २ का अध्यक्ष जनार्दन यादवले चार वर्षसम्म मासिक १० हजार कल्याणकारी कोषमा रकम जम्मा गर्ने जानकारी दिएका छन्। यसैगरी, सिद्धार्थनगर नगरपालिकाकी उपप्रमुख उमा अधिकारीले पनि कल्याणकारी कोषमा २५ हजार रुपैयाँ प्रदान गर्ने भएकी छिन्। लुम्बिनी नेत्रालयसँग खेलाडीको उपचारमा ५० प्रतिशत छुट गर्ने विषयमा पनि सम्झौतापत्रमा हस्ताक्षर भएको छ। सियारी गाउँपालिकाका वडा १ का अध्यक्ष अरुणकुमार शाहीले आफ्नो कार्यकालभरि नै खेलाडीलाई दिइने मासिक तलबमा प्रतिमहिना २६ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरेका छन्।

क्रिकेटको बलियो आधार सुपर लिग

क्रिकेटमा रुपन्देही जिल्ला सर्वाधिक बलियो हुनुको पछाडि यहाँ नियमित रूपमा सञ्चालन भइरहेको सुपर लिग नै हो। यहाँ २०५३ देखि रुपन्देही सुपर लिग भइरहेको छ। नेपाली क्रिकेटको सर्वोच्च संस्था क्यान आइसिसीद्वारा निलम्बनमा परेका वेला पनि रुपन्देही सुपर लिग सञ्चालितमा थियो।

रुपन्देही क्रिकेट संघले सुपर लिगमा 'ए' र 'बी' डिभिजन गरी सञ्चालन गरिरहेको छ। दुवै लिगमा गरी २० क्लब छन्। बी डिभिजन सुपर लिगमा उत्कृष्ट प्रदर्शन गर्ने चार टोली माथिल्लो डिभिजनमा बढुवा हुनेछन्। शीर्ष लिगमा कमजोर प्रदर्शन गर्ने टोली 'बी' डिभिजनमा घटुवा हुनेछन्। लगातार सुपर लिगका कारण नै रुपन्देहीमा प्रतिभाशाली खेलाडी देखिएका छन्।

मासिक पाँच हजार रुपैयाँ

संघले १० खेलाडीलाई मासिक पाँच हजार पारिश्रमिक दिनेछ। सिनियर टोली, यू-१९ र यू-१६ का समान दुई खेलाडीले मासिक पाँच हजार रुपैयाँ थाप्ने संघले जनाएको छ। यसैगरी, तीन राष्ट्रिय महिला खेलाडीले पनि यसै महिनादेखि मासिक पाँच हजार रुपैयाँ पाउनेछन्। 'नेपालको क्रिकेट विकासमा रुपन्देहीको योगदान बृहत् छ, यस क्षेत्रलाई क्रिकेटको उर्वर भूमिका रूपमा पनि लिने गरिन्छ, यहाँ घरेलु प्रतियोगिता सर्वाधिक हुन्छ,' सचिव गुरुङले भने।

संघको आगामी लक्ष्य भनेको सिद्धार्थ रंगशालालाई २०८२ सम्म आइसिसीको एकदिवसीय मान्यताप्राप्त खेल गराउने नै हो। 'हामीले अबको दुई वर्षभित्र सिद्धार्थ रंगशालामा एकदिवसीय खेल आयोजना गर्ने लक्ष्य राखेका छौं,' गुरुङले भने, 'रुपन्देहीको यस कार्यबाट थप अन्य जिल्लासमेत प्रभावित हुने विश्वास छ।'

यसैबीच, नेपाल क्रिकेट संघ (क्यान)का कोषाध्यक्ष रोशनकुमार सिंहले क्रिकेट विकासका लागि खेलाडीहरूको प्रोत्साहन आवश्यक रहेको बताए। रुपन्देहीले कल्याणकारी कोष खडा गरी खेलाडीलाई मासिक तलब प्रदान गर्दा आफू निकै खुसी भएको सिंहले बताए। क्यानका सदस्य प्रशान्त विक्रम मल्लले कल्याणकारी कोषले खेलाडीलाई आर्थिक रूपमा समस्या नपर्ने बताए।

चिरञ्जीवी र प्रदीप सेमिफाइनलमा



काठमाडौं/ नेपाल प्रहरीका चन्द्रबहादुर थापा, नेपाल आर्मीका विमल घर्ती मगर, पाटनका चिरञ्जीवी खड्का र च्याम्पियनका प्रदीप महर्जन प्रकाश दाहाल स्मृति पुरुष तथा महिला खुला बक्सिङ प्रतियोगिताको पुरुष ५१ केजीमा सोमबार सेमिफाइनलमा प्रवेश गरेका छन्। बुढानीलकण्ठमा भइरहेको प्रतियोगितामा चन्द्रले दाङका भरत पुनमगरलाई हराए। विमलले ललितपुरका उमंग खत्रीमाथि जित निकाले। चिरञ्जीवीले च्याम्पियनका अजय पुनमगरलाई पाखा लगाए। प्रदीपले सोनाम लामालाई पराजित गरे। पुरुष ५७ केजीमा एपिएफका पुरन राईले कञ्चनपुरका महेशसिंह खत्रीलाई हराउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे।

यसैगरी, पुरुष ६० केजीमा मौसमले प्रहरीका सुजन पौडेललाई निराश पारेका छन्। एपिएफका विक्रम परियारले नुवाकोटका विकास गुरुङमाथि जित निकालेका छन्। आर्मीका इन्द्रबहादुर सुनुवारले बक्समान्डुका आयुष थापालाई पाखा लगाएका छन्। एक्सबक्सका निश्चल गुरुङले स्विटका मार्सल गुरुङलाई निराश पार्दै सेमिफाइनलमा स्थान पक्का गरेका छन्। पुरुष ६७ केजीमा एपिएफका विक्रम चौधरीले अन्साका विशाल दाहाललाई पन्छाउँदै अन्तिम चारको स्थान पक्का पारे।

यसैगरी, पुरुष ७१ केजीमा एक्सबक्सका निशान गुरुङले एपिएफका सुमन कार्कीमाथि जित निकाले। आर्मीका दानबहादुर दर्लामीले कैलालीका भरत चन्दलाई सहज स्कोरमा पाखा लगाए। प्रहरीका मिलन तामाङले ललितपुरका कुशल कुमालमाथि जित निकाली सेमिफाइनलमा पुगे। पुरुष ७५ केजीमा एचटुओका विनिश राईले नक्सालका अश्विन धीरन श्रेष्ठलाई हराए। पाटनका जेम्स महर्जनले तेन्जी शेर्पालाई पराजित गरेका छन्।

यसैगरी, महिला ४८ केजीमा नक्सालकी मन्दिरा पौडेलले नुवाकोटकी संगीता राणालाई हराइन्। ५४ केजीमा प्रहरीकी निशा तामाङले नुवाकोटकी रक्षा जिसीलाई निराश पारिन्। ५७ केजीमा एपिएफकी माला राईले आर्मीकी कमला खड्का तथा एपिएफकी शर्मिला तामाङले कर्णालीकी हेरिना ऐरलाई हराउँदै सेमिफाइनलमा स्थान बनाए।

एनएसजेएफको १८औँ साधारणसभा

काठमाडौं/ नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को १८औँ वार्षिक साधारणसभा तथा खेलकुद पत्रकारिता पुनर्ताजगी प्रशिक्षण कार्यक्रम सोमबार सम्पन्न भएको छ। धुलिखेलमा आइतबारदेखि सुरु भएको दुईदिने कार्यक्रमको पहिलो दिन मल्टिप्लाटफर्म जर्नालिजमबारे सिएमआर नेपाल एकेडेमीका डाइरेक्टर उज्ज्वल आचार्यले प्रशिक्षण दिएका थिए। सो प्रशिक्षणमा ६४ जना खेल पत्रकार सहभागी थिए। यसैबीच, मञ्चको १८औँ वार्षिक साधारणसभा पनि सम्पन्न भएको छ। साधारणसभाको बन्दसत्रमा मञ्चका महासचिव प्रज्वल ओलीको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष सुजन श्रेष्ठको आर्थिक प्रतिवेदन सभाले पारित गरेको थियो। साधारणसभा राखेपका सदस्यसचिव टंकलाल घिसिङले चालू आर्थिक वर्षमा राखेपको सहयोगमा भएका विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताका विवरण प्रस्तुत गरेका थिए।

नेपाल ह्याट्रिक उपाधि नजिक



नयाँ पत्रिका
काठमाडौं, १८ असार

नेपाल एसिसी पुरुष यू-१६ इस्टन जोन कप क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ। मलेसियाको बायोमास मैदानमा सोमबार सिंगापुरमाथि ९७ रनको फराकिलो जित निकाल्दै नेपाल लगातार तेस्रोपटक अन्तिम दुईमा पुगेको हो। फाइनलमा आयोजक मलेसियालाई हराउँदा नेपाल लगातार तेस्रोपटक प्रतियोगिताको च्याम्पियन बन्नेछ। बायोमास ओभलमा पहिलो ब्याटिङ गरेको नेपालले ३५ ओभरमा नौ विकेट गुमाएर एक सय ८४ रनको बलियो योगफल खडा गरेको थियो। प्रत्युत्तरमा सिंगापुर ३१.३ ओभरमा ८७ रनमै समेटियो।

युवा बलरहरूको उत्कृष्ट बलिङ

एक सय ८४ रन रक्षा गर्न मैदानमा ओर्लेका नेपाली बलरले सिंगापुरविरुद्ध फिल्डिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरेका थिए। नेपाल यी दुवै पक्षमा बलियो देखिँदा सिंगापुर न्यून योगफलमै समेटिएको हो। नेपाली बलरले सिंगापुरको ब्याटिङमा कुनै पनि समयमा ठूलो साझेदारी गर्न दिएनन्। नेपालका कार्तिक कामतले कसिलो बलिङ गर्दै सर्वाधिक ३ विकेट लिएका थिए। उनले २.३ ओभरमा एक मेडन राखी नौ रन खर्चिएका हुन्। यसैगरी, नेपालका अभिषेक तिवारी, प्रतीक पोखरेल, सन्तोष यादव, अशोक धामी र नरेन भट्टले समान एक विकेट लिए। समग्रमा सिंगापुरका ब्याट्सम्यानले नेपालविरुद्ध नौ ओभरमा रन नै लिन सकेनन्। नेपाली बलरले नौ ओभर मेडन फ्याँकेका थिए। नेपालका नरेनले सात ओभरमा तीन मेडन राखी चार रन दिएका थिए।

सिंगापुरको ब्याटिङमा रोशन रविचन्द्रनले सर्वाधिक २४ रन बनाएका थिए। प्रनव धनुकाले अविजित १४ रन र कविर बिर्लाले ११ रन जोडे। सिंगापुरका आठ खेलाडीले दोहोरो रन नै बनाएनन्।

सिंगापुरलाई ९७ रनले हराउँदै नेपालले उपाधिका लागि मलेसियासँग भेट पक्का गरेको छ

सुर्यान्शु र निरकुमारको बलियो साझेदारी

ओपनर सुर्यान्शु कोइराला र निरकुमार यादवले पहिलो विकेटका लागि ६३ रनको साझेदारी गरेपछि नेपालको सानदार सुरुवात भयो। टस जितेर ब्याटिङ रोजेको नेपालका दुवै ओपनरले ११.३ ओभरसम्म ब्याटिङ गरेका थिए। सूर्यान्शुले ४९ बलमा ४३ रन बनाए। उनले आफ्नो इनिङ्समा ६ चौका प्रहार गरेका थिए। निरकुमारले ४९ बलमा ४२ रन बटुल्न तीन चौका र एक छक्का प्रहार गरे। कप्तान अभिषेक तिवारीले २१ बलमा समान एक चौका र छक्का प्रहार गरी २५ रन बनाए। सन्तोष यादवले १८ रन, प्रतीक भट्टराईले १२ रन र दीपु कुमारले अविजित १२ रन जोडे। सिंगापुरका हरिहरनले ३ विकेट लिए। यसैगरी, हर्ष वेंकटरमन र कविर बिर्लाले समान दुई विकेट लिए।

मलेसियाको सहज जित

प्रतियोगिताको दोस्रो सेमिफाइनलमा मलेसियाले हङकङलाई हराउँदै नेपालसँगको फाइनल भेट पक्का गरेको हो। मलेसियाले प्रस्तुत गरेको एक सय ५६ रनको लक्ष्य पछ्याएको हङकङले १९.३ ओभरमा सबै विकेट गुमाउँदा मात्र ७७ रन बनाउन सक्यो। हङकङका ब्याट्सम्यानलाई धराशायी बनाउन मलेसियाका मोहम्मद अक्रमले सर्वाधिक चार विकेट लिए। ५.३ ओभर बलिङ गरेका अक्रमले एक मेडन राखी २४ रन खर्चिएका थिए। मोहम्मद र अरिअन आकिलले समान दुई विकेट लिए।

हङकङका ओपनर अर्या पाञ्चनी र आरिज डरले गतिलो योगदान दिए। यी दुई ब्याट्सम्यानबाहेक अन्य खेलाडीले दोहोरो रन बनाउन सकेनन्। आर्यले ३१ रन र आरिजले १७ रन जोडे। दुवैले पहिलो विकेटका लागि ३० रनको साझेदारी गरे। हङकङले बाँकी नौ विकेट ४७ रनभित्र गुमायो। यसअघि मलेसिया ३१ ओभरमा एक सय ५५ रनमा समेटियो।

खेल संक्षेप

पदक विजेता उज्ज्वल सम्मानित

काठमाडौं/ ब्राइट फ्युचर स्कुलले आइएसएफ वर्ल्ड स्कुल तेक्वान्दो च्याम्पियनसिप दोहोरो पदक विजेता उज्ज्वल वाग्लेलाई सम्मान गरेको छ। मेक्सिकोमा भएको प्रतियोगिताको अफिसियलतर्फ वाग्लेले स्वर्ण र खुलामा रजत जितेका थिए। १८ देखि २६ जुनसम्म भएको प्रतियोगितामा उज्ज्वलले यू-१८ उमेरसमूहको गेरोगीतर्फ पुरुष ७३ केजीमुनि प्रतिस्पर्धा गरेका थिए। राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव उपाध्यक्ष कोइरालाले ब्राइट फ्युचरले विभिन्न खेलमा प्रतिभावान् खेलाडी उत्पादनमा विशेष योगदान गरेको बताए।

सुटिङमा श्रेष्ठको निरन्तरता

काठमाडौं/ नेपाल सुटिङ संघको साधारणसभा तथा निर्वाचनले पुष्पदास श्रेष्ठलाई अध्यक्षमा निरन्तरता दिँदै १४ सदस्यीय केन्द्रीय कार्यसमिति निर्विरोध चयन गरेको छ। वरिष्ठ उपाध्यक्षमा जितबहादुर लामा चयन भएका छन्। उपाध्यक्षमा ध्रुवबहादुर रायमाझी, भगवती खत्री, नरेन्द्र थापा र निरन्जनकुमार रेग्मी रहे। महासचिवमा प्रदीप खाती, सचिवमा रूपक तामाङ र कोषाध्यक्षमा सतिश श्रेष्ठ निर्विरोध चुनिए। अञ्जु दवाडी, शशीकला मानन्धर, झुमा निरौला गौतम, निर्मला थापा र बदरुद्दिन अन्सारी सदस्यमा चयन भए।

सूर्योदय बास्केटबल आजदेखि

काठमाडौं/ सूर्योदय माविको आयोजनामा चौथो सूर्योदय एसइई खुला बास्केटबल प्रतियोगिता मंगलबारदेखि हुने भएको छ। प्रतियोगितामा पुरुषमा २४ तथा महिलामा १२ टोलीको सहभागिता रहने सूर्योदयका अतिरिक्त क्रियाकलाप संयोजक राजेन्द्र कपालीले जनाएका छन्। पुरुषतर्फ पहिलो हुनेले १५ हजार र दोस्रो हुनेले १० हजार रुपैयाँ प्राप्त गर्नेछन्। यसैगरी, महिलातर्फको विजेतालाई १० हजार तथा उपविजेतालाई पाँच हजार रुपैयाँ प्रदान गरिने कपालीले बताए।

हाप्किडोको राष्ट्रपति खेलकुद

काठमाडौं/ नेपाल हाप्किडो संघको आयोजना तथा राष्ट्रिय खेलकुद परिषद्को सहकार्यमा राष्ट्रपति खेलकुद, महिला सहभागिता अभिवृद्धि तथा आत्मरक्षा तालिम सञ्चालन हुने भएको छ। राष्ट्रपति खेलकुदअन्तर्गत आयोजना हुन लागेको यस तालिमका सहभागीहरूले महिला क्षमता अभिवृद्धि तथा आत्मरक्षासम्बन्धी कौशल सिक्ने संयोजक विजयाकुमारी वाइबाले जानकारी दिए। 'तालिममा हाप्किडोका अनुभवी महिला प्रशिक्षक सहभागी हुनेछन्। अनुभवी प्रशिक्षकहरूबाट सहभागी खेलाडीहरूले आत्मरक्षासम्बन्धी कौशल सिक्नेछन्,' वाइबाले भने।

नयाँ पत्रिका
हिसाब मिलान गर्न आउनेबारे
अत्यन्त जरूरी सूचना

नयाँ पत्रिका राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण विज्ञापन एजेन्सी, विज्ञापनदाता तथा वर्गीकृत विज्ञापन संकलन केन्द्र सबैमा आर्थिक वर्ष ०७९/८० सम्मको सम्पूर्ण बाँकी बक्यौता रकम असारको मसान्तभित्र भुक्तान गरी हरहिसाब मिलान गर्नुहुन अनुरोध गर्दछौं।

नयाँ प्रकाशन प्रा.लि.
स्टारमल, पुतलीसडक, काठमाडौं
रेमिन्यु विभाग
९८०८९८८२९७

नयाँ पत्रिका
अत्यन्त जरूरी सूचना

सरकारी, गैरसरकारी तथा प्राइभेट संघ, संस्थाहरूद्वारा कार्यालयका सूचना/विज्ञापन प्रकाशन गर्न बोलपत्र आह्वानमार्फत माग गरिने दररेट र छुट यस प्रकाशनले उपलब्ध गराउँदै आएको दररेट र छुटभन्दा फरक पाइएको हुँदा यस प्रकाशनमा आधिकारिक रूपमा दर्ता भएका तथा कारोबार अनुमतिपत्रका साथ उपस्थित हुने फर्मबाट मात्र कारोबार गर्नुहुन अनुरोध गर्दछौं।

यस प्रकाशनले उपलब्ध गराएको दररेट र छुटभन्दा फरक वा अन्यथा दररेट र छुट भएमा प्रकाशनलाई प्राप्त हुने सूचना/विज्ञापन प्रकाशन गर्न असमर्थ हुने जानकारी गराउँदछौं।

नयाँ प्रकाशन प्रा.लि.
स्टारमल, पुतलीसडक, काठमाडौं
मार्केटिङ विभाग
०१-४०१२५६६, ४०१२६६६

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com